निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २८९, वि.सं. २०८३, कार्तिक १२ गते, बिहीवार, २९ अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 29 OCTOBER, 2026, THURSDAY, GANGTOK

सिक्किम कला तथा साहित्य महोत्सवको दोस्रो संस्करण शुरु

अध्ययन र प्रश्न गर्ने समाज नै मजबुत हुँदछः मन्त्री बस्नेत

- ‘सिक्किममा कथाहरूको कमी छैन’
- मन्त्री बस्नेतले आगामी तीन दिनसम्म युवाहरूले विश्वभरिका वक्ताहरूलाई सुन्ने अवसर पाउने बताए
- ‘कुनै पनि सुपरकम्प्युटरले मानव मस्तिष्कलाई प्रतिस्थापन गर्न सक्दैन’
- ‘पुस्तकालय, साहित्यिक भेला र सांस्कृतिक स्थलहरू पनि कक्षाकोठा र प्रयोगशालाहरू जत्तिकै महत्त्वपूर्ण छन्’

● इजाबेला गुरुङ

गान्तोक, २८ सेप्टेम्बरः सिक्किम कला तथा साहित्य महोत्सव (एसएएलएफ) २०२६ को दोस्रो संस्करण बुधवार राज्यको राजधानीमा विभिन्न कार्यक्रमसहित शुरु भएको छ। मुख्यमन्त्री पीएस गोलेको पहलमा शुरु गरिएको यस महोत्सवलाई सिक्किम सरकारको विद्यार्थी कल्याण बोर्डले प्रस्तुत गरेको हो भने यसको व्यवस्थापन ‘टिमवर्क्स आर्ट्स’-ले गरेको छ-जसले विश्वप्रसिद्ध जयपुर साहित्य महोत्सवको पनि आयोजना गर्दै आएको छ।

तीन दिनसम्म चल्ने यो महोत्सव गान्तोकको रिज पार्कमा २८ देखि ३० अक्टोबरसम्म आयोजन भइरहेको छ। सिक्किमको साहित्यिक र कलात्मक पुनर्जागरणलाई मनाउँदै एसएएलएफले यस क्षेत्र र विश्वभरिका विविध आवाजहरूलाई गान्तोकमा एकै ठाउँमा ल्याएको छ। यसले जलवायु परिवर्तन, जैविक विविधता, संस्कृति, लोककथा, मानसिक स्वास्थ्य र समकालीन साहित्यजस्ता विषयहरूमा केन्द्रित रहेर स्थानीय सम्पदा र विश्वव्यापी विमर्श दुवैलाई उजागर गर्दछ।

शिक्षामन्त्री राजु बस्नेतले उद्घाटन गरेको यस महोत्सवमा लोकसभा सांसद इन्द्रहाङ सुब्बा, सोरेङ-च्याखुङका विधायक आदित्य गोले, विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनाम छोपेल, टिमवर्क्स आर्ट्सका प्रबन्ध निर्देशक सञ्जय के रोयका साथै अन्य विशिष्ट व्यक्ति, आमन्त्रित अतिथि, वक्ता, कलाकार र विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

शिक्षामन्त्री राजु बस्नेतले भने, ‘‘एसएएलएफ मुख्यमन्त्री पीएस गोलेको सपनाको परियोजना हो। उनले सन् २०१९ को ‘रिड एण्ड ग्रो’ कार्यक्रमदेखि लिएर योकसममा आयोजित एसएएलएफको पहिलो संस्करण हुँदै अहिले राज्यको राजधानीमा भइरहेको दोस्रो संस्करणसम्म यस महोत्सवलाई हुर्काएका छन्। दोस्रो संस्करण अझ भव्य बनेको छ र यस्तो विश्वस्तरीय महोत्सवमा मुख्यमन्त्रीको प्रतिनिधित्व गर्नु मेरा लागि एक अविश्वसनीय अवसर हो।’’

शिक्षामन्त्रीले सिक्किममा कथाहरूको कहिल्यै कमी नभएको बताए। उनले भने, ‘‘लामो समयसम्म यी कथाहरू हजुरआमाबाट नातिनातिनासम्म, गायकबाट श्रोतासम्म र एक गाउँबाट अर्को गाउँसम्म मौखिक रूपमा पुग्दै आएका थिए। आज, हामी यस परम्परालाई सम्मान गर्न र त्यसमा पुस्तक, संवाद, सङ्गीत तथा विचारहरू थप्न यहाँ भेला भएका छौँ, जुन समाजले पढ्छ, सुन्छ, प्रश्न गर्छ र कल्पना गर्छ, त्यही समाज बलियो भएर अघि बढ्छ।’’ बस्नेतले आगामी तीन दिनसम्म मानिसहरू विशेषगरी युवाहरूले विश्वभरिका वक्ताहरूलाई सुन्ने अवसर पाउने बताए। उनले विद्यार्थीहरूलाई एउटा नयाँ प्रश्न बोकेर घर फर्कन आग्रह गरे।

उनले भने, ‘‘यस महोत्सवमा जलवायु परिवर्तन, प्रकाशन कला, भूतका कथाहरू, च्याम्पियन बन्ने प्रक्रिया, नेपाली साहित्य र साहित्यिक कल्पनाशीलता लगायतका विभिन्न विषयहरूमा चर्चा हुनेछ। कार्यक्रममा कार्यशाला, भित्तेचित्र (म्युरल) निर्माण र कविता वाचन सत्रहरू पनि समावेश हुनेछन्।’’

बस्नेतले कृत्रिम बुद्धिमत्ता (एआई) माथि थप चर्चा गरे र कुनै पनि सुपरकम्प्युटरले मानव मस्तिष्कलाई प्रतिस्थापन गर्न नसक्ने बताए। उनले युवाहरूलाई आफ्नो कल्पनाशीलता अरूलाई सुम्पने काम नगर्न आग्रह गरे साथै उनले अभिभावक, शिक्षक र नेतृत्वकर्ताहरूलाई बालक-बालिकाहरूलाई यी उपकरण अनुशासन र इमानदारीका साथ प्रयोग गर्न सिकाउन तथा सर्टकट खोज्नुको सट्टा मानवीय सिर्जनशीलतालाई बढी महत्त्व दिन प्रेरित गर्न आह्वान गरे।

शिक्षामन्त्रीले भने, ‘‘सिक्किम सरकार शिक्षालाई यसको पूर्ण अर्थमा अघि बढाउन प्रतिबद्ध छः बलिया विद्यालय, सक्षम शिक्षक र यस्ता ठाउँहरू जहाँ युवा मस्तिष्कहरूले नयाँ कुराहरू अन्वेषण गर्न सकुन्। हामी विश्वास गर्छौं, पुस्तकालय, साहित्यिक भेला र सांस्कृतिक स्थलहरू पनि कक्षाकोठा र प्रयोगशाला जत्तिकै महत्त्वपूर्ण छन्। हामी पुस्तक, लेखक र विचारहरूलाई हाम्रा मानिसहरूसम्म पुऱ्याउने पहलहरूलाई निरन्तर सहयोग गर्नेछौँ।’’

आफ्नो स्वागत सम्बोधनमा विधायक आदित्य गोलेले भने, ‘‘यो भेला देख्दा म प्रफुल्लित भएको छु। अन्ततः ‘सिक्किम कला तथा साहित्य महोत्सव’ (एसएएलएफ) गान्तोकमा आइपुगेको छ। यहाँ म यस्ता लेखकहरू देख्छु, जसले आफ्नो जीवन शब्दहरूमा समर्पित गरेका छन्। म यस्ता कलाकार र सङ्गीतकारहरू देख्छु, जसले आफ्नो जीवन कलाका विभिन्न रूपमा अर्पण गरेका छन् र म सिक्किमका ती मानिसहरूलाई देख्छु, जसले यो महोत्सवलाई साकार पार्न आफ्नो समय, विश्वास, प्रेम र पसिना

➡रहल पृष्ठ ७ मा

नाथाङ उपत्यकामा पहिलो सिक्किम हिमालयन याक महोत्सव सम्पन्न

पाकिम, २८ अक्टोबर (आईपीआर)ः पशुपालन तथा पशु चिकित्सा सेवा विभागद्वारा अशोका ट्रस्ट फर रिसर्च इन इकोलोजी एण्ड द इन्भायरोन्मेन्ट (एटीआरईई), सिक्किम इन्स्पायर्स र जीबी पन्त नेशनल इन्स्टिट्युट अफ् हिमालयन इन्भायरोन्मेन्ट’ (एनआईएचई)-को सहकार्यमा बुधवार नाथाङ उपत्यकामा पहिलो सिक्किम हिमालयन याक महोत्सव आयोजन गरियो।

सिक्किम विधानसभाका अध्यक्ष एमएन शेर्पा कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित थिए। यस अवसरमा पशुपालन तथा पशु चिकित्सा सेवा र मत्स्यपालन विभागका मन्त्री तथा विधायक पुरण कुमार गुरुङ; वन तथा पर्यावरण, खानी तथा भूगर्भ र विज्ञान तथा प्रविधि विभागका मन्त्री तथा विधायक पिन्त्सो नामग्याल लेप्चा; मुद्रण तथा स्टेशनरी, समाज कल्याण, महिला, बालकबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागका मन्त्री तथा विधायक सामडुप लेप्चा; सड़क तथा पुल विभागका सल्लाहकार तथा विधायक इरुङ तेञ्जिङ लेप्चा; समाज कल्याण, महिला, बालकबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागकी सल्लाहकार तथा विधायक पामिन लेप्चा; कृषि, बागवानी, पशुपालन तथा पशु चिकित्सा सेवा र मत्स्य विकास विभागका सल्लाहकार तथा विधायक एनबी प्रधान र विधायक सोनाम छिरिङ भेञ्चुङ्पाको पनि उपस्थिति थियो।

यो महोत्सव याक संरक्षणलाई प्रवर्द्धन गर्ने, याक गोठालाहरूको अमूल्य योगदानलाई सम्मान गर्ने र उच्च हिमाली भेकका समुदायहरूमा दिगो जीविकोपार्जनका अवसरलाई मजबुत पार्ने दिशामा एउटा महत्त्वपूर्ण कदम हो। साथै, यसले याक पालनको दीर्घकालीन दिगोपन र हिमालय क्षेत्रको परम्परागत पशुपालन संस्कृतिको संरक्षणका लागि सहयोगात्मक प्रयासलाई प्रोत्साहन गर्ने मञ्च पनि प्रदान गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै सिक्किम विधानसभाका अध्यक्ष एमएन शेर्पाले हिमालय क्षेत्रमा याकको सांस्कृतिक तथा परम्परागत महत्त्वबारे प्रकाश पार्नुका साथै यसको घट्दो सङ्ख्याप्रति चिन्ता व्यक्त गरे। उनले याकलाई राज्यको सम्पदाको अभिन्न अङ्गका रूपमा मनाउनुपर्ने र प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड़ दिए। साथै, उनले पर्यटन प्रवर्द्धन गर्ने, स्थानीय व्यवसायहरूलाई सहयोग गर्ने तथा परम्परागत पोशाक र अन्य रैथाने वस्तुलगायत याकमा आधारित उत्पादहरूको उत्पादन र बजारीकरणलाई प्रोत्साहन गर्ने पहल अघि बढाउन सुझाउ दिए। त्यसपछि उनले याक र याक गोठाला दुवैको घट्दो सङ्ख्याबारे चिन्ता व्यक्त गर्दै, याक पालन, जीविकोपार्जन र संरक्षणबीच दिगो सन्तुलन कायम राख्न यी चुनौतीहरूलाई सामूहिक रूपमा सम्बोधन गर्नु आवश्यक रहेकोमा जोड़ दिए। साथै, उनले यस रैथाने जनावरको संरक्षण गर्न र परम्परागत याक पालन अभ्यासलाई निरन्तरता दिन सामूहिक प्रयास गर्न प्रोत्साहित गरे।

यसैगरी, पशुपालन तथा मत्स्यपालन विभागका मन्त्री एवं विधायक पुरण कुमार गुरुङले महोत्सव सफलतापूर्वक सम्पन्न भएकोमा आयोजक तथा सहभागीहरूलाई बधाई दिए। उनले याक संरक्षणलाई प्रवर्द्धन गर्न विभागले अपनाएका विभिन्न पहलहरू-जस्तै उपयुक्त प्रविधि र सही अभ्यासहरूको प्रयोग-बारे प्रकाश पारे। साथै, उनले राज्यमा याक संरक्षणका प्रयासहरूलाई मजबुत पार्न र याक पालन

➡रहल पृष्ठ ७ मा

सिक्किम कला, संस्कृति तथा धरोहर विकास बोर्डको बैठक सम्पन्न

गान्तोक, २८ अक्टोबर (हिस)ः सिक्किम सरकारअन्तर्गत सिक्किम कला, संस्कृति तथा धरोहर विकास बोर्डको बैठक बुधवार बोर्ड अध्यक्षको कार्यालयमा सम्पन्न भयो। बोर्डका अध्यक्ष सञ्जय राई (दिलपाली)-को अध्यक्षतामा बसेको बैठकमा सदस्य सचिव एलएन शर्मा तथा बोर्ड सदस्यहरू थुप्देन रिन्जिङ भोटिया र नियारा सुब्बाको उपस्थिति रहेको थियो। बैठकमा राज्यको कला, संस्कृति तथा धरोहरको प्रवर्द्धन, संरक्षण र विकासका विषयमा विस्तृत चर्चा गरियो। यस अवसरमा बोर्डद्वारा सञ्चालित विभिन्न पहल, भइरहेका गतिविधि तथा आगामी प्रस्तावित कार्यक्रमहरूबारे विचारविमर्श

➡रहल पृष्ठ ७ मा

वरिष्ठ पत्रकार विजय बान्तवाको निधन

बान्तवाको निधनमा मुख्यमन्त्रीद्वारा दुःख प्रकट

गान्तोक, २८ अक्टोबर (हिस)ः मुख्यमन्त्री पीए गोलेले वरिष्ठ पत्रकार, लेखक तथा कवि विजय बान्तवाको निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन्।

मुख्यमन्त्री गोलेले आज सामाजिक सञ्जालमार्फत शोक व्यक्त गर्दै बान्तवाले धेरै दशकसम्म सिक्किमको सञ्चार तथा साहित्यिक क्षेत्रमा पुऱ्याएको अमूल्य योगदान सधैँ स्मरणीय रहने बताएका छन्। उनले दिवङ्गत बान्तवाको शोकसन्तप्त परिवार, आफन्त, मित्रजन तथा सम्पूर्ण सञ्चारकर्मी समुदायप्रति हार्दिक समवेदना प्रकट गरेका छन्। साथै, उनले दिवङ्गत आत्माको चिरशान्तिको कामना गरेका छन्।

गान्तोक, २८ अक्टोबरः सिक्किमका वरिष्ठ पत्रकार तथा साहित्यकार विजय बान्तवाको बुधवार बिहान निधन भएको छ। १९८५ देखि सिक्किमेली पत्रकारितामा सक्रिय बान्तवाको जन्म दार्जीलिङ जिल्लाको सेलेम्बुङ चियाबारीमा भएको थियो। क्यान्सर रोगसँग जुझ्दाजुझ्दै ७१ वर्षको उमेरमा उनको स्वर्गारोहण भयो।

स्व. बान्तवाले १९७४ मै ‘अवकाश’ नामक साहित्यिक पत्रिकाको सम्पादन गरिसकेका थिए। साहित्यिक अनुभवले उनलाई पत्रकारितामा सहयोग पुऱ्याएको थियो। त्यसैले फरवरी १९८५ देखि ‘हिमगिरि’ साप्ताहिक नेपाली पत्रिका आफ्नै सम्पादनमा प्रकाशित गर्न थाले। स्थानीय पत्रकारितामा सीमित नरहेर बान्तवा राष्ट्रिय स्तरका पत्रकार सङ्गठनसँग पनि जोड़िएका थिए। ‘इण्डियन फेडरेशन अफ् स्मल एण्ड मिडियम न्यूजपेपर्स’-सँग जोड़िँदै उनले १९८५-८७ को आसपास सिक्किम युनिटको नेतृत्व गरेका थिए। यसै क्रममा उनको सम्बन्ध भारतका विभिन्न केन्द्रिय संस्थासँग पनि स्थापित भयो। उनी सेन्ट्रल प्रेस एक्रेडिटेशन कमिटी, पीआईबीसँग पनि जोड़िए। उनका अनुसार भारतबाट नेपाली भाषाको प्रतिनिधित्व गर्दै उक्त समितिमा छनोट हुने पहिलो नेपाली पत्रकारको अवसर आफूले पाएका थिए। स्मरणीय छ, लेटरप्रेसदेखि डिजिटल युगसम्म आफूलाई पत्रकारितामा सक्रिय राखेका बान्तवा प्रेस क्लब सिक्किमका संस्थापक महासचिव पनि थिए। उनले ‘स्नो लायन’ अङ्ग्रेजी म्यागजिनको पनि सम्पादन-प्रकाशन शुरु गरेका थिए भने उनका दुईवटा कृति ‘पत्रकारिताका पक्षहरू’ र ‘पत्रकारिता’ पनि प्रकाशित छन्।

२० अप्रेल, १९५६ मा पिता स्व. रतनलाल बान्तवा र माता धनमाया बान्तवाको कोखबाट जन्मिएका उनको बाल्यकाल सेलेम्बुङमै बितेको थियो। स्थानीय प्राथमिक पाठशालाबाट पाँच

➡रहल पृष्ठ ७ मा

४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपलाई लिएर समन्वय बैठक सम्पन्न

गान्तोक, २८ अक्टोबरः सिक्किममा आगामी १४ देखि २१ नोभेम्बरसम्म आयोजन हुने ४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपको तयारीबारे समीक्षा गर्न बुधवार मुख्य सचिवको अध्यक्षतामा एक समन्वय बैठक सम्पन्न भएको छ।

आठदिने उक्त प्रतिष्ठित राष्ट्रिय स्तरको खेलकुद प्रतियोगितामा ३२ राज्य तथा केन्द्र शासित प्रदेशबाट ५०० भन्दा बढ़ी खेलाड़ी र ५० भन्दा बढ़ी प्राविधिक पदाधिकारीहरूको सहभागिता रहने अपेक्षा गरिएको छ। यस च्याम्पियनशिपको महत्त्वलाई ध्यानमा राख्दै सिक्किम सरकारले यसलाई राज्यस्तरीय कार्यक्रमको रूपमा घोषणा गरेको छ।

बैठकमा ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका अध्यक्ष जेकब खालिङ, वरिष्ठ उपाध्यक्ष छिरिङ पाल्देन, खेलकुद तथा युवा मामिला विभागकी सचिव, विभिन्न विभागका प्रमुख, सम्बन्धित विभागका वरिष्ठ अधिकारीगण र ब्याडमिन्टन एसोसिएशनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

बैठकको क्रममा ब्याडमिन्टन एसोसिएशन अफ् सिक्किमका अध्यक्षले हालसम्म भएका तयारीहरूको विवरण प्रस्तुत गर्नुका साथै च्याम्पियनशिपको सफल सञ्चालनका लागि आवश्यक बाँकी कार्यहरूबारे जानकारी गराए। चर्चा मुख्यतया तयारीको अन्तिम चरणमा

➡रहल पृष्ठ ७ मा

लोकभवनका आयुक्तद्वारा राज्यपाल गौतमसँग नयाँ दिल्लीमा शिष्टाचार भेट

गान्तोक, २८ अक्टोबरः नयाँ दिल्लीस्थित सिक्किम हाउसमा राज्यपाल दुष्यन्त गौतमले लोकभवनका आयुक्त तथा सचिव जितेन्द्र सिंह राजेले शिष्टाचार भेट गरे र राज्यको वर्तमान स्थिति र प्राथमिकताको विस्तृत जानकारी दिए।

भेटको क्रममा सचिवले राज्यपाललाई विशेष रूपमा राज्यमा जारी प्रमुख बुनियादी ढाँचा विकास परियोजना, विभिन्न समुदाय तथा सम्पर्कता (सड़क, वायु र रेल नेटवर्क)-को वर्तमान स्थितिबारे विस्तारले अवगत गराए। यसका साथै राज्यको लोक-कल्याणकारी योजना र ‘हरित सिक्किम’-अन्तर्गत जैविक खेती र पर्यावरण संरक्षणको अद्यतन स्थितिको जानकारी दिए।

यस अतिरिक्त उनले राज्यमा शिक्षा तथा स्वास्थ्य सुविधाको विस्तार, पर्यटनलाई बढ़ावा दिने प्रयास तथा भावी प्राथमिकता र योजनाको जानकारी दिए। यसबाहेक लोकभवनको प्रशासनिक सञ्चालन र आगामी आधिकारिक कार्यक्रमको रूपरेखा प्रस्तुत गर्दै राज्यपालले मार्गदर्शन प्राप्त गरे।

दर्शकलाई मनोरञ्जन दिन नेपथ्य तयार

सिक्किम प्रमुख साङ्गीतिक गन्तव्य बन्ने दिशामा

गान्तोक, २८ अक्टोबरः दशकौँदेखि हिमाली शहर गान्तोकस्थित पाल्जर स्टेडियम फुटबलसँग पर्यायवाचीका रूपमा रहँदै आएको छ। आगामी शनिवार यो स्टेडियमले एउटा फरक भूमिका निर्वाह गर्नेछः यहाँ एक भव्य कन्सर्ट आयोजन हुँदैछ, जसले ठूला स्तरका प्रत्यक्ष मनोरञ्जनका लागि सिक्किम एक उपयुक्त गन्तव्य बन्न सक्छ भन्ने कुरा प्रमाणित गर्ने आयोजकहरूको विश्वास छ।

३१ अक्टोबरमा नेपालको सर्वाधिक चर्चित लोक-रक ब्याण्डमध्ये एक नेपथ्य-ले पहिलोपटक गान्तोकमा आफ्नो प्रस्तुति दिनेछ। नेपथ्य लाइभ इन सिक्किम - लेट्स गेट लाउडः सेलिब्रेट सिक्किम नाम दिइएको यो कन्सर्टलाई एक साङ्गीतिक कार्यक्रमभन्दा माथि उठेर हेरिएको छ। यो सांस्कृतिक पहिचान, पर्यटन र आर्थिक अवसरहरूलाई एकै ठाउँमा ल्याउने एउटा महत्वाकाङ्क्षी प्रयास हो, जसले राज्यका लागि नयाँ मापदण्ड खड़ा गर्न सक्ने आयोजकहरूको विश्वास छ।

पाल्जर स्टेडियममा तयारी तीव्र पारिएको छ। कार्यक्रम आयोजक ‘पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क’-ले १०,००० भन्दा बढ़ी दर्शक आउने लक्ष्य राखेको छ। आयोजकहरू स्टेडियम दर्शकले भरिने कुरामा आशावादी छन्, यद्यपि अन्तिम उपस्थिति टिकट बिक्री र मानिसहरूको सहभागितामा निर्भर हुनेछ। उनीहरूको प्रारम्भिक अनुमानअनुसार छिमेकी देशहरूसहित भारतका विभिन्न राज्य र अन्तरराष्ट्रिय क्षेत्रहरूबाट करिब ४,००० अतिथि सिक्किम आउन सक्ने सम्भावना छ।

यदि यस्तो भएमा, यसले स्थानीय ➡रहल पृष्ठ ७ मा

थेनी जेलबाट १७ कैदी फरार भएपछि तमिलनाडुका जेलहरूमा सुरक्षा कड़ा

चेन्नई, २८ अक्टोबर (हिस)ः तमिलनाडुको थेनी उप-जेलबाट १७ कैदी फरार भएको घटनापछि राज्य सरकारले जेलहरूको सुरक्षा व्यवस्था कड़ा बनाएको छ। जेल विभागले नौ वटा केन्द्रिय जेल, महिलाका लागि पाँच वटा विशेष जेल र १३ वटा जिल्ला जेलका निगरानी टावरमा चौबीसै घण्टा सेल्फ-लोडिङ राइफल (एसएलआर) ले सुसज्जित सुरक्षाकर्मी तैनाथ गर्न थालेको छ। साथै, जेल कर्मीहरूको बिदा रद्द गर्दै उनीहरूलाई तत्काल ड्युटीमा फर्कन निर्देश दिइएको छ। पुलिस विभाग अनुसार, जेलको बाहिरी परिधिमा रहेका निगरानी टावरमा तैनाथ तमिलनाडु विशेष पुलिस बलका जवान र जेल कर्मीहरूलाई एसएलआर राइफल उपलब्ध गराइएको छ।

जेल विभागका एक वरिष्ठ अधिकारीले प्रत्येक केन्द्रिय तथा जिल्ला जेलमा पाँचदेखि छह वटासम्म निगरानी टावर रहेको बताए। कैदीहरूलाई फरार हुने कुनै पनि प्रयासबाट रोक्न यी टावरमा चौबीसै घण्टा हतियारधारी जवान तैनाथ रहनेछन्। अधिकारीहरू अनुसार, फरार हुने प्रयास गर्ने कैदीमाथि गोली चलाउन पनि सुरक्षाकर्मीहरूलाई निर्देश दिइएको छ। मङ्गलवार विभागको हतियार भण्डारबाट हतियार उपलब्ध गराइएको थियो। सोही दिन केन्द्रिय जेलका निगरानी टावरमा सशस्त्र जवान तैनाथ गर्न थालिएको थियो भने बुधवारदेखि जिल्ला जेलहरूमा पनि यो व्यवस्था लागू गरिएको छ। यस बाहेक, जेल कर्मीहरूलाई ड्युटीका क्रममा लाठी साथमा राख्न निर्देश दिइएको छ।जेल तथा सुधार सेवा महानिदेशक सन्दीप राय राठौरले कैदीहरू फरार हुने घटनाहरू रोक्न कड़ा निर्देश जारी गरेका छन्।

नवनिर्वाचित भाजपाका विधायकहरूले विधानसभामा शपथ लिए

कोलकाता, २८ अक्टोबर (हिस)ः पश्चिम बङ्गाल विधानसभामा बुधवार उपचुनााउ जितेर आएका भारतीय जनता पार्टी (भजपा) का दुई नवनिर्वाचित विधायकहरूको शपथ ग्रहण समारोह सम्पन्न भयो। विधानसभा अध्यक्ष रथिन्द्र बोसले रेजिनगर विधानसभा उपचुनाउ जिते का भाजपा विधायक साखारव सरकार र नन्दीग्रामबाट नवनिर्वाचित भाजपा विधायक हासिरानी रथलाई पद एवं गोपनीयताको शपथ दिलाए।

यस अवसरमा राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारी विशेष रूपमा उपस्थित थिए। मुख्यमन्त्रीले दुवै नयाँ विधायकहरूलाई अङ्गवस्त्र लगाएर न्यानो स्वागत गरे। शपथ ग्रहण समारोह अवधि सदनको वातावरण पूर्ण रूपमा परिवर्तन भयो जतिबेला भाजपाका विधायकहरूले 'जय श्री राम' र 'भारत माता की जय' को गगनभेदी नारा लगाए जुन सदनभरि प्रतिध्वनित भयो।

यस समारोहमा सबैभन्दा अधिक चर्चाको विषय रेजिनगरबाट यस वर्ष २०२६ को विधानसभा चुनाउ जित्ने नेता हुमायुँ कबीरको अनुपस्थिति रह्यो। यस अवधि हुमायुँ कबीर सदनमा अनुपस्थित थिए।

उल्लेखनीय छ, रेजिनगर उपचुनाउमा उनको पार्टीको पराजयपछि कबीरले घोषणा गरेका थिए कि शुभेन्दु अधिकारी राज्यको मुख्यमन्त्री नभएसम्म विधानसभाको सिट नम्बर ८८ जहाँ उनी बस्छन्, सदैव खाली रहनेछ र उनले विधानसभा कार्यवाहीमा भाग लिने छैनन्। वास्तवमा यी दुई विधानसभा सिटमा भएको हालैको उपचुनाउमा, भाजपाले परिणाममा ठूलो जित दर्ता गऱ्यो। रेजिनगर जस्तो मुस्लिम बाहुल्य सिटमा भाजपाले ऐतिहासिक जित दर्ता गरेको छ। भाजपाका उम्मेदवार साखारोव सरकारले आफ्ना निकटतम प्रतिद्वन्द्वी लाई ठूलो अन्तरले पराजित गरे।

चक्रवात 'अर्नब'को प्रभाव

आन्ध्र प्रदेशमा कम्तीमा ८९ हजार मानिस सुरक्षित स्थानमा सारिए

हैदराबाद, २८ अक्टोबरः आन्ध्र प्रदेशको तटीय क्षेत्रमा चक्रवात 'अर्नब' ले प्रहार गरेपछि कम्तीमा ८९ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। बुधबार बिहान तट पार गरेको यस चक्रवातले तीव्र हावाहुरी र भारी वर्षा गराउँदा तटीय क्षेत्रको जनजीवन प्रभावित भएको छ।

आन्ध्र प्रदेशका उत्तरी जिल्लाहरूमा अत्यधिक भारी वर्षा भइरहेको छ। विशाखापत्तनममा जलजमाव, रूख ढल्नुका साथै विद्युत् आपूर्ति अवरुद्ध भएको खबर प्राप्त भएको छ। विद्यालयहरू बन्द गरिएका छन् भने धेरै रेलसेवा र हवाई उडान रद्द गरिएका छन्। इन्डिगो र एयर इन्डियाले विजयवाडा तथा विशाखापत्तनमका उड़ान प्रभावित हुन सक्ने चेताउनी दिएका छन्। मुख्यमन्त्री एन.चन्द्रबाबु नायडुका अनुसार, राज्यमा हजारौँ मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। हालसम्म ८४ हजारभन्दा बढ़ी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। माछा मार्नेहरूलाई समुद्रमा नजान आग्रह गरिएको छ।

नायडूले राज्यमा दुई हजार १९९ वटा चक्रवाती तूफान आश्रयस्थल पहिचान गरिएको र मानिसहरूलाई सुरक्षित स्थानमा सार्ने योजना तयार पारिएको बताएका छन्। दुई हजार ३६० जना गर्भवती महिलालाई स्वास्थ्य संस्थानमा स्थानान्तरण गरिसकिएको छ। उनले उद्धार तथा राहत कार्यका लागि राष्ट्रिय आपदा प्रतिकार्य बल (एनडीआरएफ) का १२ वटा र राज्य आपदा प्रतिकार्य बल (एसडीआरएफ) का १० वटा टोली परिचालन गरिएको जानकारी दिए। भारतीय मौसम विज्ञान विभागले आन्ध्र प्रदेश र ओडिशाका तटीय क्षेत्रमा भारीदेखि अत्यधिक भारी वर्षा हुने चेताउनी जारी गरेको छ। तूफान तटीय क्षेत्रमा प्रवेश गरिसकेपछि पनि केही समयसम्म वर्षा र तीव्र हावा जारी रहन सक्ने बताइएको छ। प्रशासनले सर्वसाधारणलाई सतर्क रहन र आधिकारिक सूचनाको पालना गर्न आग्रह गरेको छ। ओडिशाका १६ जिल्लामा पनि विद्यालयहरू बन्द गरिएका छन् भने मानिसहरूलाई सुरक्षित स्थानमा सार्ने अभियान सञ्चालन भइरहेको छ। मौसम विज्ञान विभागले आन्ध्र प्रदेश, ओडिशा, तेलङ्गाना र छत्तीसगढमा भारीदेखि अत्यधिक भारी वर्षा हुने चेताउनी जारी गरेको छ। राज्यको विपद् व्यवस्थापन प्राधिकरणका प्रमुख प्रखर जैनका अनुसार तटमा प्रवेश गर्नुअघि चक्रवात केही कमजोर भए पनि हावाको अधिकतम गति प्रतिघण्टा १८५ किलोमिटरसम्म पुगेको थियो। चक्रवात भित्री भागतर्फ अघि बढ्दै जाँदा थप कमजोर हुने र हावाको गति भोलिपल्टसम्म प्रतिघण्टा ११० किलोमिटरमा झर्ने अनुमान गरिएको छ। हालसम्म मानवीय क्षति भएको कुनै विवरण प्राप्त भएको छैन। भारतीय मौसम विभागका अनुसार आन्ध्र प्रदेश र छिमेकी ओडिसाका केही भागमा आगामी केही घण्टासम्म भारी वर्षा र तीव्र हावा चल्ने सम्भावना छ। जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले मङ्गलबारदेखि नै तटीय जिल्लाहरूमा उच्च सतर्कता अपनाएका थिए। चक्रवातको सम्भावित मार्गमा पर्ने २० जिल्लामा दुई हजारभन्दा बढी आश्रयस्थल स्थापना गरिएका छन् भने जोखिममा रहेका बासिन्दालाई चेतावनी सन्देश पठाइएको छ। साथै ३० हजारभन्दा बढी माछा मार्ने डुङ्गाहरू सुरक्षित राखिएका छन् र आपत्कालीन सहायताका लागि करिब एक हजार १०० स्वास्थ्य टोली परिचालन गरिएका छन्। छिमेकी राज्य ओडिसामा पनि प्रभावित क्षेत्रका करिब ४८ हजार मानिसलाई सुरक्षित स्थानमा सार्ने योजना बनाइएको छ।



१५० किमि प्रतिघण्टाको हावाहुरी

आन्ध्र प्रदेशको अमरावती मौसम विभागकी निर्देशक डा. के. नागरत्नाका अनुसार चक्रवात मंगलबार राति बापट्ला र यानमबीचको तटीय क्षेत्रमा प्रवेश गरेको थियो। बुधवार बिहान तटीय क्षेत्रमा प्रतिघण्टा १२५ देखि १३५ किलोमिटरको गतिमा हावा चलिरहेको र आगामी तीन घण्टामा हावाको झोक्का प्रतिघण्टा १५० किलोमिटरसम्म पुग्न सक्ने उनले बताइन्। चक्रवातको गति सुस्त भएकाले यसको प्रभाव तटीय क्षेत्रमा लामो समयसम्म रहन सक्ने मौसम विभागको अनुमान छ। काकिनाडा र यानमको तटीय क्षेत्रमा समुद्र अत्यधिक अशान्त बनेको छ। सामान्य अवस्थाभन्दा २.५ मिटरसम्म अग्ला छाल उठिरहेको विभागले जनाएको छ। समुद्रमा पानीको सतह बढेर काकिनाडा र यानमका होचा भूभागमा पस्न सक्ने जोखिम रहेकाले स्थानीय बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ।

३ जनाको मृत्यु, ७ सयभन्दा बढी गाउँ प्रभावित

शक्तिशाली चक्रवात अर्नबको वितण्डाका कारण भारतको आन्ध्र प्रदेशमा तीन जनाको मृत्यु भएको छ भने ३१ वटा घरमा क्षति पुगेको छ। राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) का वरिष्ठ अधिकारीका अनुसार तटीय राज्य आन्ध्र प्रदेशका ७१४ वटा गाउँ यस आँधीबाट प्रभावित भएका छन्। अत्यधिक प्रभावित हुने अनुमान गरिएका आन्ध्र प्रदेश र ओडिसाका साथै छत्तीसगढ, झारखण्ड, पुडुचेरी, तेलङ्गाना र अन्डामान तथा निकोबार द्वीपसमूहमा पनि एनडीआरएफ टोली परिचालन गरिएको छ।

एनडीआरएफका महानिरीक्षक (आईजी) नरेन्द्र सिंह बुन्देलाले पत्रकार सम्मेलनमा यी सबै क्षेत्रमा गरी कुल ३९ वटा टोली खटाइएको जानकारी दिएका छन् । उनका अनुसार गएराति थप चार वटा टोली आन्ध्र प्रदेश पठाइएको छ।

चेन्नई विमानस्थलमा बुधवार १२ उड़ान रद्द

बङ्गालको खाड़ीमा उत्पन्न 'अरनब' चक्रवाती तूफानको प्रभाव हवाई यातायातमा पनि देखिन थालेको छ। तूफान र मौसममा सम्भावित परिवर्तनलाई ध्यानमा राख्दै चेन्नई विमानस्थलमा आज आउने र जाने गरी कुल १२ वटा उड़िन रद्द गरिएका छन्। चेन्नई विमानस्थलका वरिष्ठ अधिकारीहरूले विज्ञप्ति जारी गरी यसबारे जानकारी दिएका छन्।

प्राप्त जानकारी अनुसार, बङ्गालको खाड़ीमा बनेको 'अरनब' तूफान आज बिहान आन्ध्र प्रदेशको तटीय क्षेत्रमा पुग्यो। तूफानको मुख्य भाग बिहान सबेरै तटमा पुगेको थियो भने यसको पछिल्लो भाग आगामी तीन घण्टाभित्र तटमा ठोक्कियो। यसअघि तूफान आन्ध्र प्रदेशको तट नजिकै बङ्गालको खाड़ीको मध्य-पश्चिमी भागमा केन्द्रित थियो र छह घण्टामा १८ किलोमिटर प्रतिघण्टाको गतिले पश्चिम-उत्तर पश्चिम दिशातर्फ अघि बढ़ेको थियो। यस क्रममा १३५ किलोमिटर प्रतिघण्टाको गतिले हावा चल्ने चेतावनी समेत जारी गरियो।

तूफानको प्रभाव र खराब मौसमको सम्भावनालाई ध्यानमा राख्दै चेन्नईबाट आन्ध्र प्रदेश जाने तथा त्यहाँबाट चेन्नई आउने केही उड़ानहरू यसअघि नै रद्द गरिएका थिए। बुधवार कुल १२ वटा उड़ान रद्द गर्ने निर्णय गरिएको छ। यसमा चेन्नईबाट विशाखापट्टनम, विजयवाड़ा र राजमुन्द्री जाने इन्डिगो एयरलाइन्सका छः वटा उड़ान समावेश छन्। यसका अतिरिक्त, यी तीनवटै शहरबाट चेन्नई आउने छह वटा उड़ान पनि रद्द गरिएका छन्। चेन्नईबाट आज रद्द गरिएका उड़ानहरूमा बिहान ५:२५ बजी विशाखापट्टनम जाने, बिहान ७ बजी विजयवाड़ा जाने र बिहान १०:३० बजे विशाखापट्टनम जाने इन्डिगोका उड़ानहरू समावेश छन्। यसका साथै दिउँसो २:३५ बजी राजमुन्द्री, दिउँसो २:४५ बजी विजयवाड़ा र साँझ ४ बजी विशाखापट्टनम जाने उड़ानहरू पनि रद्द गरिएका छन्। त्यसैगरी, विशाखापट्टनम, विजयवाड़ा र राजमुन्द्रीबाट चेन्नई आउने इन्डिगोका छह वटा उड़ान पनि रद्द गरिएका छन्। एकै दिनमा १२ वटा उड़ान रद्द हुँदा यात्रुहरूले निकै सास्ती भोग्नुपरेको छ। कुनै पनि असुविधाबाट बच्न यात्रुहरूलाई विमानस्थलका लागि घरबाट निस्कनुअघि इन्डिगो एयरलाइन्स वा चेन्नई विमानस्थलका आधिकारिक माध्यमबाट आफ्नो उड़िनको अवस्थाबारे जानकारी लिन सल्लाह दिइएको छ।

FUNERAL

Mrs. Rudra Bhutia
(former Deputy Registrar, High Court of Sikkim)
wife of Lt. Raphael Bhutia.

Date of Demise
24-10-2026 (Saturday evening)

Aged
75 years

Address
Puma Showroom Building, beside Raymond Showroom, near Shiv Mandir, Pani House, Gangtok, Sikkim.

Date and Time of Funeral
30-10-2026 (Friday); 8:30 am.

Survived by:

Dhanu Dewan (Sister)
Sudha Dewan (Sister)
Dichen Doma Bhutia (Daughter)
Lakhi Doma Bhutia (Daughter)
Gyatso Bhutia (Son-in-law)
Basant Pradhan (Son-in-law)
Anjali Pradhan (Granddaughter)
Hissey Doma Bhutia (Granddaughter)
Arpan Pradhan (Grandson)
Sonam Uden Bhutia (Granddaughter)

तवाङमा आजदेखि १४औँ अन्तरराष्ट्रिय पर्यटन मार्ट
२२ देशका ४३ खरिदकर्ता सहभागी हुने

नयाँ दिल्ली, २८ अक्टोबर (हिस)ः अरुणाचल प्रदेशको तवाङमा २९ देखि ३१ अक्टोबरसम्म १४औँ अन्तरराष्ट्रिय पर्यटन मार्ट आयोजना गरिने भएको छ। केन्द्रिय पर्यटन मन्त्रालयद्वारा आयोजित यस तीनदिने कार्यक्रममा पूर्वोत्तर क्षेत्रको पर्यटन सम्भावनालाई प्रदर्शित गरिनेछ। यसमा घरेलु तथा अन्तरराष्ट्रिय खरिदकर्ता र विक्रेता सहित २०० भन्दा बढ़ी सहभागी हुने अपेक्षा गरिएको छ। अन्तरराष्ट्रिय खरिदकर्ताहरूले २२ देशको प्रतिनिधित्व गर्नेछन्। पर्यटन मन्त्रालयले अरुणाचल प्रदेश सरकार तथा पूर्वोत्तरका अन्य राज्यहरूको सहयोगमा यस कार्यक्रमको आयोजना गरिरहेको छ। २९ अक्टोबरमा हुने उद्घाटन समारोहमा केन्द्रिय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावत, पर्यटन तथा पेट्रोलियम एवं प्राकृतिक ग्यास राज्यमन्त्री सुरेश गोपी र अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डु सहभागी हुनेछन्। यस अवसरमा नर्थ इस्ट बजारको उद्घाटनका साथै सांस्कृतिक कार्यक्रमहरू पनि आयोजना गरिनेछन्। मन्त्रालय अनुसार, मार्टमा अस्ट्रेलिया, भोटान, फ्रान्स, जर्मनी, इन्डोनेसिया, इटाली, जापान, मलेसिया, फिलिपिन्स, पोल्यान्ड, रुस, सिंगापुर, दक्षिण कोरिया, श्रीलङ्का, थाइल्यान्ड, संयुक्त अरब इमिरेट्स, बेलायत र अमेरिका सहित २२ देशका ४३ अन्तरराष्ट्रिय खरिदकर्ता सहभागी हुने अपेक्षा गरिएको छ। यस बाहेक पूर्वोत्तरका आठ राज्यका घरेलु खरिदकर्ता, पर्यटन सेवा प्रदायक तथा विक्रेताहरू पनि सहभागी हुनेछन्।

कार्यक्रममा अरुणाचल प्रदेश, असम, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, सिक्किम र त्रिपुराका पर्यटन गन्तव्य तथा उत्पादनहरू प्रदर्शन गरिनेछन्। यसमा यी राज्यका प्रमुख आकर्षण, पर्यटन अनुभव तथा संयुक्त पर्यटन सर्किटबारे जानकारी दिइनेछ। ३० अक्टोबरमा घरेलु तथा अन्तरराष्ट्रिय खरिदकर्ता र पूर्वोत्तरका पर्यटन सेवा प्रदायकहरूबीच व्यापार सम्बन्धी बैठकहरू आयोजना गरिनेछन्। यी बैठकहरूको उद्देश्य पर्यटन व्यवसायमा सहकार्य बढ़ाउनु, नयाँ पर्यटन उत्पादनहरू विकास गर्नु तथा क्षेत्रका उद्यमीहरूलाई बजारसम्म पहुँच उपलब्ध गराउनु हो। मार्टमा पूर्वोत्तर क्षेत्रमा प्रत्यक्ष कार्यक्रम तथा सङ्गीत समारोहसँग सम्बन्धित

अर्थव्यवस्था र संरक्षित तथा प्रतिबन्धित क्षेत्रमा पर्यटकको पहुँच जस्ता विषयमा प्राविधिक सत्रहरू पनि सञ्चालन गरिनेछन्। सूचना तथा प्रसारण मन्त्रालयले प्रत्यक्ष कार्यक्रम र सङ्गीत समारोहसँग सम्बन्धित सत्रको नेतृत्व गर्नेछ भने गृह मन्त्रालयले संरक्षित तथा प्रतिबन्धित क्षेत्रमा पर्यटकको पहुँचसम्बन्धी सत्रको नेतृत्व गर्नेछ। रोयल इनफिल्डका तर्फबाट पूर्वोत्तर क्षेत्रमा अनुभवमा आधारित पर्यटनबारे प्रस्तुति पनि दिइनेछ। कार्यक्रम अन्तर्गत आयोजना गरिने नर्थ इस्ट बजारमा क्षेत्रको परम्परागत कला, हस्तकला, कपड़ा तथा सांस्कृतिक सम्पदा प्रदर्शन गरिनेछ। प्रतिनिधिहरूलाई आठवटै राज्यका परम्परागत परिकार तथा सांस्कृतिक कार्यक्रमहरूसँग पनि परिचित गराइनेछ। सहभागीहरूका लागि तवाङ र वरपरका प्रमुख पर्यटकीय स्थलहरूको भ्रमणको व्यवस्था गरिएको छ। यसमा तवाङ गुम्बा, जसवन्त गढ़ युद्ध स्मारक, जङ झरना, तवाङ युद्ध स्मारक, छैटौँ दलाई लामाको जन्मस्थल उर्ग्येलिङ गोम्पा, बुद्ध पार्क, पाङकाङ तेङ त्सो ताल र शेरनुप गाउँ समावेश छन्। अन्तरराष्ट्रिय प्रतिनिधिहरूका लागि परिचयात्मक पर्यटन भ्रमण १ नोभेम्बरदेखि गुवाहाटीबाट शुरु हुनेछ। मार्टसँगै ३० अक्टोबरमा पूर्वोत्तर राज्यका पर्यटन मन्त्रीहरूको क्षेत्रीय बैठक पनि आयोजना गरिनेछ। यसको अध्यक्षता केन्द्रिय पर्यटन तथा संस्कृति मन्त्रीले गर्नेछन्। बैठकमा पूर्वोत्तर क्षेत्रमा पर्यटन विकास तथा राज्यहरूबीच सहकार्य बढ़ाउने विषयमा छलफल गरिनेछ। उल्लेखनीय छ कि १३ वर्षपछि तवाङमा अन्तरराष्ट्रिय पर्यटन मार्ट आयोजना हुन लागेको हो। यसअघि यहाँ साल २०१३ मा यसको दोस्रो संस्करण आयोजना गरिएको थियो। यस मार्टको पछिल्लो संस्करण नोभेम्बर २०२५ मा सिक्किमको गान्तोकमा आयोजना गरिएको थियो।

इनभेस्टमेन्ट, इनोभेशन एण्ड इण्डस्ट्रीको प्रमुख केन्द्र भइरहेको छ उत्तर प्रदेशः मुख्यमन्त्री योगी

लखनऊ, २८ अक्टोबर (हिस)ः मुख्यमन्त्री योगी आदित्यनाथले भने, उत्तर प्रदेश इनभेस्टमेन्ट, इनोभेशन एण्ड इण्डस्ट्रीको प्रमुख केन्द्र बन्दै गइरहेको छ। उनले सोशल मिडिया अकाउन्ट 'एक्स'मा प्रदेशवासीहरूलाई वर्ष २०१७ पछि उत्तर प्रदेशमा आएको परिवर्तनबारे अवगत गराए। मुख्यमन्त्रीले पछिल्लो सरकारलाई निशाना बनाउँदै भने, वर्ष २०१७ पूर्व उत्तर प्रदेशमा विश्वव्यापी लगानी आकर्षित गर्ने न त स्पष्ट दृष्टिकोण थियो, न त ठोस योजना नै थियो, तर डबल इञ्जिन सरकारले यस स्थितिलाई परिवर्तन गऱ्यो। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वले राज्यमा सुधार, प्रदर्शन एवं रूपान्तरणको मन्त्रसँगै लगानी र औद्योगिक विकासको नयाँ कार्य संस्कृति विकास गरेको छ।

उनले भने, कुशल कानून व्यवस्था, पारदर्शी नीति तथा लगानी मैत्री वातावरणको साथमा आज उत्तर प्रदेश लगानी, नवप्रवर्तन एवं उद्योगको प्रमुख केन्द्र बनिरहेको छ। यस बढ्दो विश्वव्यापी विश्वासलाई नयाँ उँचाइ दिन आज सिङ्गापुरको प्रतिनिधिमण्डलसँगको बैठकमा उत्तर प्रदेशमा लगानीको नयाँ सम्भावना, वर्तमान परियोजनाहरूलाई गति दिने अनि लगानीलाई आधार बनाएर उत्पादन शुरु गर्ने विषयमा छलफल हुनेछ। मुख्यमन्त्रीले प्रदेशवासी-लाई आश्वस्त पारे, हरेक लगानीबाट नयाँ उद्योग, हरेक उद्योगबाट नयाँ रोजगार अनि हरेक रोजगारबाट परिवारमा समृद्धि ल्याउने सङ्कल्पको साथमा एक ट्रिलियन डलरको अर्थव्यवस्था बन्ने दिशामा अग्रसर छ।

जनताको समर्थन मेहनतबाट मिल्छ, घुमेर होइनः सुधांशु त्रिवेदी

नयाँ दिल्ली, २८ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) ले कङ्ग्रेस नेता राहुल गान्धीले देशको अर्थतन्त्रलाई क्षति पुऱ्याउने आन्दोलन सञ्चालन गर्ने कुरा गरेको भन्दै असन्तुष्टि व्यक्त गरेको छ। भाजपाले जनताको समर्थन प्राप्त गर्न नसकेको अवस्थामा राहुल गान्धीले आफ्नो राजनीतिक गतिविधिबारे आत्ममन्थन गर्नुपर्ने टिप्पणी गरेको छ। भाजपाका प्रवक्ता तथा सांसद सुधांशु त्रिवेदीले राहुल गान्धीमाथि निशाना साँध्दै विदेश भ्रमणबाट फर्किएपछि उनले भारतको अर्थतन्त्रलाई प्रभावित पार्ने आन्दोलनको कुरा गरिरहेको आरोप लगाए। उनले राहुल गान्धीलाई जनता र विधायकहरूको समर्थन प्राप्त नभएको दाबी गर्दै उनको राजनीतिक गतिविधिमा जनसमर्थनको कमी रहेको बताए। त्रिवेदीले भने, राहुल गान्धी करिब दुई हप्तासम्म घुमेर मनोरञ्जन गरेर फर्किएपछि अहिले भारतको अर्थतन्त्रमा समस्या उत्पन्न गर्ने आन्दोलनको कुरा गरिरहेका छन्। तर न जनता उनीसँग छन्, न विधायकहरू। उनले आफू पूर्ण रूपमा असफल भएको बुझ्नुपर्छ। जनसमर्थन मेहनतबाट प्राप्त हुन्छ, घुमफिर गरेर होइन। भाजपा सांसदले राहुल गान्धीको राजनीतिक सक्रियतामाथि प्रश्न उठाउँदै उनलाई जनस्तरमा काम गर्न र जनताबीच आफ्नो पकड बलियो बनाउन आवश्यक रहेको बताए। उनले राहुल गान्धीले गर्न खोजिरहेका काममा सफलता प्राप्त हुन नसकेको दाबीसमेत गरे। सङ्गठनात्मक गतिविधिको उल्लेख गर्दै पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीन उत्तर प्रदेशको भ्रमणमा जान लागेको र केन्द्रीय गृहमन्त्री अमित शाह पञ्जाबमा रहेको बताए।

CHANGE OF NAME

I, **Yangchen Chingapa**, D/o- Top Tshering Chingapa, resident of Gayzing Building, Khendzong Compound, Kazi Road, Gangtok, East Sikkim, Sikkim, India 737101 do hereby declare that I have changed my name from **Yangchen Chingapa to Yangchen Doma Chingapa** and henceforth I shall be known as **Yangchen Doma Chingapa** in all purpose, vide affidavit no. **A 472282** sworn before the **Oath Commissioner at Gangtok, Sikkim on 28.10.2026**. **Yangchen Chingapa and Yangchen Doma Chingapa** both are same and one identical person.

CHANGE OF NAME

I, **Purna Chhetri**, s/o Late Khemraj Chettri, resident of Tagathang, Lingsey, Khasmahal, Darjeeling, P. O Lava, West Bengal do hereby declare that I have changed my name from **Purna Chhetri** to **Puran Chhetri** and henceforth I shall be known as **Puran Chhetri** in all-purpose, vide affidavit no. A 473561 sworn before the Oath Commissioner at **Gangtok District, Sikkim** on **28th day of October 2026**. **Puran Chhetri** and **Purna Chhetri** both are same and one identical person.

CHANGE OF NAME

I, **Laxmi Sharma**, W/o Shri Gopal Sharma, resident of Noapgaon, Pakyong District, Sikkim do hereby declare that I have changed my name from **Laxmi Sharma** to **Laxmi Adhikari** and henceforth I shall be known as **Laxmi Adhikari** in all-purpose, vide affidavit no. A 474769 sworn before the Sub- Divisional Magistrate at **Pakyong District, Sikkim** on **28th day of October 2026**. **Laxmi Adhikari** and **Laxmi Sharma** both are same and one identical person.

नाम्ची जिल्लाद्वारा लागुऔषधविरुद्धका उपायहरूको समीक्षा

लागुऔषधमुक्त समाज निर्माणका लागि समन्वयात्मक कार्यमा जोड़

नाम्ची, २८ अक्टोबर (आईपीआर): लागुऔषधको दुरुपयोग र ओसारपसारविरुद्ध चालिएका कदमहरूको समीक्षा गर्न तथा सम्बन्धित विभाग र निकायहरूबीच समन्वय मजबुत पार्ने उद्देश्यले नाम्चीस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा जिल्ला-स्तरीय लागुऔषध समन्वय समितिको बैठक सम्पन्न भयो।

नाम्चीकी अतिरिक्त जिल्लापाल तिरसाङ तामाङको अध्यक्षतामा बसेको बैठकमा लागुऔषधको दुरुपयोगसँग जुध्न समन्वयात्मक र व्यापक दृष्टिकोण अपनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिइयो। उनले जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गर्ने, जनचेतनामूलक कार्यक्रमलाई सशक्त बनाउने तथा परामर्श, पुनर्स्थापना र समुदायमा आधारित सहयोगमा पहुँच विस्तार गर्ने महत्त्वबारे प्रकाश पारिन्। साथै, उनले लागुऔषधमुक्त समाज निर्माणका लागि तयार पारिएको जिल्ला-स्तरीय कार्ययोजनालाई समयमै कार्यान्वयन गर्नुपर्ने कुरामा जोड़ दिइन्।

नाम्चीका सहायक पुलिस अधीक्षक विकास तिवारीले लागुऔषधको ओसारपसार र दुरुपयोगलाई नियन्त्रण गर्न कानून कार्यान्वयनका उपायहरूलाई मजबुत पार्ने, सूचना सङ्कलन गर्ने तथा विभिन्न निकायहरूबीच समन्वय बढ़ाउने महत्त्वमाथि जोड़ दिए। उनले लागुऔषध सुधार केन्द्रहरूको नियमित अनुगमन गर्नुपर्ने तथा विशेष गरी बालकबालिका र युवाहरूलाई लक्षित गरी निरन्तर जनचेतनामूलक अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए।

उनले समितिलाई जानकारी दिए अनुसार, नाम्ची जिल्लाका विभिन्न पुलिस चौकीमा हालसम्म अवैध लागुऔषध ओसार-पसारसम्बन्धी कुल ३१ वटा मुद्दा दर्ता भएका छन्। यस अन्तर्गत नार्कोटिक ड्रग्स एण्ड साइकोट्रोपिक सब्स्टान्सेस (एनडीपीएस) ऐन र सिक्किम एन्टी-ड्रग्स ऐन (साडा) बमोजिम ४४ जना अभियुक्तलाई पक्राउ गरिएको छ।

उनले थप जानकारी दिँदै बताएअनुसार लागुऔषध प्रयोगकर्ताका रूपमा पहिचान गरिएका १३९ जना व्यक्तिलाई उपचार र पुनर्स्थापनाका लागि विभिन्न पुनर्वास केन्द्रहरूमा पठाइएको छ। नाम्ची जिल्लामा हालसम्म बरामद गरिएका अवैध पदार्थहरूको विवरण प्रस्तुत गर्दै उनले दिएको जानकारीअनुसार स्पास्मो प्रोक्सीभोन - १०,३३३ क्याप्सुल, नाइट्रोजन-१० - १९४ ट्याब्लेट, कफ सिरप - १११ बोतल (प्रत्येक ७५० मिलिलिटरको), ब्राउन सुगर - ३३७.५७ ग्राम र ५. गाँजा - शून्य रहेका छन्।

उनले समितिलाई जानकारी दिएअनुसार लागुऔषध ओसारपसार हुने सम्भावित क्षेत्रहरूमा निगरानी राख्न र अवैध गतिविधि नियन्त्रण गर्न सम्बन्धित पुलिस चौकीहरूको क्षेत्राधिकारभित्र पुलिस कर्मचारीहरूद्वारा चौबीसै घण्टा गस्ती भइरहेको छ। यसका साथै, उनले लागुऔषधसम्बन्धी चिन्ता वा समस्याहरूबारे जानकारी दिन प्रोत्साहित गर्न जिल्लाभरका विद्यालयहरूमा शिकायत पेटिका राखिएको बताए। यी पेटिकाहरू समय-समयमा जाँच गरिन्छन् ताकि प्राप्त शिकायतहरूको समीक्षा होस् र आवश्यक कारबाही अघि बढ़ाइयोस्।

बैठकको क्रममा समितिले जिल्लास्तरीय एनसीओआरडी रोडम्याप अन्तर्गतका मुख्य कार्यसम्पादन सूचकहरूको समीक्षा गऱ्यो। यसमा कानून कार्यान्वयनका उपाय, मुद्दा चलाउने प्रक्रिया, अवैध खेती रोकथाम, लागुऔषध सुधार केन्द्र र नशा मुक्त भारत अभियान अन्तर्गत सञ्चालित जनचेतनामूलक कार्यक्रमहरू सामेल थिए।

समीक्षाको क्रममा जिल्लाभरिका ५७ वटै औषधि पसलमा सीसीटीभी क्यामेरा जड़ान गरिएको जानकारी दिइयो। साथै, समाज कल्याण विभाग र पुलिस विभागद्वारा कुल ४९ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन्। जिल्लामा चारवटा लागुऔषध सुधार केन्द्र रहेका छन्, जहाँ उपचार, परामर्श र पुनर्वास सेवाहरूलाई अझ मजबुत बनाउन जोड़ दिइएको छ। समितिले युवाहरूमाझ खेलकुद तथा अन्य रचनात्मक गतिविधिहरूलाई प्रवर्द्धन गर्ने, शैक्षिक संस्थानहरूमा लागुऔषधमुक्त परिसरको अवस्था मूल्याङ्कन गर्ने र लागुऔषध रोकथामका पहलहरूमा समुदायको सहभागिता बढ़ाउने विषयमा पनि चर्चा गऱ्यो। नियमित अनुगमन, तय गरिएका कार्ययोजनाहरूको समयमै अनुगमन र सम्बन्धित सबै विभागबीच समन्वयात्मक प्रयासको महत्त्वमाथि पुनः जोड़ दिइयो।

आम नागरिकलाई आपतकालीन अवस्थामा तत्काल सहयोगका लागि ११२ नम्बरको आपतकालीन हेल्पलाइनमा सम्पर्क गर्न पनि सुझाउ दिइयो। बैठकमा विभिन्न सरकारी विभागका प्रमुख र अन्य सम्बन्धित निकायका प्रतिनिधिहरूको उपस्थिति थियो। उनीहरूले जिल्लामा लागुऔषधको दुरुपयोग रोक्न र लागुऔषधसम्बन्धी अवैध गतिविधि नियन्त्रण गर्न सहयोगात्मक प्रयासहरूलाई कसरी अझ प्रभावकारी बनाउने भन्ने विषयमा चर्चा गरे।

सीएपीको अखिल सिक्किम अनुसूचित जनजाति कल्याण परिषद्को दुईदिने तालिम तथा कार्यशाला सम्पन्न

गान्तोक, २८ अक्टोबर: सिटिजन एक्सन पार्टी (सीएपी)-सिक्किमले आफ्ना अखिल सिक्किम अनुसूचित जनजाति कल्याण परिषद्का नेता तथा कार्यकर्ताहरूका लागि आयोजना गरेको दुईदिने तालिम तथा कार्यशाला बुधवार रानीपुलस्थित पार्टी मुख्यालयमा सफलतापूर्वक सम्पन्न भएको छ। यो तालिम कार्यक्रम अनुसूचित जनजाति समुदायको प्रतिनिधित्व गर्ने पार्टी नेता तथा कार्यकर्ताहरूको ज्ञान, चेतना र बुझाइ अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको थियो। यसमा जनजातीय कल्याण, संवैधानिक सुरक्षा, अधिकार तथा हक-हित र जनजातीय समुदायले सामना गरिरहेका व्यापक सामाजिक-राजनीतिक चुनौतीहरूसँग सम्बन्धित विभिन्न विषय समेटिएका थिए।

दुईदिने कार्यशालामा अनुसूचित जनजाति समुदायसँग सम्बन्धित विविध विषयमा विस्तृत छलफल तथा विमर्श गरियो। विशेष गरी संवैधानिक अधिकार, कानुनी संरक्षण, कल्याणकारी प्रावधान तथा जनजातीय समुदायको हित, पहिचान र मर्यादाको रक्षा गर्ने महत्त्वमाथि जोड़ दिइयो। यसका साथै परिषद्का प्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरी समुदाय विशेषका सरोकारहरू बुझ्न र तिनलाई लोकतान्त्रिक तथा संवैधानिक माध्यमबाट सम्बोधन गर्न अझ प्रभावकारी रूपमा काम गर्न सक्षम बनाउने कुरामा पनि कार्यक्रमकेन्द्रित थियो।

यस कार्यशालाले सहभागीहरूलाई आफ्ना दृष्टिकोण आदान-प्रदान गर्न, जनजातीय मुद्दाहरूबारे बुझाइ अझ गहिरो बनाउन र सिक्किमका अनुसूचित जनजाति समुदायको कल्याण तथा सशक्तिकरणप्रति आफ्नो प्रतिबद्धता सुदृढ़ पार्न एक महत्त्वपूर्ण मञ्च प्रदान गऱ्यो। यसले जनजातीय समुदायका अधिकार र हितहरूको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न सुसूचित, जिम्मेवार र सङ्गठित नेतृत्वको महत्त्वलाई पनि उजागर गऱ्यो।

समापन समारोहमा अनुसूचित जनजाति कल्याण परिषद्का प्रभारी तथा उपाध्यक्ष ओङ्देन छिरिङ लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। दुईदिने तालिम तथा कार्यशालामा सक्रिय सहभागिता जनाएबापत सहभागी नेता तथा पार्टी कार्यकर्ताहरूलाई प्रमाण-पत्र प्रदान गरियो।

यस कार्यक्रमको सफल सम्पन्नताले सीएपीको सङ्गठनात्मक परिषद्हरूलाई व्यवस्थित तालिम, ज्ञान आदान-प्रदान र क्षमता अभिवृद्धि पहलमार्फत सुदृढ़ बनाउने निरन्तर प्रयासमा एक महत्त्वपूर्ण कदमको रूपमा काम गरेको छ। पार्टी संवैधानिक अधिकारहरूबारे चेतना जगाउन, अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्न तथा सम्पूर्ण सिक्किमका अनुसूचित जनजाति समुदायको कल्याण, सशक्तिकरण र समावेशी विकासका लागि काम गर्न प्रतिबद्ध रहेको प्रचार-प्रसार परिषद्का राज्य संयोजक छ सोनाम ग्याछो लेप्चाद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

आत्मा सोरेङ जिल्लाद्वारा रिनाकको अध्ययन भ्रमण

सोरेङ, २८ अक्टोबर: कृषि प्रविधि प्रबन्धन एजेन्सी (आत्मा), सोरेङ जिल्लाले राज्यभित्र एकदिने अन्तर-जिल्ला अध्ययन भ्रमण तथा किसान तालिम आयोजन गरेको छ। यस कार्यक्रमअन्तर्गत २४ जना किसानको समूहलाई पाकिम जिल्लाको रिनाकमा अवस्थित दुई प्रमुख स्थान- हजारे ब्रदर्स इन्टिग्रेटेड अर्ग्यानिक फार्म र जर्बेरा फार्म स्कूलको भ्रमण गराइयो।

यस टोलीमा आत्मा सोरेङ जिल्लाका उप-परियोजना निर्देशक मनीष प्रधान, कृषि विकास अधिकारी अमिंशा लिम्बू, सोरेङ जिल्लाका २४ जना प्रगतिशील किसान, सहायक प्रविधि प्रबन्धक (एटीएम), ब्लक प्रविधि प्रबन्धक (बीटीएम), जिल्ला किसान सल्लाहकार समिति (डीएफएसी र बीएफएसी)-का अध्यक्ष तथा फिल्ड कर्मचारीहरूको सहभागिता थियो। समूहले बौज लकसमद्वारा सञ्चालित जर्बेरा फार्म स्कूलको भ्रमण गऱ्यो। त्यहाँ किसानहरूले फार्म स्कूलका प्रशिक्षकसँग अन्तरक्रिया गर्ने अवसर पाउनुका साथै व्यावसायिक रूपमा जर्बेरा फूलको खेती गरी कसरी नाफामूलक बजार प्रबन्धन गर्न सकिन्छ भन्नेबारे जानकारी लिए।

दोस्रो भ्रमण हजारे ब्रदर्स इन्टिग्रेटेड अर्ग्यानिक फार्ममा भयो, जहाँ सञ्चालित विभिन्न कृषि उद्यमहरूको अवलोकन गरियो। यस फार्ममा मौरीपालन, बाख्रापालन, दुग्ध उत्पादन, माछापालन, सब्जी खेतीका साथै अचार, पिठो, सुकाइएका सब्जी र मह जस्ता मूल्य अभिवृद्धि गरिएका उत्पादहरू समावेश थिए। यो फार्म उत्पादनदेखि लिएर फसल भित्र्याइसकेपछिको प्रबन्धन, प्याकेजिङ र बजारीकरणसम्मका सबै प्रक्रियामा पूर्ण रूपमा आत्मनिर्भर थियो। भ्रमणमा सहभागी किसानहरू पूर्ण रूपमा जैविक कृषि अभ्यासमा आधारित भएर एउटा कृषक परिवारले कसरी सफल व्यावसायिक मोडेल सञ्चालन गर्न सक्छ भन्ने कुरा सिक्न निकै उत्सुक थिए। हजारे ब्रदर्शले खोर्सानीमा लाग्ने रोग तथा कीरा प्रबन्धन, विशेष गरी एन्थ्राक्नोज रोगलाई जैविक विधिबाट कसरी नियन्त्रण गर्ने भन्नेबारे तालिम पनि प्रदान गरे। साथै, उनीहरूले यो कृषि उद्यमले कसरी तीन दाजुभाइ र उनीहरूको परिवारलाई आयआर्जन गर्न र आत्मनिर्भर बन्न मद्दत पुऱ्याएको छ भन्नेबारे पनि जानकारी गराए।

दुई जिल्लाका किसानहरूबीच भएको फलदायी अन्तरक्रिया र ज्ञान तथा प्रविधिको आदान-प्रदानका साथ यो भ्रमण सफलतापूर्वक सम्पन्न भयो। यसको मुख्य उद्देश्य सोरेङ जिल्लाका प्रगतिशील किसानहरूको उत्थान र आर्थिक विकासमा टेवा पुऱ्याउनु थियो।

पुलिस प्रशासनद्वारा पूजा कमिटीहरूलाई लिएर दुर्गा पूजा विजया सम्मेलन २०२६ सम्पन्न

सोनादा, २८ अक्टोबर (हिस): पश्चिम बङ्गाल सरकार एवं जोरबङ्ग्लो पुलिस थानाको तत्त्वावधानमा मङ्गलवार जोरबङ्ग्लो थानाअन्तर्गतका पूजा कमिटीहरूलाई लिएर दुर्गापूजा विजया सम्मेलन २०२६ आयोजन गरिएको छ। उक्त कार्यक्रम घुमस्थित एक रिसर्टमा सम्पन्न भयो।

यस अवसरमा पूजा कमिटीहरूसँग पूजा कार्यक्रमको समीक्षा गरियो। सम्मेलनमा दार्जीलिङ जिल्ला पुलिस अधीक्षक वाई श्रीकान्त जगन्नाथ राव, सुके खण्ड विकास अधिकारी अर्घ्या गुहा, सभासद् राजेश चौहान, डीएसपी डीआईबी, दार्जीलिङका सीआई, जोरबङ्ग्लो, सोनादा पुलिस प्रभारी, एसबीआई शाखा प्रबन्धक, चिया कमानका प्रबन्धक, अवकाशप्राप्त प्रधानाध्यापक, अवकाशप्राप्त पुलिस अधिकारी, बीएमओएच, भारतीय जनता पार्टीका पदाधिकारी साथै पूजा कमिटीका प्रतिनिधिहरू उपस्थित रहेका थिए।

दार्जीलिङ जिल्ला पुलिस अधीक्षक वाई श्रीकान्त जगन्नाथ रावले पुलिसहरू पनि समाजकै अङ्ग रहेको र यस उत्सवको समयमा पुलिस प्रशासनले शान्ति बनाइराख्न धेरै खटेको बताए। उनले यो कार्यक्रम जोरबङ्ग्लो पुलिस थानाको आयोजनमा सम्पन्न भएको तथा यसमा पुलिस र स्थानीय मानिसहरूसित मिलेर समीक्षा गरिएको बताए। उनले पुलिस पनि मानिस नै रहेकाले भूल हुनसक्ने जनाउँदैदै भूलबाट शिक्षा लिएर आगामी दिनमा कम गर्न सकिने लगायतका विषयहरूमा चर्चा गरिएको बताए।

पाकिम जिल्लामा आईएनएमको प्रदर्शन र सुपारी खेतीको माध्यमद्वारा खेत बचाओ अभियानलाई एक विशिष्ट, खेतमै आधारित स्वरूप प्रदान

पाकिम, २८ अक्टोबर: पाकिम जिल्लाको कृषि विभागले एग्रिकल्चरल टेक्नोलोजी म्यानेजमेन्ट एजेन्सी (आत्मा) र बागवानी विभागको सहकार्यमा तारेथाङमा खेत बचाओ अभियान आयोजन गऱ्यो। यस अभियानमा किसानका खेतबारीमै एकीकृत पोषक तत्त्व प्रबन्धन (आईएनएम) सम्बन्धी प्रदर्शन र सुपारी खेतीको नयाँ प्रयासलाई समेट्ने विशेष स्थलगत अवलोकन समावेश थियो।

भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालयको निर्देशनमा २२ अक्टोबरदेखि ३० नोभेम्बरसम्म सञ्चालन भइरहेको यस अभियानको मुख्य उद्देश्य कृषि भूमिको संरक्षण गर्नु, माटोको स्वास्थ्यमा सुधार ल्याउनु र दिगो कृषि अभ्यासलाई प्रोत्साहन गर्नु हो।

परम्परागत सचेतना कार्यक्रमहरूभन्दा माथि उठ्दै पाकिम जिल्लाले अभियानलाई सिधै किसानका खेतबारीसम्म पुऱ्याएर एक व्यावहारिक र किसान-केन्द्रित दृष्टिकोण अपनायो। यस पहलमा प्रत्यक्ष प्रदर्शन, स्थलगत अवलोकन, प्राविधिक मार्गदर्शन र किसानहरूसँगको प्रत्यक्ष अन्तरक्रिया समावेश थिए, जसले अभियानको सन्देशलाई व्यावहारिक कार्यमा परिणत गऱ्यो। तारेथाङमा भइरहेको सुपारी खेतीको नयाँ प्रयासमा दिइएको विशेष जोड़ले नयाँ कृषि अवसरहरूको खोजी गर्ने र आयस्रोतमा विविधता ल्याउने किसानहरूको प्रयासलाई उजागर गऱ्यो। कार्यक्रममा पञ्चायतका अध्यक्ष भीमनाथ काफ्ले मुख्य अतिथिका रूपमा उपस्थित थिए। साथै, कृषि विभागकी उप-निर्देशक तथा आत्माकी उप-परियोजना निर्देशक रेबेका गुरुङ, कृषि तथा बागवानी विभागका अधिकारी, कृषि तथा बागवानी निरीक्षक र बिरिङ-तारेथाङ, अम्बा-मामरिङ तथा ताजा जीपीयूका किसान तथा फिल्ड कर्मचारीहरूको पनि उपस्थिति थियो।

कार्यक्रमको शुरुआत किसानका खेतबारीमा स्थलगत अवलोकन र एकीकृत पोषक तत्त्व प्रबन्धन सम्बन्धी प्रदर्शनबाट भयो, जसपछि सुपारी खेतीको अवलोकन गरियो। खेतमै आधारित यी सत्रहरूले सहभागीहरूलाई पोषक तत्त्व प्रबन्धन, माटोको उर्वरतामा सुधार र वैज्ञानिक कृषि अभ्यास अपनाउनुको महत्त्वबारे व्यावहारिक ज्ञान प्रदान गरे। सुपारी खेतीको अवलोकनले नयाँ कृषि उद्यमहरूको खोजीमा स्थानीय किसानहरूले चालेको कदमलाई अझ प्रस्ट रूपमा उजागर गऱ्यो। आफ्नो स्वागत मन्तव्यमा, पाकिमका कृषि निरीक्षक राजिन सुब्बाले विशिष्ट अतिथि तथा सहभागीहरूलाई स्वागत गर्दै खेत बचाओ अभियानका उद्देश्यहरूबारे प्रकाश पारे। उनले कृषि भूमि संरक्षण गर्न र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्न सामूहिक प्रयासको महत्त्वमाथि जोड़ दिए।

प्राविधिक सत्रमा कृषि विभागकी उप-निर्देशक रेबेका गुरुङले अभियानका उद्देश्य, विभागका विभिन्न योजना, माटोको उर्वरता प्रबन्धन तथा उत्पादनशील कृषि भूमिको संरक्षणका विषयमा विस्तृत जानकारी दिइन्। उनले कृषिलाई अझ आकर्षक र आर्थिक रूपमा लाभदायक बनाउने माध्यमका रूपमा कृषि पर्यटनको सम्भावनाबारे पनि चर्चा गरिन्। विश्वका विभिन्न भागमा रहेका सफल कृषि पर्यटनका नमुनाहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै, उनले किसानहरूलाई आयस्रोतमा विविधता ल्याउन, स्थानीय संस्कृतिको प्रवर्द्धन गर्न र कृषिमा आधारित पर्यटन उद्यमहरूको विकास गर्ने अवसर खोज्न प्रोत्साहित गरिन्। उनले विशेष गरी सुपारी खेतीतर्फ किसानहरूले देखाएको अग्रसरताको प्रशंसा गरिन् र स्थानीय परिवेश सुहाउँदो, नवीन तथा आर्थिक रूपमा लाभदायक कृषि गतिविधि अपनाउन उनीहरूलाई प्रेरित गरिन्।

बागवानी विकास अधिकारी मेनुका राईले सहभागीहरूलाई विभिन्न बागवानी योजना र माटोको स्वास्थ्य प्रबन्धनको महत्त्वबारे जानकारी गराइन्। उनले सम्भव भएसम्म बाँझो र खाली जमिनलाई उत्पादनशील खेतीमा परिणत गर्न सामूहिक प्रयासका लागि प्रोत्साहन गरिन्।

कृषि विकास अधिकारी गगन गुरुङले एकीकृत पोषक तत्त्व प्रबन्धनका सिद्धान्त र फाइदाहरूबारे व्याख्या गरे। उनले माटोको उर्वरता कायम राख्न र फसलको उत्पादकत्व बढ़ाउन पोषक तत्त्वहरूको सन्तुलित तथा प्रभावकारी प्रयोगमा जोड़ दिए। उनले समयमै कृषि ऋण उपलब्ध गराउन र किसानहरूको खेतीसम्बन्धी आवश्यकताहरू पूरा गर्न किसान क्रेडिट कार्ड (केसीसी) योजनाको भूमिकाबारे पनि प्रकाश पारे। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि भीमनाथ काफ्लेले यस पहलको प्रशंसा गरे। उनले किसानहरूलाई कृषि तथा सम्बद्ध विभागहरूमार्फत उपलब्ध सरकारी योजना, प्राविधिक सहयोग र संस्थागत सहायताको प्रभावकारी उपयोग गर्न प्रोत्साहित गरे। सुपारी खेतीको आफ्नो नयाँ अनुभव साझा गर्दै उनले अन्य किसानहरूलाई पनि उपयुक्त कृषि अवसर खोज्न र उपलब्ध स्रोतसाधनको अधिकतम सदुपयोग गर्न आग्रह गरे।

यस कार्यक्रमको मुख्य विशेषता यसको अन्तरक्रियात्मक र फिल्ड-आधारित (क्षेत्रगत) ढाँचा थियो, जसले किसानहरूलाई प्रयोगात्मक प्रदर्शन अवलोकन गर्न, अनुभव साटासाट गर्न, खेतबारीका समस्या राख्न र विभागीय अधिकारीहरूबाट प्रत्यक्ष प्राविधिक मार्गदर्शन प्राप्त गर्न मद्दत पुऱ्यायो। एकीकृत पोषक तत्त्व प्रबन्धनसम्बन्धी प्रदर्शन र किसानहरूको सुपारी खेतीको पहललाई जोड़ेर यस कार्यक्रमले व्यावहारिक सिकाइ, नवीनता र कृषि विविधीकरणका लागि एक अर्थपूर्ण मञ्च तयार गऱ्यो।

बागवानी विभागका ग्राम-स्तरीय कार्यकर्ता बाजवीर सुब्बाले धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गरे। उनले कार्यक्रममा उपस्थित विशिष्ट अतिथि, सहभागी विभाग, किसान र फिल्डमा खटिएका कर्मचारीहरूको योगदानको कदर गरे। यस विशिष्ट पहलमार्फत, पाकिम जिल्लाले खेत बचाओ अभियानलाई केवल नियमित सचेतना कार्यक्रमभन्दा माथि उठाएर प्रदर्शन, किसान-नेतृत्वका पहल र व्यावहारिक समाधानमा केन्द्रित एक फिल्ड-आधारित अभियानका रूपमा अघि बढ़ाउन सकिने उदाहरण प्रस्तुत गरेको छ। यो पहलले कृषि भूमि संरक्षण, माटोको स्वास्थ्य प्रबन्धन, कृषि उत्पादकत्वमा सुधार र किसानहरूलाई दिगो तथा लाभदायक कृषि उद्यम खोज्न प्रोत्साहित गर्ने महत्त्वलाई अझ बलियो बनाएको छ। यो अभियान नोभेम्बर महिनाभरि पाकिम जिल्लाभर सञ्चालन हुनेछ। यसले दिगो कृषि, माटोको स्वास्थ्य प्रबन्धन, कृषि भूमिको संरक्षण, सरकारी योजनाहरूबारे सचेतना र किसान कल्याणमा विशेष ध्यान केन्द्रित गर्नेछ। फिल्ड स्तरमा निरन्तर संलग्नतामार्फत जिल्लाले किसानहरूको सहभागितालाई सुदृढ़ पार्ने तथा उत्पादकत्व, नाफा र दीर्घकालीन जीविकोपार्जन सुरक्षा बढ़ाउने कृषि अभ्यासहरूलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

अन्तरराष्ट्रिय बालिका दिवसमा सचेतना कार्यक्रम आयोजित

पाकिम, २८ अक्टोबर: पाकिम जिल्लाको महिला, बालकबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति कल्याण विभागले बेटी बचाओ, बेटी पढ़ाओ' (बीबीबीपी) अभियान अन्तर्गत अन्तरराष्ट्रिय बालिका दिवस मनाउने क्रममा पाकिमको अपर नाम्चेबुङस्थित एआरके एकाडेमी विद्यालयमा एक विशेष सचेतना कार्यक्रम आयोजन गऱ्यो। बालविवाह अन्त्य गरौँ र बालिकाहरूको अधिकारमा लगानी गरौँ भन्ने मूल नाराका साथ आयोजित यस कार्यक्रमले बालिकाहरूको अधिकारको संरक्षण, उनीहरूको शिक्षाको प्रवर्द्धन तथा उनीहरूको वृद्धि र विकासका लागि समान अवसर सुनिश्चित गर्ने महत्त्वमाथि प्रकाश पाऱ्यो।

यस कार्यक्रमको मुख्य उद्देश्य बालिकाहरूको अधिकार, सुरक्षा, मर्यादा र सशक्तिकरणका विषयमा विद्यार्थीहरूलाई सचेत गराउनु थियो। यसमा विशेष गरी बालविवाह रोकथाम, महिनावारी स्वच्छताको प्रवर्द्धन तथा बालिकाहरूका लागि सुरक्षित, समावेशी र सहयोगी वातावरण सिर्जना गर्ने कुरामा जोड़ दिइयो।

कार्यक्रमको शुरुआत पाकिम जिल्लाकी उपनिर्देशक तथा सामाजिक कल्याण अधिकारी दिकित लेप्चाको स्वागत मन्तव्यबाट भयो। आफ्नो मन्तव्यमा उनले अन्तरराष्ट्रिय बालिका दिवसको महत्त्वबारे चर्चा गर्दै प्रत्येक बालिकाले शिक्षा, सुरक्षा, स्वास्थ्य सेवा, मर्यादा र समान अवसर पाउनुपर्ने कुरामा जोड़ दिइन्। उनले विद्यार्थीहरूलाई आफ्नो क्षमता पहिचान गर्न, आत्मविश्वासका साथ आफ्ना आकाङ्क्षा अनुसरण गर्न र बालिकाहरूलाई सम्मान, सुरक्षा र सशक्तिकरण प्रदान गर्ने समाज निर्माणमा योगदान पुऱ्याउन प्रोत्साहित गरिन्। उनले बालविवाह रोक्न र बालिकाहरूको समग्र हित सुनिश्चित गर्न परिवार, शैक्षिक संस्था र समुदायको सामूहिक जिम्मेवारी हुने कुरा पनि औँल्याइन्।

लैँङ्गिक विशेषज्ञ कुसुम शर्माले कार्यक्रम सञ्चालन गरिन् र सम्पूर्ण प्रक्रियाको समन्वय गरिन्। सचेतना सत्रहरू वन स्टप सेन्टरकी केन्द्र प्रशासक छोङ छोकी भोटिया र सामाजिक कल्याण निरीक्षक कर्मा नवाङ शेङ्गाद्वारा सञ्चालन गरिए। स्रोतवक्ताहरूले बालिकाहरूको सुरक्षा र सशक्तिकरण, उनीहरूको अधिकार तथा बालविवाह रोक्नुपर्ने महत्त्वबारे विद्यार्थीहरूलाई जानकारी गराए। यी सत्रहरूले विद्यार्थीहरूलाई बालविवाहका परिणाम बुझ्न, बालिकाहरूलाई शिक्षा निरन्तरता दिन सहयोग गर्न र उनीहरूको भविष्यबारे सही निर्णय लिन प्रेरित गरे।

अन्तरराष्ट्रिय तथा राष्ट्रिय किकबक्सिङ खेलाड़ी एवं एमटीएस फुर्दिकी शेर्पाले विद्यार्थीहरूलाई आत्मरक्षाका उपाय सिकाइन्। यो प्रदर्शन निकै व्यावहारिक थियो, जसले विद्यार्थीहरूलाई ती प्रविधिहरू आफैँ अभ्यास गरेर सिक्ने अवसर प्रदान गऱ्यो। यसले आवश्यकता परेको खण्डमा छात्राहरूलाई विभिन्न तरिकाले आफ्नो सुरक्षा गर्न मद्दत पुऱ्याउनेछ।

कार्यक्रमको एक भागको रूपमा महिनावारी सम्बन्धी स्वच्छता र चेतना अभिवृद्धि गर्न छात्राहरूलाई सेनिटरी प्याड वितरण गरियो। यस पहलले महिनावारी स्वास्थ्य, व्यक्तिगत स्वच्छता र महिनावारीसम्बन्धी अत्यावश्यक सामग्रीहरूको उपलब्धताको महत्त्वलाई उजागर गऱ्यो। साथै, यसको उद्देश्य छात्राहरूलाई महिनावारीलाई आत्मविश्वासका साथ र कुनै पनि प्रकारको सामाजिक कलङ्क बिना स्वीकार गर्न प्रोत्साहित गर्नु थियो। यसका साथै, सचेतना, उचित स्वच्छता अभ्यास र विद्यालयमा सहयोगी वातावरणको महत्त्वमाथि पनि जोड़ दिइयो।

कार्यक्रममा छात्राहरूले विभिन्न अतिरिक्त क्रियाकलापमा उत्साहजनक सहभागिता जनाए; जसमा क्विज प्रतियोगिता, स्पेल बी र नृत्य प्रतियोगिता समावेश थिए।

क्विज र स्पेल बी प्रतियोगिता एआरके एकाडेमीका शिक्षकहरू मेन्लम लेप्चा र दाकिम लेप्चाले सञ्चालन गरेका थिए, जसले विद्यार्थीहरूलाई आफ्नो ज्ञान, भाषिक सीप र आत्मविश्वास प्रदर्शन गर्ने अवसर प्रदान गऱ्यो। यी गतिविधिहरूले कार्यक्रममा अन्तरक्रियात्मक पक्ष थप्नुका साथै विद्यार्थीहरूलाई सहभागी हुन, सिक्न र आफूलाई अभिव्यक्त गर्न प्रोत्साहित गरे। विजेताहरूलाई उनीहरूको प्रदर्शनको कदर गर्दै पुरस्कार वितरण गरियो, साथै अन्य छात्राहरूलाई प्रोत्साहन र समर्थन स्वरूप मायाको चिनो प्रदान गरियो। पुरस्कार वितरण समारोह डीईओ (जिल्ला शिक्षा अधिकारी) छिरिङ ओङ्मु लेप्चाले सञ्चालन गरेकी थिइन्।

सो अवसरमा एआरके एकाडेमीकी प्रधानाध्यापक मनीषा कोइरालाले विद्यार्थीहरूलाई प्रेरणादायी विचारहरू बाँड़िन्। उनले विद्यार्थीहरूलाई आफ्नो शिक्षामा केन्द्रित रहन, आत्मविश्वास विकास गर्न र आफ्ना लक्ष्य हासिल गर्न मेहनत गर्न प्रोत्साहित गरिन्। उनले युवा छात्राहरूको भविष्य निर्माण गर्न शिक्षाको महत्त्वमाथि जोड़ दिँदै उनीहरूलाई आत्मविश्वासी, स्वतन्त्र र जिम्मेवार व्यक्ति बन्न प्रेरित गरिन्।

हिमाली बेला

सम्पादकीय पृष्ठ ४

वर्ष–२०; अङ्क–२८९; वि.सं. २०८३, कात्तिक १२ गते; गान्तोक, बिहीवार, २९ अक्टोबर, २०२६

नैतिकता नै वास्तविक शक्ति हो।

❑ लियो टल्स्टय

सम्पादकीय

१३ करोड़को आवाज

'१३ करोड़ मतदाताको नाम हटाइएको छ! लोकतन्त्र खतरामा छ! मत चोरी भइरहेको छ! चुनाउ आयोग निष्पक्ष छैन!' केही समयदेखि विपक्षीहरूले यी आरोपहरूको आधारमा राजनीतिक माहोल सिर्जना गर्ने प्रयास गरिरहेका छन्। संसददेखि सड़कसम्म हङ्गामा मच्चिएको थियो। संवैधानिक संस्थाहरूमाथि मुद्दा चलाइएको छ। तर एउटा प्रश्न अनुत्तरित रह्यो: यदि १३ करोड़ मतदाताको अधिकार खोसिएको थियो भने समर्थनमा आएको ठूलो भीड़ कहाँ छ?

यसैबीच, राहुल गान्धीले यस मुद्दामा १ नोभेम्बरमा रामलीला मैदानमा ऱ्यालीको आह्वान गरेका छन्। एसआईआरको समयमा मस्यौदा सूचीबाट लगभग १३ करोड़ नाम बहिष्कृत हुनुलाई विपक्षीले राजनीतिक मुद्दा बनाएको छ। यो सङ्ख्या ठूलो छ। निष्पक्ष अनुसन्धान र प्रत्येक योग्य मतदाताको अधिकारको संरक्षण आवश्यक छ। तर मृतक मतदाताको नाम हटाउने, दोहोरिएका नामहरू हटाउने, स्थानान्तरित मतदाताको जानकारी सच्याउने र गलत तरिकाले वास्तविक मतदाताहरूलाई बहिष्कृत गर्ने अवस्था उस्तै होइन। विपक्षीले कति योग्य मतदाताहरूलाई गलत तरिकाले बहिष्कृत गरिएको थियो भन्ने कुरा खुलासा गर्नुपर्छ। उजुरीहरूमा के कारबाही गरियो? तथ्याङ्क उल्ट्याउन सजिलो छ, तर मतदान अधिकार गुमेको प्रमाणित गर्न धेरै गाह्रो छ। लोकतन्त्र आरोपमा होइन, तथ्यमा चल्छ।

२६ अक्टोबरका घटनाहरू अत्यन्तै महत्त्वपूर्ण छन्। चुनाउ आयोगले सर्वोच्च न्यायालयमा हलफनामा दायर गर्दै के स्पष्ट पारेको छ भने तीनै प्रमुख एसआईआर आदेश सर्वसम्मतिले पारित भएका थिए। यी निर्णयहरूमा मुख्य चुनाउ आयुक्तहरू ज्ञानेश कुमार, सुखबीर सिंह सन्धु र विवेक जोशी सबै सहभागी थिए। आयोगका अनुसार, फाइलहरूमा रेकर्ड गरिएका टिप्पणी र सुझाउहरूले अन्तिम निर्णय दिन सक्दैनन्। आयोगले के स्वीकार गरेको छ भने दुई आयुक्तले कार्य आदेशको विभाजनमा आपत्ति जनाए, तर त्यो आदेश कार्यान्वयन भएन। यसको अर्थ आन्तरिक प्रशासनिक मतभेद र एसआईआरको अन्तिम आदेशमा सहमति दुई अलग मामिला हुन्। आयोगले स्पष्ट पारेको छ– फारम ६ मा कुनै संशोधन गरिएको छैन। हलफनामा अन्तिम अदालतको निर्णय नभए पनि यसले विपक्षीहरूको लागि राजनीतिक चुनौती बढ़ाएको छ। यदि तीनै आयुक्त सहमत थिए भने एकतर्फी निर्णयको आरोप कुन प्रमाणमा आधारित छ? राहुल गान्धी र उनका सहयोगीहरूले यसको जवाफ दिनुपर्नेछ।

यदि वास्तविक मतदाताहरूको नाम गलत तरिकाले मेटाइएको छ भने तिनीहरूलाई थप्न अभियान शुरु गर्नुपर्छ। यद्यपि, यदि सम्पूर्ण चुनाउ प्रक्रिया मतदाता अधिकारको नाममा शङ्कास्पद देखिन्छ भने परिणामहरू दूरगामी हुनेछन्। लोकतन्त्र केवल चुनाउ गराउनमा निर्भर गर्दैन। यो प्रक्रियामा जनताको विश्वासमा पनि निर्भर गर्दछ। यो विश्वास अन्ध स्वीकृतिमा होइन, पारदर्शिता र जवाफदेहितामा निर्माण गरिएको छ। अब १ नोभेम्बरमा राहुल गान्धीको प्रस्तावित ऱ्यालीलाई हेरौँ। राहुल गान्धीले किसान, मजदुर, युवा, महिला, विद्यार्थी र व्यवसायीहरूलाई ऱ्यालीमा सामेल हुन अपील गरेका छन्। कङ्ग्रेस र यसका सहयोगीहरूले यसलाई मतदाता अधिकारको रक्षा गर्ने अभियान भनिरहेका छन्। तर यो ऱ्यालीको सफलता केवल मतदानबाट मापन गरिने छैन। के महत्त्वपूर्ण हुनेछ भने विपक्षीले वास्तविक रूपमा प्रभावित मतदाताहरूको कति मुद्दा प्रस्तुत गर्दछ र यसले कागजातहरूद्वारा कति आरोप प्रमाणित गर्दछ। यसैबीच, भाजपाले सड़कमा निस्कने रणनीति बनाएको छ। रिपोर्टअनुसार, देशव्यापी मार्चको योजना छ। अभियानको शीर्षक लोकतन्त्र बचाओ, अराजकता हटाऊ रहेको छ। संवैधानिक संस्थाहरूको प्रतिष्ठा कुनै पनि दलको एकाधिकार होइन: चुनाउ आयोग संविधानअन्तर्गत स्थापित स्वतन्त्र निकाय हो। यसका निर्णयहरूमा प्रश्न उठाउन सकिन्छ र अदालतले कारबाही गर्न सक्छ, तर आरोप प्रमाणमा आधारित हुनुपर्छ। त्यसैगरी, आयोगको जिम्मेवारी हरेक गम्भीर गुनासोको जवाफ दिने र निर्णय प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने हो। न्यायिक विवाद निर्णय गर्ने जिम्मेवारी अदालतलाई छोड्नुपर्छ।

लोकतन्त्रमा अविश्वासको राजनीति कति टाढ़ा जान्छ? भारतले धेरै उतारचढ़ाउ देखेको छ। कङ्ग्रेस सरकारहरू गठन र हारेका छन्। भाजपा विपक्षमा रह्यो र फेरि सत्तामा फर्कियो। यो लोकतन्त्रको पहिचान हो। तर यदि प्रत्येक हारपछि चुनावी प्रक्रियाको विश्वसनीयताको बारेमा व्यापक आरोप लागेमा जनताको विश्वासमा सम्झौता हुन सक्छ। यसको अर्थ अनियमिततालाई बेवास्ता गर्नु होइन; बरु हरेक वास्तविक अनियमितताको अनुसन्धान गर्नुपर्छ र दोषीहरूलाई न्यायको कठघरामा ल्याउनुपर्छ। आन्दोलनको नैतिक बल यसको आरोपको गम्भीरता, प्रमाणको विश्वसनीयता र सार्वजनिक विश्वासमा निर्माण हुन्छ। तर सबैभन्दा महत्त्वपूर्ण भनेको साधारण मतदाता हो, जसको नाममा यो लड़ाइँ लड़िरहेको छ। सूचीमा उनीहरूको नाम सुरक्षित हुनुपर्छ। उनीहरूको गुनासो समाधान गर्नुपर्छ। अनि कुनै पनि दललाई आफ्नो अधिकारको नाममा आधारहीन दाबी गर्न अनुमति दिनु हुँदैन। १३ करोड़ मतदाताको आवाज ठूलो छ, तर अझ ठूलो प्रश्न यो हो: के विपक्षीले मतदाता अधिकारको लागि लड़िरहेको छ वा संवैधानिक संस्थाहरूमाथिको अविश्वासलाई सत्ताको बाटोको रूपमा प्रयोग गर्न खोजिरहेको छ? यसको उत्तर नारामा होइन, तथ्यमा भेटिनेछ। किनभने लोकतन्त्रमा सत्ताको बाटो जनताको विश्वासमा निहित हुन्छ, संस्थाहरूमाथिको अविश्वासबाट होइन।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ़्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

एआईसँग आजित फ्रान्सेली युवा हस्तकला र सीपमूलक काममा आकर्षण

एआईका कारण आफ्नो कामको महत्त्व घट्दै गएको र रोजगारीमा असुरक्षा बढ़ेको महसुस गर्दै फ्रान्सका युवाहरू परम्परागत शीप र हातले गरिने पेसातर्फ आकर्षित हुन थालेका छन्। प्रविधिको तीव्र विकाससँगै कार्यालयमा कम्प्युटरको पर्दाअगाड़ि बसेर गरिने काम छाड़्दै उनीहरू बेकरी, टायल जड़ान, इम्बोइडरी कला, काठको काम र हस्तकलाजस्ता क्षेत्रमा नयाँ भविष्य खोजिरहेका छन्। एक रिपोर्टअनुसार, जेनेरेटिभ एआईको प्रयोग व्यापक बन्दै जाँदा केही युवा पेसाकर्मीले आफ्नो करिअर नै परिवर्तन गर्ने निर्णय गरेका छन्। उनीहरूका लागि हातले सिर्जना गर्ने काम आम्दानीको स्रोत मात्र नभई आत्मसन्तुष्टि, मानवीय सम्बन्ध र कामको वास्तविक अर्थ खोज्ने माध्यम बनेको छ।

२४ वर्षीया अपोलिन जुड यसको एउटा उदाहरण हुन्। कानुन र सञ्चार विषय अध्ययन गरेकी उनले पेरिसको एक कानुनी फर्ममा इन्टर्नसिप गर्दा च्याटजीपीटी प्रयोग गरेर लेख तयार गर्नुपर्ने भएपछि आफ्नो पेसाप्रति असन्तुष्टि महसुस गरिन्। त्यसपछि उनले पेस्ट्री बनाउने तालिम लिइन् र सन् २०२६ को जुनमा व्यावसायिक प्रमाणपत्र प्राप्त गरिन्। सेप्टेम्बरमा उनी पेरिसको पश्चिमी उपनगर पुटोस्थित एक पेस्ट्री पसलमा स्थायी कर्मचारीका रूपमा काम गर्न थालिन्। त्यहाँ उनी केक र टार्ट बनाउँछिन्। उनले मासिक १ हजार ६८९ युरो खुद आम्दानी गर्छिन्, जुन फ्रान्सको ३९ घण्टा साप्ताहिक कामका लागि निर्धारित न्यूनतम मासिक पारिश्रमिक हो। कानुन व्यवसायमा प्रवेश गरेको भए बढ़ी कमाउन सक्ने भए पनि अहिले काममा जान र दिनको अन्त्यमा घर फर्किन आफू खुसी हुने उनले बताएकी छन्। उनका लागि कम्प्युटरबिना काम गर्न पाउनु र तत्काल एआईबाट विस्थापित हुने जोखिम कम भएको महसुस गर्नु सुरक्षाको एउटा घेरा बनेको छ। सन् २०२२ को अन्त्यतिर जेनेरेटिभ एआई सार्वजनिक प्रयोगमा आएपछि यसको कार्यस्थलमा प्रयोग तीव्र रूपमा बढ़ेको छ। तर खाना बनाउने र अन्य व्यावहारिक सीपमा आधारित पेसा तुलनात्मक रूपमा स्वचालनको प्रभावबाट जोगिएका छन्। लिंक्डइन र सेन्ससवाइडले सन् २०२५ दिसम्बरमा सार्वजनिक गरेको अध्ययनअनुसार, १८ देखि २८ वर्ष उमेर समूहका करिब ६३ प्रतिशतले कार्यालयमा काम गर्नुभन्दा हातले काम गर्नुपर्ने पेसा रोज्ने बताएका थिए। सबै उमेर समूहमा यस्तो धारणा राख्नेको अनुपात ५२ प्रतिशत थियो। त्यस्तै, ६५ प्रतिशतले प्राविधिक तथा हातले गरिने काममा बढ़ी अर्थ र सन्तुष्टि हुने विश्वास व्यक्त गरेका थिए।

३३ वर्षीया हर्मिनले पनि सञ्चार क्षेत्रको जागिर छाड़ेर टायल जड़ान र मोजाइक कलाको तालिम लिन थालेकी छन्। सांस्कृतिक मध्यस्थतामा स्नातकोत्तर गरेकी उनले सरकारी संस्थामा सञ्चार अधिकारी तथा ग्राफिक डिजाइनरका रूपमा काम गरेकी थिइन्। छ वर्षसम्म कामको तनाव झेलेपछि र थप दुई वर्ष स्वतन्त्र रूपमा काम गरेपछि उनी विज्ञापन सामग्री, पुस्तिका र अन्य डिजिटल सामग्री बनाउने कामबाट दिक्क भइन्। सन् २०२६ को वसन्तमा उनले नयाँ पेसा शुरु गर्ने निर्णय गरिन्। उनका अनुसार, सबै काम छिटो गर्नुपर्ने दबाब बढ़िरहेका बेला उनी स्क्रिन र किबोर्डबाट टाढ़ा रहेर वास्तविक सामग्रीसँग काम गर्न चाहन्थिन्। उनले ढुङ्गा कुँद्रे, रङ्गीन सिसाको काम, कढाइ र टेपेस्ट्रीजस्ता सीप पनि प्रयोग गरेर हेरिन्। अन्ततः मोजाइक कलालाई आफ्नो पेसाका रूपमा रोजिन्। उनले जेनेरेटिभ एआईसँग प्रतिस्पर्धा गर्ने वा आफ्नो काममा यसको प्रयोग गर्नुपर्ने बाध्यता स्वीकार गर्ने सामर्थ्य आफूमा नरहेको बताएकी छन्। आम्दानी घट्ने र पहिलेको जीवनस्तर कायम राख्न नसकिने सम्भावना हुँदाहुँदै पनि आफूलाई खुसी बनाउने काम रोज्नु उचित लागेको उनको भनाइ छ।

३४ वर्षीया आइना डिजिटल क्षेत्रमा एक दशकभन्दा बढ़ी काम गरेपछि हस्तकलातर्फ लागेकी छन्। ई–कमर्स परियोजना व्यवस्थापकबाट सञ्चार एजेन्सीको डिजिटल विभाग प्रमुख बनेकी उनले सन् २०२३ देखि २०२६ सम्म एआईसम्बन्धी कामसमेत सम्हालेकी थिइन्। तर च्याटबट र स्वचालित प्रणालीले ग्राहक र कर्मचारीबीचको प्रत्यक्ष सम्पर्क घटाउँदै लगेको उनको अनुभव थियो। कम्पनीले आर्थिक कारण देखाउँदै उनलाई कामबाट हटाएपछि उनले माडागास्करमा रेशमका कपड़ा र काठका सजावटी सामग्री बनाउने आफ्नै कार्यशाला शुरु गरिन्। अहिले उक्त कार्यशालामा पाँच महिलाले रोजगारी पाएका छन्। उनीअनुसार, नयाँ कामले मानवीय सम्बन्ध र स्थानीय उत्पादनसँग पुनः जोड़िने अवसर दिएको छ। एआईको वातावरणीय प्रभावप्रति पनि उनले चिन्ता व्यक्त गरेकी छन्। सञ्चार क्षेत्रमा काम गरेका २९ वर्षीय जोनासले पनि एआईको प्रयोग बढ़ेपछि आफ्नो कामको स्वरूप बिग्रिएको अनुभव गरे। उनले काम गरेको एजेन्सीमा सन् २०२४ देखि बैठकका टिपोट, सारांश र प्रस्तुतीकरण तयार गर्न एआईको प्रयोग हुन थालेको थियो। यसले काम छिटो बनाए पनि सिर्जनात्मक पक्ष कमजोर भएको र कर्मचारीमाथि कामको बोझ बढ़ेको उनको भनाइ छ। कामको अत्यधिक चापका कारण तनावमा परेपछि उनले सन् २०२५ मा जागिर छाड़े। अहिले उनी बोर्डो क्षेत्रमा अर्थशास्त्र तथा सामाजिक विज्ञानका शिक्षकका रूपमा काम गर्छन्। पहिले मासिक करिब ३ हजार युरो कमाउने उनी अहिले १ हजार ८०० युरो खुद आम्दानी गर्छन्। आम्दानी घटे पनि नयाँ कामले बौद्धिक स्वतन्त्रता र सन्तुष्टि दिएको उनको भनाइ छ।

पेरिस–डोफिन विश्वविद्यालयकी समाजशास्त्रकी सहप्राध्यापक आन जोर्डनका अनुसार, हातले गरिने पेसामा जाने युवाको सङ्ख्या बढ़ेको भए पनि यस्तो परिवर्तन गर्नेहरू अझै अल्पमतमा छन्। एआईले अध्ययनका क्रममा युवाले देखेका व्यावसायिक सम्भावना र वास्तविक कार्यस्थलको अनुभवबीचको दूरी थप बढ़ाएको उनको विश्लेषण छ। युवा श्रमिकहरू आफ्नो जीवनभर एउटै पेसा वा संस्थामा काम गर्नुपर्ने सोचबाट टाढ़िँदै गएको रोजगारसम्बन्धी अर्थशास्त्री लिसा फेइस्ट बताउँछिन्। यद्यपि, सबैले लामो तालिम लिएर पेसा परिवर्तन गर्न सक्दैनन्। घरको ऋण र नियमित आम्दानीको आवश्यकताले कतिपयलाई अर्को क्षेत्रमा जान कठिन बनाएको छ। विज्ञापन क्षेत्रमा काम गरेकी ३३ वर्षीया एनोरा भने तालिममा लामो समय खर्च नगरी रिसेप्सनिस्टको कामबाट कार्यक्रम व्यवस्थापनतर्फ अघि बढ़ेकी छन्। प्रत्यक्ष मानिससँग भेटघाट गर्नुपर्ने कामले आफूलाई बढ़ी सन्तुष्टि दिएको उनको भनाइ छ। ●

अमेरिकी चुनाउअघि ट्रम्पलाई अनेक झट्का

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई मध्यावधि निर्वाचन नजिकिँदै गर्दा अन्तरराष्ट्रिय घटनाक्रम व्यवस्थापन गर्न थप चुनौती देखिएको छ। रूससँगको डिजेल सम्झौताले आफ्नै दलभित्र असन्तुष्टि, युक्रेनसँगको ऊर्जा युद्धविराम कार्यान्वयनमा अन्योल र मध्यपूर्वको तनावले विश्व बजारमा तेलको मूल्य बढ़्ने जोखिम लगायतका समस्या व्यवस्थापनका चुनौती ट्रम्पसामु छन्। इन्धनको मूल्य घटाएर अमेरिकी मतदाताको असन्तुष्टि कम गर्ने प्रयासमा रहेका ट्रम्पका लागि रूस–युक्रेन युद्ध र मध्यपूर्वको बढ़्दो तनाउ थप टाउको दुखाइ बनेका छन्।

कङ्ग्रेसको नियन्त्रण कसको हातमा रहने भन्ने निर्णय गर्ने अमेरिकी मध्यावधि निर्वाचन आउन केही सातामात्र बाँकी छ। केही प्रतिस्पर्धात्मक क्षेत्रमा मतदानसमेत शुरु भइसकेको अवस्थामा ट्रम्पले इन्धनको मूल्य घटाउने उपाय खोज्दै रूसतर्फ ध्यान केन्द्रित गरेका छन्। तर अन्तरराष्ट्रिय राजनीतिमा उनले अपेक्षा गरेजस्तो सहज परिणाम देखिएको छैन। रूससँगको इन्धन सम्झौता, रूस–युक्रेन ऊर्जा युद्धविरामको अनिश्चितता र मध्यपूर्वमा बढ़्दो हिंसाले विश्व ऊर्जा बजारलाई थप अस्थिर बनाउने जोखिम बढ़ाएको छ।

रूससँग डिजेल सम्झौता, दलभित्रै विरोध

शुक्रवार दिउँसो ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग नयाँ सम्झौता भएको घोषणा गरे। सम्झौताअनुसार आगामी महिनाहरूमा अमेरिकाले रूसबाट ठूलो परिमाणमा डिजेल इन्धन प्राप्त गर्ने उनको दाबी थियो। अमेरिकामा इन्धनको उच्च मूल्य मतदाताको असन्तुष्टिको प्रमुख कारण बनेको छ। विशेषगरी डिजेलमा निर्भर कृषि क्षेत्रका लागि इन्धन महँगिनु ठूलो समस्या हो। मध्यपश्चिमी अमेरिकी राज्यहरूमा कृषि उपकरण सञ्चालन गर्न र उत्पादित वस्तु बजारसम्म पुऱ्याउनु डिजेलको व्यापक प्रयोग हुन्छ। मतसर्वेक्षणहरूले इन्धन महँगिनुको प्रमुख कारणका रूपमा इरान युद्धलाई अमेरिकी मतदाताले लिएको देखाउने लेखमा उल्लेख छ। युद्ध र अर्थतन्त्र व्यवस्थापनप्रति ट्रम्पको अनुमोदन पनि घटेको बताइएको छ। ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत रूसी डिजेल सम्झौताले अमेरिकी उपभोक्तालाई सस्तो इन्धन उपलब्ध गराउने दाबी गरे। त्यससँगै उनले रूसी डिजेल विश्व बजारमा बिक्री गर्न रोक लगाउने अमेरिकी प्रतिबन्ध निलम्बन गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिए। तर यो निर्णयले ट्रम्पकै रिपब्लिकन पार्टीभित्र असन्तुष्टि बढ़ाएको छ। रिपब्लिकन पार्टीका चार सिनेटरसहित डेमोक्र्याट सांसदहरूले रूसी इन्धन आयात खुला गर्ने निर्णय तत्काल उल्ट्याउन माग गर्दै पत्र लेखेका छन्।

"पुटिनको क्रूर युद्धमा अमेरिकी डलर प्रयोग हुन नदिन कंग्रेसले सन् २०२२ मा रूसी ऊर्जा आयातमा स्पष्ट प्रतिबन्ध लगाएको थियो," सिनेटरहरूले आइतवार जारी गरेको वक्तव्यमा भनेका छन्। उनीहरूका अनुसार ट्रम्पको पछिल्लो निर्णय युक्रेनविरुद्धको युद्धमा रूसलाई आर्थिक सहयोग पुग्न नदिने अमेरिकी नीतिविपरीत छ। क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले पनि रूससँगको डिजेल सम्झौताको आलोचना गरेका छन्। उनले यसले युरोपको शान्ति र स्थिरतामा असर पार्ने तथा युक्रेनविरुद्धको रूसको युद्धलाई वित्तीय सहयोग पुग्ने बताएका छन्।

युद्धविराम घोषणा, तर युक्रेनमाथि फेरि आक्रमण

रूससँगको डिजेल सम्झौता घोषणा गरेको दुई दिनपछि ट्रम्पले रूस र युक्रेनबीच ऊर्जा पूर्वाधारमा आक्रमण नगर्ने युद्धविराम सहमति भएको दाबी गरे। तर उक्त सहमतिको वास्तविक अवस्था अस्पष्ट देखिएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सम्झौताबारे आफूलाई अग्रिम जानकारी नदिइएको बताए। यद्यपि, युक्रेनले सहमति पालना गर्ने उनको भनाइ थियो। रूसले भने यसबारे कुनै स्पष्ट प्रतिक्रिया दिएन। आइतवार राति रूसले युक्रेनका ऊर्जा केन्द्रहरूमा पुनः आक्रमण गऱ्यो। 'पुटिनले ट्रुथ सोसल पढ़्दैनन् भन्ने स्पष्ट छ,' जेलेन्स्कीले सोमवार व्यङ्ग्यात्मक टिप्पणी गरे। उनले रूसले ऊर्जा युद्धविराममा सहमति नजनाए आगामी हिउँदमा युक्रेनले पनि जवाफ दिने बताए। ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा रूस–युक्रेन युद्धबारे पटकपटक धारणा परिवर्तन गर्दै आएका छन्। कहिले रूसलाई त कहिले युक्रेनलाई युद्ध लम्बिनुको दोष दिँदै आएका उनले आफू ह्वाइट हाउस फर्किएपछि युद्ध सजिलै अन्त्य गर्न सकिने बताएका थिए। पछिल्ला दिनमा भने ट्रम्पको निशानामा जेलेन्स्की परेका छन्। युक्रेनले रूसी तेल प्रशोधन केन्द्र र ऊर्जा पूर्वाधारमा गरेको आक्रमणले विश्व बजारमा इन्धन आपूर्तिमा दबाब परेको ट्रम्पको तर्क छ। शनिवार ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले युक्रेनले नयाँ राष्ट्रपति पाउनुपर्ने टिप्पणी गरेका थिए।

फाइनान्सियल टाइम्स र सीएनएनले अमेरिकी प्रशासनले रूसी तेल प्रशोधन केन्द्रमाथिका आक्रमण रोक्न जेलेन्स्कीलाई दबाब दिँदै आएको र त्यसका लागि युक्रेनलाई हतियार बिक्री तथा गुप्तचर सूचना साझेदारी रोक्ने चेतावनी दिएको रिपोर्ट सार्वजनिक गरेका छन्। स्वतन्त्र अनुसन्धान संस्था पान्जिया पोलिसीका संस्थापक टेरी हेन्सका अनुसार आफूले चाहेको समयमा र आफूले चाहेजस्तो निर्णय नगर्ने व्यक्तिमाथि ट्रम्पले सार्वजनिक रूपमा आक्रोश पोख्ने गरेको लामो अभिलेख छ। ट्रम्पले ऊर्जा युद्धविरामको घोषणा सम्झौता पूर्ण रूपमा कार्यान्वयन हुनुअघि नै गरेको हुन सक्ने विश्लेषण रिपोर्टमा गरिएको छ।

> **"इन्धनको मूल्य घटाएर अमेरिकी मतदाताको असन्तुष्टि कम गर्ने प्रयासमा रहेका ट्रम्पका लागि रूस–युक्रेन युद्ध र मध्यपूर्वको बढ़्दो तनाउ थप टाउको दुखाइ बनेका छन्।"**

यसअघि पनि उनले मध्यपूर्वमा युद्धविराम र व्यापक शान्ति सम्झौताबारे समयअगावै घोषणा गरेका उदाहरण छन्। यो कूटनीतिक प्रक्रियाको सुस्त गतिप्रतिको अधैर्य हो वा सम्झौतालाई अन्तिम रूप दिन दबाब सिर्जना गर्ने वार्ताको रणनीति, त्यसको स्पष्ट जवाफ छैन। तर यस्ता घोषणाले अन्तरराष्ट्रिय समुदायमा अन्योल सिर्जना गर्ने र विभिन्न पक्षलाई तत्काल प्रतिक्रिया दिन बाध्य पार्ने गरेको छ।

डिजेलको मूल्यमा अपेक्षित राहत छैन

ट्रम्पको ऊर्जा युद्धविराम घोषणाले पनि तत्काल इन्धनको मूल्य घटाउन सकेको छैन। डिजेलको मूल्य यसअघि पुगेको उच्चतम स्तरभन्दा तल रहे पनि प्रतिग्यालन ६ डलरभन्दा माथि रहेको छ। यसले ट्रम्पका लागि अर्को समस्या थपेको छ। रूससँगको सम्झौताले अमेरिकी बजारमा सस्तो इन्धन उपलब्ध गराउने उनको दाबीलाई तत्काल मूल्यमा देखिएको परिवर्तनले पुष्टि गरेको छैन। अमेरिकामा इन्धनको मूल्यले उपभोक्ताको दैनिक खर्चदेखि कृषि उत्पादनको लागतसम्म प्रभाव पार्छ। त्यसैले मूल्य घटाउने प्रतिबद्धता पूरा हुन नसके त्यसको राजनीतिक असर पनि ट्रम्पले बेहोर्नुपर्ने हुन सक्छ।

साउदी अरबमा हुथी आक्रमण, तेल बजारमा थप जोखिम

रूस–युक्रेन युद्धका घटनाक्रम चलिरहँदा मध्यपूर्वमा पनि हिंसा बढ़ेको छ। साउदी अरबका विमानस्थल र ऊर्जा पूर्वाधारलाई लक्षित गरी हुथी विद्रोहीले गरेको आक्रमणले क्षेत्रीय द्वन्द्व थप चर्किने जोखिम बढ़ाएको छ। सप्ताहान्तमा भएका आक्रमणमा कम्तीमा १३ जनाको मृत्यु भएको लेखमा उल्लेख छ। अमेरिकाले इरानसँग युद्ध शुरु गरेपछि केही समयदेखि तनावमा रहेको क्षेत्रीय द्वन्द्वमा हुथी आक्रमणले थप दबाब सिर्जना गरेको छ। साउदी अरबका लागि पूर्वअमेरिकी राजदूत माइकल ऱ्याट्नीका अनुसार हुथीहरूले सैन्य र ऊर्जा पूर्वाधारमा मात्र नभई सर्वसाधारणले प्रयोग गर्ने विमानस्थललाई समेत निशाना बनाइरहेका छन्।

'यो हुथीहरूले दिएको सन्देश हो– उनीहरूले सैन्य लक्ष्य र ऊर्जा पूर्वाधारमा मात्र होइन, ठूलो मानवीय क्षति हुन सक्ने नागरिक विमानस्थलमा पनि आक्रमण गर्नेछन्,' उनले बीबीसीसँग भनेका छन्। ऱ्याट्नीका अनुसार क्षेत्रका कुनै पनि अरब राष्ट्रले अमेरिका–इरान युद्ध चाहेका थिएनन्। तर त्यसबाट उत्पन्न तनावको परिणामका रूपमा पछिल्ला आक्रमणलाई हेर्न सकिन्छ। अमेरिका र इरानबीचको गतिरोध लम्बिँदै जाँदा नयाँ सैन्य गतिविधि शुरु भए क्षेत्रीय द्वन्द्व थप फैलिन सक्छ। त्यसको प्रत्यक्ष असर विश्व बजारमा तेलको आपूर्तिमा पर्न सक्छ र मूल्य पुनः बढ़्न सक्छ। 'तनाव वास्तविक रूपमा कम हुनुअघि परिस्थिति अझ खराब हुने मेरो अनुमान छ,' ऱ्याट्नीले भनेका छन्।

ऊर्जा सङ्कटको दोष युक्रेनलाई देखाउने ट्रम्पको प्रयास

पछिल्ला साताहरूमा ट्रम्पले विश्व ऊर्जा सङ्कटको प्रमुख कारण मध्यपूर्वभन्दा युक्रेनलाई देखाउँदै आएका छन्। इरानको सैन्य धम्कीका कारण प्रभावकारी रूपमा अवरुद्ध बनेको स्ट्रेट अफ होर्मुज हुँदै अहिले तेल ट्याङ्करको आवागमन बढ़ेको उनको तर्क छ। तर यो व्याख्या अमेरिकी जनताको ध्यान ऊर्जा सङ्कटको कारणतर्फ मोड़्ने प्रयास पनि हुन सक्ने विश्लेषणमा उल्लेख छ। ट्रम्पले अहिले दोष दिइरहेको युक्रेन युद्ध भने अर्का राष्ट्रपतिको कार्यकालमा शुरु भएको थियो। यद्यपि, अमेरिकी राजनीतिमा वर्तमान सरकारलाई नै जनताले जवाफदेही बनाउने प्रवृत्ति छ। निर्वाचनमा मतदाताले तत्कालीन राष्ट्रपतिको कार्यकालमा देखिएका आर्थिक समस्या र नीतिगत निर्णयलाई आधार बनाउने गर्छन्। मध्यावधि निर्वाचन नजिकिँदै गर्दा ट्रम्पका लागि यही चुनौती महत्त्वपूर्ण छ। उनले इन्धनको मूल्य घटाउने र अन्तरराष्ट्रिय द्वन्द्व नियन्त्रण गर्ने प्रतिबद्धता जनाए पनि रूस–युक्रेन युद्ध, मध्यपूर्वको तनाव र विश्व ऊर्जा बजारको अनिश्चितताले त्यसलाई कठिन बनाइरहेका छन्। अन्तरराष्ट्रिय ऊर्जा सङ्कटको सहज समाधान नदेखिएको अवस्थामा यसको आर्थिक भार अमेरिकी उपभोक्ताले बेहोर्नुपर्ने र त्यसको राजनीतिक जिम्मेवारी पनि वर्तमान राष्ट्रपति ट्रम्पमाथि पर्ने सम्भावना छ। निर्वाचनको मुखमा ट्रम्पका लागि यही विषय थप दबाबको कारण बन्न सक्छ।●

बालोन डी'ओर': केनले कसरी रचे इतिहास?

गएको सिजन क्लबका लागि ५१ खेल खेल्दै ६१ गोल गरेका केनले कुनै एक सिजनमा बायर्नका खेलाड़ीले गरेको सर्वाधिक गोलको कीर्तिमान बनाएका थिए। इङ्ग्ल्याण्डका खेलहरू समेत जोड्दा उनले ६५ खेलमा ७३ गोल र आठ असिस्ट आफ्नो नाममा दर्ता गराए।

लण्डनमा आयोजित एक विशेष समारोहबीच बायर्न म्युनिखका स्ट्राइकर ह्यारी केन विश्वको उत्कृष्ट खेलाड़ी घोषित हुँदै प्रतिष्ठित 'बालोन डी'ओर' जित्न सफल भएका छन्।

सन् २००१ मा माइकल ओवेनले जितेयता यो उपाधि चुम्ने केन पहिलो इङ्ग्लिस खेलाड़ी बनेका छन्। ३३ वर्षीय केन यो अवार्ड जित्ने समग्रमा पाँचौँ इङ्ग्लिस खेलाड़ी हुन्। उनीअघि स्टेनली म्याथ्युज (१९५६), बबी चार्टेन (१९६६) तथा केभिन किगन (१९७८ र १९७९) ले यो अवार्ड जितेका थिए। संयुक्त अधिराज्य (यूके)–बाट यो उपाधि जित्ने अन्य खेलाड़ीहरूमा स्कटल्याण्डका डेनिस ल (१९६४) र उत्तरी आयरल्याण्डका जर्ज बेस्ट (१९६८) रहेका छन्।

यसपटकको प्रतिस्पर्धामा रियल म्याड्रिड तथा फ्रान्सका फरवार्ड किलियन एम्बाप्पे दोस्रो र बार्सिलोना तथा स्पेनका युवा खेलाड़ी लामिन यामाल तेस्रो भए।

उपाधि जितेपछि 'डाजन' सँग कुरा गर्दै केनले भने, ''धेरै मानिसले यस्तो सोचेका थिएनन् होला, सायद म आफैले पनि यहाँसम्म आइपुग्छु भनेर सोचेको थिइनँ। विशेषगरी आफ्नो खेलजीवनको शुरुआती दिनहरूमा मैले धेरै उतारचढाव भोग्नुपयो। अहिलेका कतिपय खेलाड़ीजस्तै म भविष्यको सुपरस्टार बन्छु भनी कसैले अनुमान गरेका थिएनन्।''

उनले अगाडि थपे, ''मैले आफ्नो समयको पर्खाइ गर्दै कड़ा मिहिनेत गर्नुपऱ्यो। धेरैपटक मैले आफ्नै मानसिक द्वन्द्वसँग जुधुपऱ्यो र त्यसबाट पार पाउँदै आफूमाथिको विश्वास र दृढ़ सङ्कल्प देखाउनुपऱ्यो। उच्चस्तरमा पुगेपछि पनि निरन्तर सुधार गर्न र अझ राम्रो बन्नका लागि त्यही सङ्घर्षले मलाई धरातलमा राखिरह्यो।''

इङ्ग्ल्याण्डका मुख्य प्रशिक्षक थोमस टुचेलले केनले यो अवार्ड जितेको देख्दा आफू 'अत्यन्तै खुशी' भएको बताउँदै उनको यो सफलतालाई 'ठुलो सम्मान' को संज्ञा दिए। यस्तै, बेलायती राजकुमार विलियमले पूर्व टोटेनह्याम हटस्परका खेलाड़ी केनलाई 'उत्कृष्ट कप्तान' र 'अद्भुत खेलाड़ी' भन्दै प्रशंसा गरे।

गएको सिजन क्लबका लागि ५१ खेल खेल्दै ६१ गोल गरेका केनले कुनै एक सिजनमा बायर्नका खेलाड़ीले गरेको सर्वाधिक गोलको कीर्तिमान बनाएका थिए। इङ्ग्ल्याण्डका खेलहरू समेत जोड्दा उनले ६५ खेलमा ७३ गोल र आठ असिस्ट आफ्नो नाममा दर्ता गराए।

युरोपका शीर्ष पाँच लीगमा खेल्ने क्लबहरूमध्ये एकै सिजनमा योभन्दा बढ़ी गोल गर्ने खेलाड़ी अहिलेसम्म एकजना मात्र रहेका छन्।

फुटबलका दुई ठुला उपाधि– विश्वकप र च्याम्पियन्स लीग दुवैको सेमिफाइनलमै पराजित भए पनि केनले यो व्यक्तिगत उपाधि हात पारे। यससँगै उनी सन् १९८१ मा कार्ल हेइन्ज रुमेनिगेपछि बालोन डी'ओर जित्ने पहिलो बायर्न म्युनिखका खेलाड़ी बनेका छन्।

केनको यस सफलताको सम्मानमा सोमवार राति वेम्बली स्टेडियमका आर्चहरूलाई सुनौलो बत्तीले झिलिमिली पारिएको थियो।

केनले यो उपाधि कसरी जिते र प्रमुख ट्रफी नजितीकन पनि बालोन डी'ओर जितु कति दुर्लभ घटना हो भन्नेबारे बीबीसी स्पोर्टले गरेको विश्लेषणः

केनको कीर्तिमानी २०२५-२६ सिजन

उपाधिको हिसाबले हेर्दा केनले गएको सिजन जर्मन लीग र कप गरी 'जर्मन डबल' मात्र जितेका हुन सक्छन्। तर, त्यसले अघिल्लो सिजन जितेको बुन्डेसलिगासहित उनको समग्र खेल जीवनको ट्रफी सङ्ख्यालाई दोब्बरभन्दा बढ़ी बनाइदियो।

व्यक्तिगत प्रदर्शनको मूल्याङ्कन गर्दा भने गएको सिजन केनको स्तरमा कोही पनि पुग्न सकेनन्। यसअघि बालोन डी'ओरमा उनको उत्कृष्ट नतिजा १०औँ स्थानसम्म मात्र थियो।

बायर्नका लागि सबै प्रतियोगितामा गरी उनले गरेको ६१ गोल युरोपका शीर्ष पाँच लीगका अन्य कुनै पनि खेलाड़ीको तुलनामा १९ गोलले बढ़ी थियो। ११ वर्षअघि क्रिस्टियानो रोनाल्डोले रियल म्याड्रिडका लागि ६१ गोल गरेयता एकै सिजनमा यति धेरै गोल गर्ने केन पहिलो खेलाड़ी बने।

उनी ३६ गोल गर्दै दोस्रो स्थानका खेलाड़ीभन्दा १७ गोलको फराकिलो अन्तरसहित बुन्डेसलिगाको सर्वाधिक गोलकर्ता बने। च्याम्पियन्स लीगको सेमिफाइनलसम्म पुगेको बायर्नका लागि उनले १४ गोल गरे। यस्तै जर्मन कपमा १० गोल गर्ने क्रममा उनले फाइनलमा स्टुटगार्टविरुद्धको ३–० गोल अन्तरको जीतमा ह्याट्रिक प्रहार गरे भने जर्मन सुपर कपमा पनि एक गोल थपे।

गर्ड मुलर, रुमेनिगे र रोबर्ट लेवान्डोस्कीजस्ता महान् गोलकर्ताहरूको लामो इतिहास बोकेको बायर्नका लागि एकै सिजनमा कुनै पनि खेलाड़ीले यति धेरै गोल गर्न सकेका थिएनन्।

गएको सिजन इङ्ग्ल्याण्डका लागि गरेको १२ गोल (जसमा विश्वकपका छः गोल समावेश छन्) सँगै उनको कुल गोलसङ्ख्या ७३ पुगेको हो।

युरोपका शीर्ष लीगहरूको इतिहासमा एकै सिजन योभन्दा बढ़ी गोल गर्ने खेलाड़ीमा लियोनल मेस्सी मात्र छन्, जसले सन् २०११–१२ मा बार्सिलोना र अर्जेन्टिनाका लागि ८२ गोल गरेका थिए।

यस सूचीमा क्रमशः मुलर (१९७२–७३ मा ७२ गोल), क्रिस्टियानो रोनाल्डो (२०११–१२ र २०१४–१५ दुवैमा ६६ गोल), ब्राजिलका पूर्व स्ट्राइकर रोनाल्डो (१९९६–९७ मा ६६ गोल), अर्लिङ हालान्ड (२०२२–२३ मा ६४ गोल) र लुइस सुआरेज (२०१५–१६ मा ६४ गोल) रहेका छन्।

इङ्ग्ल्याण्डका पूर्व स्ट्राइकर एलन सिएररले केही समयअघि बीबीसी स्पोर्टसँग कुरा गर्दै भनेका थिए, ''बालोन डी'ओरको हकदार ह्यारी केन नै हुनुपर्छ। पछिल्लो १२ देखि १८ महिनामा बायर्न र इङ्ग्ल्याण्डका लागि उनको तथ्याङ्क साँच्चिकै सनसनीपूर्ण छ। त्यसैले उनले यो अवार्ड पाउनुपर्छ।''

अर्का पूर्व खेलाड़ी ड्यानी मर्फीले थपे, ''उनको गोल गर्ने क्षमता अविश्वसनीय र उत्कृष्ट रह्यो। उनले आफ्नो खेलजीवनकै सर्वोत्कृष्ट सिजन बिताएका छन्। त्यसैले यो ट्रफी पाउनु उनका लागि ठूलो पुरस्कार हुनेछ। बायर्न म्युनिख गएदेखि नै उनी निकै राम्रोसँग घुलमिल भए र पछिल्लो १२ महिना उनी विश्वकै उत्कृष्ट सेन्टर फरवार्ड रहे।''

प्रमुख उपाधि नजिती बालोन डी'ओर पाउनु कति दुर्लभ?

सन् १९५६ मा स्थापना भएदेखि सन् १९९५ सम्म बालोन डी'ओर युरोपेली खेलाड़ीहरूलाई मात्र दिइन्थ्यो। त्यसपछि यसलाई विश्वभरिका खेलाड़ीहरूका लागि खुला गरियो।

त्यसयता विश्वकप आयोजना भएका सात वर्षमध्ये चारपटक विश्व विजेता खेलाड़ीले नै बालोन डी'ओर जितेका छन् (सन् २०२२ को विश्वकप जाड़ोयाममा सम्पन्न भएका कारण सन् २०२३ मा मेस्सीले उपाधि जितेका थिए)।

यद्यपि, सन् २००६ यता विश्व विजेताले नै अवार्ड जित्ने चलन विरलै देखियो। त्यसयता विश्वकप नजिते पनि मेस्सी, क्रिस्टियानो रोनाल्डो र लुका मोड्रिचले बालोन डी'ओर हात पारेका थिए।

पछिल्लो २० वर्षको अवधिमा विश्वकप, च्याम्पियन्स लीग वा युरोकप/कोपा अमेरिकामध्ये कुनै पनि ठूलो उपाधि नजितीकन बालोन डी'ओर जित्ने केन केवल पाँचौँ खेलाड़ी हुन्। उनीअघि मेस्सी (तीनपटक) र रोनाल्डोले मात्र यस्तो उपलब्धि हासिल गरेका थिए।

स्पेनसँग विश्वकप जितेका लामिन यामाल यसपटक प्रमुख दाबेदार मानिए तापनि केनसामु पछि पर्न पुगे। गएको वर्ष च्याम्पियन्स लीगको उपाधिले पीएसजी तथा फ्रान्सका उस्मान डेम्बेलेलाई बालोन डी'ओर दिलाउन मद्दत गरेको थियो।

के केनले लगातार दोस्रोपटक उपाधि जित्न सक्लान्?

केनले भर्खरै बालोन डी'ओर जिते पनि अर्को वर्ष पनि उनले यो अवार्ड जोगाउन सक्ने सम्भावनाबारे चर्चा शुरु भइसकेको छ।

चालू सिजनमा उनले बायर्नका लागि शुरुआती १२ खेलमै १० गोल गरिसकेका छन्। यस्तै इङ्ग्ल्याण्डका लागि नेसन्स लीगका चार खेलमा छः गोल थप्दै उनले अहिलेसम्म कुल १६ खेलमा १६ गोल पुऱ्याइसकेका छन्। बायर्न यस सिजन बुन्डेसलिगा र च्याम्पियन्स लीग दुवैमा अपराजित छ।

यदि बायर्नले 'ट्रेबल' (तीन मुख्य उपाधि) जित्यो र केनले प्रतिखेल औसत एक गोल गर्ने लय कायम राखे भने, विश्वकप, युरोकप वा कोपा अमेरिका नहुने आगामी वर्ष उनलाई पछि पार्न निकै कठिन हुनेछ।

मेस्सी र रोनाल्डोबाहेक लगातार दुईपटक यो उपाधि जित्ने पछिल्लो खेलाड़ी मार्को भान बास्टेन (१९८८ र १९८९) थिए।

यद्यपि, लगातार दुई वर्ष दोस्रो स्थानमा चित्त बुझाएका लामिन यामाल अर्को वर्ष उपाधि जित्ने दाउमा रहनेछन्। उनले यस सिजन ला लिगा र च्याम्पियन्स लीगका १३ खेलमा १० गोल र १० असिस्ट गर्दै शानदार शुरुआत गरिसकेका छन्।

हाल बार्सिलोना च्याम्पियन्स लीग जित्ने प्रमुख दाबेदार मानिएको छ, जुन अन्ततः बालोन डी'ओरको निर्णायक आधार बन्न सक्छ। यदि अर्को वर्ष यामालले उपाधि जिते भने उनी २० वर्षको उमेरमै बालोन डी'ओर जित्ने इतिहासकै सबैभन्दा कान्छा खेलाड़ी बन्नेछन्।

क्लब र देशका लागि १३ खेलमा १४ गोल गरिसकेका रियाल म्याड्रिडका किलियन एम्बाप्पे पनि पहिलोपटक यो उपाधि जित्ने प्रयासमा हुनेछन्। हालसम्म सबैभन्दा कान्छो उमेरमा यो अवार्ड जित्ने कीर्तिमान ब्राजिलका रोनाल्डोको नाममा छ, जसले सन् १९९७ मा २१ वर्षको उमेरमा यो उपाधि जितेका थिए।

बालोन डी'ओर विजेता जन्माउन नसकेको आर्सनल र पेरिश सेन्ट जर्मेन (पीएसजी) पनि यस सिजन च्याम्पियन्स लीग जित्ने अन्य प्रमुख दाबेदारका रूपमा अघि बढ़ेका छन्।



फुटबलका दुई हस्ती: एकको गौरवपूर्ण बिदाइ, अर्काको सम्भावित तितो अन्त्य

एकै रात, जहाँ एक फुटबल लिजेन्डले आफ्नो देशबाट भव्य बिदाइ पाए, करिब ६ हजार माइल टाढ़ा, अर्काले राष्ट्रिय टोलीका प्रशिक्षकबाट आफूमाथि भएका सबै अन्यायबारे चर्चा गर्दै लामो वक्तव्य जारी गरे।

अर्जेन्टिनाका महान् खेलाड़ी लियोनल मेस्सीले ब्युनोस आयर्समा दर्शकको ताली बटुले। एउटा भावुक रातमा बेनिनविरुद्ध गोल गर्दै उनको सानदार अन्तरराष्ट्रिय करियरको अन्त्य भयो।

उता, पोर्चुगलका स्टार क्रिस्टियानो रोनाल्डोले सामाजिक सञ्जालमा एक वक्तव्य जारी गर्दै व्यवस्थापक जर्ज जेससमाथि 'विश्वासको पूर्ण उल्लङ्घन' गरेको आरोप लगाए साथै आफ्ना कार्यहरूका लागि आफू पनि जबाफदेही हुनुपर्ने उनले स्वीकार गरे।

प्रेरणाको प्रतिबिम्ब स्वयंमा पाउनका लागि म्यानचेस्टर युनाइटेड र रियल म्याड्रिडका पूर्व फरवार्डले गत हप्ता आफ्नो देशको नेसन्स लीग क्याम्प छाड़ेका थिए। नर्वेविरुद्धको खेलमा बेञ्चमै सीमित भएपछि र डेनमार्कविरुद्ध पनि आफू पहिलो रोजाइमा नपर्ने थाहा पाएपछि उनले यस्तो कदम चालेका हुन्।

पोर्चुगिज पत्रकार जोसे डेल्गाडोका अनुसार रोनाल्डो र पोर्चुगलका लागि 'अब कुराहरू पहिले जस्तो कहिल्यै हुनेछैनन्।' त्यसोभए के यो अन्त्यको शुरुआत हो त?

जेससले रोनाल्डोका लागि राष्ट्रिय टोलीमा फर्कने ढोका खुल्ला रहेको बताएका छन्, तर के साँच्चै त्यस्तो छ त? वा यो गाथा यस्तै चलिरहनेछ, जसले सम्भवतः सर्वकालीन महान् खेलाड़ीमध्ये एकको अन्तरराष्ट्रिय करियरको पाना बन्द गर्न सक्छ?

रोनाल्डोसँग के भइरहेको छ?

रोनाल्डोको यो गाथा केही समयदेखि चलिरहेको छ। यसपालिको गृष्मकालीन विश्वकपमा रोनाल्डोलाई पहिलो रोजाइमै खेलाउने पूर्व पोर्चुगिज प्रशिक्षक रोबर्टो मार्टिनेजको ढिपीलाई लिएर धेरै प्रशंसकले आलोचना गरेका थिए।

४१ वर्षको उमेरमा रोनाल्डो पहिले जस्तो ऊर्जावान खेलाड़ी रहेनन्। उनको उपस्थितिले टोलीलाई मद्दत गर्नुको साटो बरु बाधा पुऱ्याएको धेरैको बुझाइ छ।

यद्यपि, नर्वेविरुद्धको नेसन्स लीग जीतमा रोनाल्डो प्रयोगविहीन विकल्प (अनयुज्ड सब्स्टिच्युट) बनेपछि स्थिति उत्कर्षमा पुग्यो। नोभेम्बरमा डेनमार्कविरुद्ध पनि आफू शुरुआती ११ मा नपर्ने थाहा पाएपछि उनले क्याम्प छाड़ेका थिए।

रोनाल्डोले इन्स्टाग्राममा करिब २००० शब्दको वक्तव्य जारी गर्दै जेससले दुईपटक 'आफ्नो वाचा तोड़ेको' बताए। खेलाउने भनेर पनि नर्वेविरुद्ध नखेलाएको र त्यसपछि सञ्चारमाध्यममा सहमति भएको कुरा राख्ने निर्णयबाट पछि हटेको भन्दै उनले प्रशिक्षकमाथि 'विश्वासको पूर्ण उल्लङ्घन' गरेको आरोप लगाए।

क्याम्प छाड़ेकोमा प्रशंसक र सहकर्मीहरूसँग माफी माग्दै रोनाल्डोले त्यसको परिणाम मूल्याङ्कन गरी दण्डित गरिनुपर्ने बताए साथै उनले पोर्चुगलका लागि आफ्नो अन्तिम खेल खेलिसकेको भन्ने कुनै पनि अनुमानलाई खारेज गरे।

''हामी एक वा सोभन्दा बढ़ी बिदाइ खेल खेल्नेछौँ, त्यसका लागि समय हुनेछ''–वक्तव्यमा भनिएको छ।

व्यवस्थापक जेससले रोनाल्डो फर्कन चाहेमा ढोका खुल्ला रहेको बताएका छन्, तर धेरैले अब क्षति भइसकेको औँल्याएका छन्।

पोर्चुगिज फुटबल पत्रकार डेल्गाडोले बीबीसी रेडियो फाइभ लाइभलाई भने, ''मलाई लाग्दैन अब फर्कने कुनै बाटो छ। वक्तव्यमा रोनाल्डोले आफू राष्ट्रिय टोलीमा फर्कने बताएका छन् तर सँगसँगै जेससलाई तीनपटक झुटो पनि भनेका छन्।''

''यस विषयमा पोर्चुगलमा गरिएको सर्वेक्षणमा, केवल १५ प्रतिशत पोर्चुगिज नागरिक रोनाल्डोको पक्षमा थिए। मानिसहरूले उनीप्रति हामी धेरै ऋणी छौँ भन्ने सोच्छन्, तर उनको समय अब सकिसक्यो र उनले यो कुरा बुझ्नुपर्छ।''

''समस्या यही हो, रोनाल्डोले यो कुरा बुझ्दैनन्। उनी ४१ वर्षको नभई २४ वर्षको भएर खेलिरहन चाहन्छन्''–उनले भने, ''कुराहरू अब पहिले जस्तो कहिल्यै हुनेछैनन्। जेसुकै होस्, उनले फेरि खेले पनि वा रोनाल्डोलाई बिदाइ गर्न कुनै खेल आयोजना गरिए पनि अवस्था कहिल्यै उस्तै हुनेछैन।''

''रोनाल्डोले पोर्चुगिज फुटबलका लागि जे गरे त्यो अद्वितीय र अविश्वसनीय छ। उनले पोर्चुगललाई दिएको सेवाका लागि हामीले उनलाई धन्यवाद दिनुपर्छ। तर, ४१ वर्षको उमेरमा, पोर्चुगलको उत्कृष्ट ११ मा उनको कुनै स्थान छैन''–उनले भने।

पोर्चुगल अण्डर–२१ को खेल हेरिरहेका कारण आफूले रोनाल्डोको वक्तव्य नहेरेको कुरा व्यवस्थापक जेससले बताएको खबर छ।

अल–नासरका फरवार्ड रोनाल्डोले पोर्चुगलका लागि २३४ खेलमा १४६ गोल गरेका छन्। यी दुवै विश्व कीर्तिमान हुन्। उनले टोलीलाई युरो २०१६ र दुईपटक नेसन्स लीग जिताउन मद्दत गरेका छन्।

क्लब र देशका लागि पूरा गर्न खोजेको १००० गोलको दुर्लभ आँकड़ा छुनुअघि रोनाल्डोले स्वेच्छाले राष्ट्रिय टोलीबाट संन्यास लिने सम्भावना कमै देखिन्छ। हाल उनको नाममा ९७९ गोल छन्। तर, के उनको कदमले अवस्थालाई सम्हाल्नै नसकिने बनाएको छ त? प्रशंसकहरूको कुरा गर्दा, विचारहरू विभाजित देखिन्छन्। लिस्बनका विभिन्न होर्डिङ बोर्डहरूमा रोनाल्डोको प्रशंसा र जेससको आलोचना गरिएका पोस्टरहरू टाँसिएका छन्।

पोर्चुगिज भाषामा त्यहाँ लेखिएको छः ''क्रिस्टियानो रोनाल्डो, तपाईँले पोर्चुगलका लागि गर्नुभएका सबै कुराका लागि धन्यवाद। तपाईँ सधैँ हाम्रो कप्तान रहनुहुनेछ।''

जर्ज जेसस जिम्मेवारीअनुसार खरो उत्रिन सकेनन्। संवेदनशीलताको कमी। कप्तानमाथि गलत व्यवहार। बढ़ेको अहङ्कार।''

डेनमार्कसँगको खेलमा, केही प्रशंसकले 'लभ यु जेसस' लेखिएको टि–सर्ट लगाएका थिए भने अरू भने शिरदेखि पैतालासम्म रोनाल्डोको जर्सी र सामग्रीमा सजिएका थिए।

मेस्सीको लागि अब के?

यसको ठीक विपरीत, मेस्सीले ब्युनोस आयर्सको 'द मोनुमेन्टल' स्टेडियममा भरिभराउ ८५,००० दर्शकका सामु आफ्नो उत्कृष्ट अर्जेन्टिनी करियरको पर्दा खसाले। जहाँ उनले एक विश्वकप र दुई कोपा अमेरिका जितेका छन्। विश्वकपमा अर्जेन्टिना उपविजेता बनेपछि र आफ्ना पिता जर्जको निधनपछि३९ वर्षीय मेस्सीले अगस्तमा अन्तरराष्ट्रिय फुटबलबाट संन्यासको घोषणा गरेका थिए।

'ला अल्बिसेलेस्टे'–का लागि आफ्नो अन्तिम खेलमा गोल गरेपछि मेस्सीले झण्डै १० मिनटसम्म आफ्ना प्रिय प्रशंसकहरूलाई सम्बोधन गरेका थिए। मेस्सीले आफू मैदान छाड्न नचाहेको स्वीकार्दा उनका केही सहकर्मीको आँखामा आँसु थियो।

''यतिबेला मेरो मनमा धेरै भावनाहरू खेलिरहेका छन्''–उनले भने, ''म पक्कै पनि भन्न चाहेका धेरै कुराहरू बिर्सिरहेको छु किनभने यो मेरो लागि निकै कठिन क्षण हो। मेरो दिमागमा आउने पहिलो व्यक्ति मेरा बुबा हुनुहुन्छ। म कृतज्ञ, गर्वित र शान्त भएर बिदा हुँदैछु। सबै कुराको लागि धन्यवाद''–उनले भने।

सामाजिक सञ्जालमा लेख्दै मेस्सीले थपे, ''हिजो मेरो अन्तिम खेल थियो र मैले अहिले नै हल्का नीलो र सेतो जर्सीलाई सम्झन थालिसकेको छु।''

''मलाई थाहा छ म सही निर्णय लिइरहेको छु। यो खुशी र केही दुखले भरिएको एक अविश्वसनीय यात्रा थियो, तर म पक्का छु, मैले चालेका हरेक कदम सार्थक थिए''–मेस्सीले भने। उनले आफ्नो परिवार, सहकर्मी र क्लबहरूलाई पनि धन्यवाद दिए साथै अर्जेन्टिनाका अर्का महान् खेलाड़ी स्वर्गीय डिएगो म्याराडोनाप्रति श्रद्धाञ्जली अर्पण गरे। उनको इन्स्टाग्राम पोस्टमा रोनाल्डोले पनि प्रतिक्रिया जनाउँदै लेखेका छन्, ''लियो, यति धेरै वर्षसम्म आफ्नो देशको प्रतिनिधित्व गरेपछि, तपाईँले यस्तो इतिहास रच्नुभएको छ, जुन सधैँभरि रहनेछ। तपाईँले अर्जेन्टिनासँग जे हासिल गर्नुभयो त्यसप्रति मेरो उच्च सम्मान छ।''

अर्जेन्टिनाका लागि सर्वाधिक खेल खेल्ने र सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाउँदै मेस्सी बिदा भए। तर, उनले मेजर लीग सकर (एमएलएस) टोली इन्टर मियामीबाट आफ्नो क्लब करियर भने जारी राख्नेछन्।

आठपटकका ब्यालोन डी'ओर विजेता फुटबल क्लबको स्वामित्वको दुनियाँमा प्रवेश गर्न चाहन्छन् जस्तो देखिन्छ र त्यसका लागि कदम पनि चालिरहेका छन्।

उनको स्वामित्वमा पहिले नै दुईवटा क्लबहरू छन्– स्पेनिस पाँचौँ डिभिजनको 'युई कोर्नेला' र दोस्रो डिभिजनको 'सिडी एल्डेन्स'। यसका साथै क्याटालोनियामा पाँचवटा शाखाहरू खोल्ने योजनामा रहेको 'एल क्लब डे ला मिलानेसा' रेस्टुरेन्ट शृङ्खलामा पनि उनी साझेदार छन्।

मेस्सीको एडिडाससँग आजीवन सम्झौता छ र भाँडाकुँडा ब्रान्ड 'स्टेनली' सँग सहकार्य छ साथै घरजग्गा र होटल व्यवसायमा पनि उनको लगानी छ।

फुटबल विशेषज्ञ गुइलेम बालागेले भने, ''प्रशिक्षक लियोनल स्कालोनीले मेस्सीले कहिल्यै निरन्तरता दिन चाहेमा उनी आउन सक्छन् र आफ्नो मनस्थिति परिवर्तन गर्दा कुनै अप्ठ्यारो मान्नु पर्दैन भनेर जोड़ दिएका छन्। तर, त्यो अध्याय बन्द भइसकेको देखिन्छ।''

''उनको वरिपरिका मानिसहरूलाई यसपछि के हुन्छ भनेर सोध्नुहोस्, उनीहरू मुस्कुराउनेछन् किनभने मेस्सीले आफ्नो अर्को खेलभन्दा परको कहिल्यै कुनै योजना बनाएका छैनन्। त्यसो भए पनि, अब आउने कुराको रूपरेखा हाम्रो अगाड़ि आइसकेको छ। उनी फुटबलभित्रै रहनेछन्, किनभने यसबिना बाँच्न उनलाई सङ्घर्ष पर्नेछ। तर, खेलकुदभन्दा बाहिर उनका अन्य व्यावसायिक रुचिहरू धेरै परसम्म फैलिएका छन्''–उनले भने।

युक्रेनलाई आर्थिक सहायता दिएको आरोपमा रूसी आईटी विशेषज्ञलाई १३ वर्षको जेल सजाय

मस्को, २८ अक्टोबर: रूसको एक सैन्य अदालतले युक्रेनी अभियानका लागि आर्थिक सहयोग उपलब्ध गराई 'आतङ्कवाद'लाई आर्थिक सहायता दिएको आरोपमा एक आईटी विशेषज्ञलाई १३ वर्षको जेल सजाय सुनाएको छ। क्रिप्टोकरेन्सी एक्सचेन्ज बाइनान्सले रूसी अनुसन्धानकर्ताहरूलाई उनको चन्दासम्बन्धी विवरण उपलब्ध गराएपछि अदालतले यो सजाय सुनाएको हो।

अदालतको विज्ञप्तिअनुसार सोमवार दोस्रो पश्चिमी जिल्ला सैन्य अदालतले ४९ वर्षीय युरी बेलेन्कीलाई दोषी ठहर गर्दै ३ वर्षको साधारण जेल र त्यसपछिको १० वर्ष कड़ा खालको कारागारमा बिताउनुपर्ने गरी सजाय सुनाएको छ। रूसी सरकारी समाचार संस्था तासका अनुसार बेलेन्की 'डीहाउस' नामक कम्पनीका पूर्व आईटी निर्देशक हुन्। सरकारी वकिलहरूले उनलाई १४ वर्षको सजाय माग गरेका थिए। अदालतले उनलाई ५ लाख रुबल (करिब ६ हजार ३ सय अमेरिकी डलर) जरिवानासमेत गराएको छ।

बुल्गेरियाको आवासीय अनुमतिपत्र रहेका बेलेन्कीलाई गत वर्षको सेप्टेम्बरमा मस्को भ्रमणका क्रममा नियन्त्रणमा लिइएको थियो। उनले आफूमाथिका आरोपहरू अस्वीकार गरेका छन् र उनका वकिलले फैसलाविरुद्ध अपिल गर्ने बताएका छन्। आरआईए नोभोस्तीका अनुसार बेलेन्कीले अगस्ट २०२२ देखि मार्च २०२४ को बिचमा युक्रेनको सशस्त्र बल र रूसले 'आतङ्ककारी' घोषित गरेको आजोभ बटालियनका लागि १ लाख २० हजार रुबलभन्दा बढ़ी (करिब १ हजार ५ सय अमेरिकी डलर) का १५ वटा क्रिप्टोकरेन्सी ट्रान्सफर गरेका थिए। उनले रूसी पत्रकार तथा क्रेमलिनका आलोचक अर्कादी बाब्चेन्कोले पोस्ट गरेको भुक्तानी विवरण प्रयोग गरेका थिए। बेलेन्कीलाई रूसी वित्तीय अनुगमन एजेन्सीको 'आतङ्ककारी र अतिवादी' सूचीमा समेत राखिएको छ।रूसी पुलिसका कागजातहरूअनुसार बाइनान्सले रूसको अनुरोधमा बेलेन्कीको कारोबार विवरण उपलब्ध गराएको थियो। उक्त विवरण नै उनलाई दोषी ठहर गर्न मुख्य प्रमाण बनेको छ। राजनीतिक रूपमा प्रेरित मुद्दाहरूमा सहयोग गर्ने अधिकारवादी संस्था 'फर्स्ट डिपार्टमेन्ट'का वकिल येभगेनी स्मिरनोभले भने, 'बाइनान्सको जवाफ नै बेलेन्कीविरुद्धको आपराधिक मुद्दामा मुख्य प्रमाण बनेको छ।' यद्यपि, अदालतमा प्रतिरक्षा पक्षले उक्त तथ्याङ्क साँच्चै बाइनान्सबाट आएको हो वा होइन भन्नेमा प्रश्न उठाएको छ। सन् २०२२ देखि उक्त एक्सचेन्जले रूससँग सहकार्य नगरेको तासले जनाएको छ।

सजायका विषयमा सोधिएको प्रश्नमा बाइनान्सले आफूले कुनै पनि क्षेत्राधिकारको कानुन नबनाउने वा लागू नगर्ने र कानुनी कारबाहीमा सरकारले तथ्याङ्क कसरी प्रयोग गर्छ भन्ने निर्णय नगर्ने प्रतिक्रिया दिएको छ। उसले गोप्य अनुसन्धान वा व्यक्तिगत मुद्दाहरूमा टिप्पणी नगर्ने स्पष्ट पारेको छ। सन् २०२२ मा युक्रेनमाथि रूसको पूर्ण आक्रमण र त्यसपछि लागेको पश्चिमी प्रतिबन्धपछि बाइनान्स सन् २०२३ मा रूसी बजारबाट बाहिरिएको थियो। क्रिप्टो नियमनका विज्ञ वकिल माइक बाइस्ट्रोभले बेलेन्कीको तथ्याङ्क दिन बाइनान्स बाध्य नभएको बताएका छन्। बेलेन्कीसँग बुल्गेरियाको आवासीय अनुमति भएकाले युरोपेली सङ्घको डेटा संरक्षण कानुनअनुसार बाइनान्सले विवरण नदिनुपर्ने उनको भनाइ छ।

'फर्स्ट डिपार्टमेन्ट'को हालैको प्रतिवेदनअनुसार सन् २०२५ मा रूसमा दायर भएका देशद्रोह र जासुसीसम्बन्धी आरोपमध्ये करिब १० प्रतिशत युक्रेनी सङ्गठनहरूलाई दिइएको चन्दासँग सम्बन्धित छन्। रूसी अधिकारीहरूले क्रिप्टोकरेन्सी र ब्याङ्क भुक्तानी दुवै ट्र्याक गरिरहेका छन्। सन् २०२२ देखि गरिएका चन्दाका विषयमा पनि मुद्दा चलाउने क्रम जारी रहेको छ।

अमेरिकी निर्वाचन आयोगको प्रणालीमा साइबर हमला

वाशिङटन, २८ अक्टोबर: अमेरिकामा नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि अमेरिकी सङ्घीय निर्वाचन आयोग (एफईसी) को विद्युतीय फाइलिङ प्रणालीमा ह्याकरहरूले अवरोध पुऱ्याएका छन्। रोयटर्सका अनुसार यसका कारण राजनीतिक दल तथा समितिहरूलाई चुनावी खर्चको अनिवार्य विवरण बुझाउन समस्या भएको छ। आयोगले प्रणालीमा अनधिकृत प्रवेशको प्रयास भएपछि अनलाइन सेवा अस्थायी रूपमा बन्द गरिएको जनाएको छ। सूचना प्रविधि कर्मचारीले सेवा पुनः सञ्चालन गर्ने काम गरिरहेका छन्। अवरोधका कारण २४ घण्टा र ४८ घण्टाभित्र बुझाउनुपर्ने चुनावी खर्च विवरण दर्ता गर्न समस्या भए पनि पुराना विवरण वेबसाइटमा हेर्न सकिनेछ। एफईसीले उम्मेदवार तथा राजनीतिक समितिको खर्च अभिलेख राख्ने भए पनि निर्वाचन सञ्चालन गर्दैन। त्यसैले यो घटनाले मतदाताको मतदान गर्ने क्षमतामा असर पर्ने अपेक्षा गरिएको छैन। राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले कङ्ग्रेसमा बहुमत कायम राख्न सक्ने वा नसक्ने निर्धारण गर्ने निर्वाचनअघि साइबर घटना भएको हो। ट्रम्पले निर्वाचन निष्पक्ष भए परिणाम स्वीकार गर्ने बताउँदै आवश्यक परे राष्ट्रपतीय निषेधाधिकार प्रयोग गर्न सक्ने उल्लेख गरेका छन्।

इरानी राष्ट्रपति र कतारी अमिरबीच मस्कोमा भेटवार्ता

तेहरान, २८ अक्टोबर: इरानका राष्ट्रपति मसुद पेजेस्कियनले मस्कोमा आयोजित ऊर्जा मञ्चका क्रममा कतारका अमिर तमिम बिन हमाद अल थानीसँग भेटवार्ता गर्नुभएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएको छ। इरानी सरकारी टेलिभिजनका अनुसार भेटवार्तामा तेहरान र दोहाबिचको वर्तमान सम्बन्धको समीक्षा गरिएको थियो। दुवै पक्षले राजनीतिक तथा आर्थिक सम्बन्ध थप सुदृढ़ बनाउने र द्विपक्षीय सहयोग विस्तारका सम्भावनाको उपयोग गर्ने विषयमा जोड़ दिएका थिए। भेटवार्तामा मध्यपूर्वमा जारी युद्धबारे छलफल भएको भने सरकारी सञ्चारमाध्यमको विवरणमा उल्लेख छैन। फरवरी २८ मा इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि शुरु भएको युद्धका क्रममा इरानले कतारलगायत क्षेत्रका विभिन्न स्थानमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो।

३४ वर्ष लगाएर खनिएको लिभरपुलको रहस्यमय भूमिगत सुरुङ

लण्डन, २८ अक्टोबर: बेलायतको लिभरपुल शहरमा एक शताब्दीभन्दा बढ़ी समयदेखि रहस्य बनेको विशाल भूमिगत सुरुङ सञ्जालको उद्देश्यबारे नयाँ निष्कर्ष सार्वजनिक भएको छ। अनुसन्धानकर्ताहरू र सुरुङको उत्खननमा संलग्न स्वयंसेवकहरूका अनुसार, १९औं शताब्दीमा धनी व्यापारी जोसेफ विलियम्सनले बेरोजगार मानिसलाई काम दिने र सीप सिकाउने उद्देश्यलेसुरुङ निर्माण गराएका थिए। लिभरपुलको एज हिल क्षेत्रमा रहेको यो भूमिगत संरचना शहरको सड़कभन्दा कम्तीमा ६० फिट (करिब १८ मिटर) तल फैलिएको छ। यसको क्षेत्रफल एक वर्गमाइल वा त्योभन्दा बढ़ी हुन सक्ने अनुमान छ। सुरुङभित्र विभिन्न तहमा कोठा, गल्ली र विशाल कक्षहरू रहेका छन्।

विलियम्सनले सन् १९औं शताब्दीको शुरुवातमा आफ्नै घर र आसपासको क्षेत्रमा यी सुरुङ निर्माण गर्न लगाएका थिए। तर, उनले यसको उद्देश्यबारे सार्वजनिक रूपमा केही बताएका थिएनन्। न त निर्माणसम्बन्धी कुनै नक्सा वा लिखित अभिलेख नै छाड़ेका थिए। यसैले लामो समयसम्म सुरुङको वास्तविक प्रयोजनबारे विभिन्न अनुमान गरिँदै आएको थियो। कतिपयले तस्करीका लागि बनाइएको हुन सक्ने बताएका थिए भने अरूले यसलाई प्रलयको तयारी गर्ने कुनै भूमिगत समूहको केन्द्रसमेत मानेका थिए। तर, अहिले उत्खनन र ऐतिहासिक अनुसन्धानमा संलग्न समूहहरूले यी सुरुङ निर्माणको सबैभन्दा सम्भावित उद्देश्य परोपकार भएको निष्कर्ष निकालेका छन्।

फ्रेन्ड्स अफ विलियम्सन टनेल्स (अथात्, विलियम्सन सुरुङका साथीहरू)का स्वयंसेवक टम स्टेपल्डनका अनुसार, औद्योगिक क्रान्तिका कारण धेरै कारीगर बेरोजगार भएका थिए। सन् १८१५ मा नेपोलियन युद्ध समाप्त भएपछि ठूलो सङ्ख्यामा सैनिक पनि सेवाबाट फर्किएका थिए। यस्तो अवस्थामा विलियम्सनले काम नपाएका मानिसलाई रोजगारी उपलब्ध गराउन सुरुङ खन्न लगाएका थिए। 'उनीहरूलाई काममा व्यस्त राख्नु नै विलियम्सनको जीवनको एउटा प्रमुख उद्देश्य बनेको थियो। काम नपाएका मानिस सड़कमा अलपत्र पर्ने, समस्यामा पर्ने, जेल जाने र परिवार पाल्न नसक्ने अवस्था थियो,' स्टेपल्डनले भने।

३४ वर्षसम्म चलेको निर्माण

जोसेफ विलियम्सन सन् १७६९ मा जन्मिएका थिए। उनी ११ वर्षको उमेरमा योर्कसायरबाट लिभरपुल आएका थिए। त्यहाँ उनले आफ्ना ससुरा रिचर्ड टेटसँग सुर्तीको व्यापार सिकेका थिए। सन् १८०३ मा उनले व्यापारको जिम्मेवारी सम्हाले। व्यापार र अन्य गतिविधिबाट पर्याप्त सम्पत्ति कमाएका विलियम्सनले सन् १८०६ मा एज हिल क्षेत्रमा जग्गा किने। त्यसबेला उक्त क्षेत्र लिभरपुलको मुख्य शहरभन्दा दुईदेखि तीन माइल टाढ़ा रहेको अविकसित भूभाग थियो। विलियम्सनले त्यहाँ घरहरू निर्माण गर्न थाले। घर निर्माणसँगै स्थानीय बलौटे ढुङ्गा खन्ने काम पनि अघि बढ़ाए। यही क्रममा भूमिगत सुरुङ र कक्षहरूको विशाल सञ्जाल तयार भएको थियो।

स्टेपल्डनका अनुसार, विलियम्सनले करिब ३४ वर्षसम्म आफ्ना कामदारलाई त्यहाँ खटाएका थिए। कतिपय अवस्थामा उनीहरूले ढुङ्गा खनेर घर बनाउँथे भने कतिपय अवस्थामा खाल्डो खनेर फेरि पुरिदिन्थे। विलियम्सनको निर्माण कार्य पूर्ण रूपमा गोप्य थियो। उनले कसैलाई सुरुङ देखाउन बोलाएको वा आफ्नो योजना सार्वजनिक गरेको प्रमाण भेटिएको छैन। उनको मृत्यु सन् १८४० मा भयो। त्यसको केही वर्षपछि सुरुङमा फोहोर र भवन भत्काउँदा निस्किएको सामग्री भरियो। त्यसपछि यो संरचना लामो समयसम्म बिर्सिएको थियो।

एक शताब्दीपछि पुनः खोज

इतिहासकार चाल्र्स ह्यान्डले एक शताब्दीभन्दा अघि सुरुङबारे लेखेका लेखहरूले यसप्रति चासो पुनः जगाएका थिए। त्यसपछि सन् १९२६ मा यसको औपचारिक सर्वेक्षण गरिएको थियो। सन् १९८९ मा जोसेफ विलियम्सन सोसाइटी स्थापना भएपछि सुरुङको संरक्षण र अनुसन्धानले गति लियो। सन् १९९० को दशकमा सुरुङको पुनः खोज भएपछि स्वयंसेवकहरूले वर्षौंसम्म उत्खनन गरे। सन् १९९९ मा छेउको क्षेत्रमा विद्यार्थी आवास निर्माण भइरहेका बेला कामदारको सहयोगमा प्याडिङ्टन क्षेत्रमा सुरुङभित्र प्रवेश गर्ने बाटो फेला परेको थियो। अहिलेसम्म सुरुङका करिब एक दर्जन खण्ड पहिचान र उत्खनन् गरिएका छन्। तीमध्ये प्याडिङ्टन क्षेत्र सबैभन्दा ठूलो मानिन्छ। सुरुङभित्र १९औं र २०औं शताब्दीका भाँड़ाकुँड़ा, बोतल तथा खेलौनाका टाउकाजस्ता सामग्री पनि फेला परेका छन्। यी वस्तुले त्यसबेलाको जीवनशैलीबारे जानकारी दिने अनुसन्धानकर्ताहरूको भनाइ छ।

पासपोर्ट बुझाउने म्यादअघि नै ब्राजिल छाड़ेर अमेरिका पुगे बोल्सोनारो

फ्लोरिडा, २८ अक्टोबर: राष्ट्रपतीय निर्वाचनमा पराजित भएपछि ब्राजिलका सिनेटर फ्लाभियो बोल्सोनारो देश छाड़ेर अमेरिकाको फ्लोरिडा पुगेका छन्। आइतबार भएको निर्वाचनको नतिजापछि उनी मङ्गलवार अमेरिकातर्फ लागेका हुन्। उनको आगमनको पुष्टि हुनुअघि नै ट्रम्प प्रशासनले उनलाई र उनको परिवारलाई भिसा दिने तथा प्रवेश अनुमति दिने जनाएको थियो। फ्लोरिडा पुगेर फ्लाभियोले आफ्ना

भाइ एडुआर्डोसँग भेट गरिसकेका छन्। उनी कुन मार्ग भएर अमेरिका पुगे र त्यहीँ बस्ने योजना छ वा छैन भन्नेबारे अझै स्पष्ट हुन सकेको छैन। ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीश अलेक्झाण्डर डी मोराएसले फ्लाभियोको पासपोर्ट जफत गर्न र देश छाड्न रोक लगाउन आदेश दिएको भोलिपल्टै उनी अमेरिका उडेका हुन्। उनलाई मङ्गलवार मध्याह्नसम्ममा आफ्नो यात्रा कागजात बुझाउने म्याद दिइएको थियो। प्रस्थान गर्नुभन्दा अघिल्लो दिन सोमबार एक भिडियो जारी गर्दै फ्लाभियोले भनेका थिए, 'चुनाव हारेमा मैले देश छाड्नुपर्छ भनी २३ अक्टोबरमा एडुआर्डोले दिएको अभिव्यक्तिका आधारमा राहदानी जफत गर्ने कदम चालिएको हो।' उनले थपे, 'मैले देश छाड्नेबारे कहिल्यै सोचेको थिइनँ।'

इजरायलको संसदीय निर्वाचन: स्पष्ट बहुमत नआउने सङ्केतले सरकार गठनमा अन्योल

तेल अभिभ, २८ अक्टोबर: इजरायलमा सम्पन्न व्यवस्थापिका संसद् (क्नेसेट) को निर्वाचनपछि सार्वजनिक एग्जिट पोलले कुनै पनि दल वा गठबन्धनलाई सरकार गठनका लागि स्पष्ट बहुमत नमिलेको देखाएको छ। प्रमुख इजरायली टेलिभिजन नेटवर्कहरूले मङ्गलवार सार्वजनिक गरेको मतसर्वेक्षणअनुसार वर्तमान प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको लिकुड पार्टी नेतृत्वको गठबन्धनले १२० सिट रहेको संसदमा ५१ सिट जित्ने देखिएको छ। पूर्वसैन्य प्रमुख गादी आइजेनकोटको यासार पार्टी नेतृत्वको विपक्षी गठबन्धनले पनि ५१ सिट नै ल्याउने प्रक्षेपण गरिएको छ। दुवै पक्षलाई सरकार गठनका लागि आवश्यक ६१ सिट नपुगेकाले नयाँ सरकार गठनका लागि हप्तौं वा महिनौंसम्म राजनीतिक जोड़घटाउ हुने सम्भावना बढ़ेको छ।

कुनै पनि गठबन्धनमा नरहेका अरब नेतृत्वका दलहरूले १८ सिट जित्ने प्रक्षेपण गरिएको छ। यदि अन्य दलहरू उनीहरूसँग सहकार्य गर्न तयार भएमा अरब नेतृत्वका दलहरू सरकार निर्माणमा निर्णायक अर्थात् 'किंगमेकर' बन्न सक्नेछन्। एग्जिट पोलको नतिजापछि विपक्षी नेता गादी आइजेनकोटले यो परिणामले नेतान्याहुप्रति जनताको अविश्वास प्रकट गरेको बताएका छन्। वर्तमान विपक्षी नेता याइर लापिडका अनुसार प्रधानमन्त्रीको गठबन्धनले ठुलो पराजय भोग्नुपरेको छ। उनले भने, 'यो पूर्ण पतन हो, जनताले उनीहरूलाई घर फर्कन भनिसकेका छन्।' नेतान्याहुको लिकुड पार्टीका तर्फबाट विदेश मन्त्री बनेका गिडोन सारले भने विपक्षीको खुसीयाली समयअगावै भएको टिप्पणी गरेका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'लिकुड इजरायलको सबैभन्दा ठुलो पार्टी हो। विगतबाट केही सिक्नु सधैं राम्रो हुन्छ।' विगत ३० वर्षमध्ये करिब १९ वर्ष प्रधानमन्त्री भइसकेका नेतान्याहु यसअघि पनि पटक-पटक राजनीतिक सङ्कटबाट पार पाउँदै आएका छन्।

प्यालेस्टिनी राजनीतिक विश्लेषक इहाब जाबारिनका अनुसार प्रारम्भिक प्रक्षेपणले नेतान्याहुको गठबन्धन कमजोर भएको देखाए पनि उनको राजनीतिक यात्रा सकियो भनेर अहिल्यै घोषणा गर्न सकिँदैन। उनले भने, 'एग्जिट पोलले नेतान्याहुको बहुमत गुमेको सङ्केत गर्छ। उनका विरोधीहरूलाई पनि बहुमत पुऱ्याउन कठिन देखिन्छ। कुनै पनि पक्षले सरकार बनाउन नसकेमा वार्ता चलुन्जेल नेतान्याहु नै कार्यवाहक प्रधानमन्त्रीका रूपमा बहाल रहन सक्छन्।' ४ नोभेम्बरमा अन्तिम मतपरिणाम आएपछि इजरायली राष्ट्रपति आइज्याक हर्जोगले दलका नेताहरूसँग छलफल गरी सरकार गठनको सम्भावना बढ़ी भएको नेतालाई प्रधानमन्त्रीका रूपमा अघि सार्नेछन्। संसद्मा सबैभन्दा बढ़ी सिट जित्ने दलकै नेता चुनिनुपर्छ भन्ने अनिवार्य छैन। नेतान्याहु र आइजेनकोटका दलहरू बलिया देखिएकाले उनीहरू नै प्रमुख दाबेदार मानिएका छन्।

मनोनीत नेतालाई सरकार गठनका लागि शुरुमा २८ दिनको समय दिइन्छ। राष्ट्रपतिले चाहेमा १४ दिन थप्न सक्ने व्यवस्था छ। यस अवधिमा दलहरूबिच मन्त्रालय बाँड़फाँड़ र नीतिगत सहमतिका लागि सघन वार्ता हुनेछ। ६१ सिट जुटाउन नसकेमा साना दलको समर्थनमा अल्पमतको सरकार गठन गर्ने वा आलोपालो प्रधानमन्त्री बन्ने गरी सत्ता साझेदारीको सम्झौता गर्ने विकल्प पनि रहन्छ। नयाँ सरकारले संसदमा साधारण बहुमतबाट विश्वासको मत लिनुपर्छ। यदि पहिलो नेताले सरकार बनाउन नसकेमा राष्ट्रपतिले अर्को सांसदलाई २८ दिनको समय दिन सक्छन्। उनी पनि असफल भएमा संसद्का बहुमत सदस्यहरूले तेस्रो उम्मेदवार प्रस्ताव गर्न सक्छन्, जसलाई १४ दिनको समय मिल्नेछ।

सबै प्रयास असफल भएमा संसद् विघटन भई ९० दिनभित्र पुनः निर्वाचन गर्नुपर्ने हुन्छ। त्यतिञ्जेल नेतान्याहुकै नेतृत्वमा कार्यवाहक सरकार कायम रहनेछ। इजरायलमा यसअघि पनि सन् २०१९ अप्रेलदेखि २०२० मार्चको बीचमा तीन पटकसम्म निर्वाचन भएको थियो। पछि नेतान्याहु र उनका प्रतिस्पर्धी बेनी गान्ट्जबिच आलोपालो प्रधानमन्त्री बन्ने सम्झौता भएको थियो। तर बजेट पारित हुन नसकेपछि उक्त सरकार एक वर्षमै ढलेको थियो। यस पटक पनि अरब नेतृत्वका दलहरू निर्णायक देखिए पनि नेतान्याहु र आइजेनकोट दुवैले वैचारिक भिन्नता देखाउँदै उनीहरूसँग सहकार्य नगर्ने स्पष्ट पारिसकेका छन्। इजरायली विश्लेषक आसाफ रोनेलका अनुसार विपक्षी नेताहरूले अरब दलहरूसँग सहकार्य नगर्ने आफ्नो अड़ान छाड्न नसकेमा केही महिनाभित्रै मुलुक पुनः अर्को निर्वाचनमा जाने प्रबल सम्भावना रहेको छ।

इरानद्वारा ट्रम्पको आलोचना, प्रतिबद्धता तोड़ेको आरोप

तेहरान, २८ अक्टोबर: इरानले कूटनीतिक प्रतिबद्धता उल्लङ्घन गरेको आरोप लगाउँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गरेको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले १४ बुँदे सम्झौतापत्र (एमओयु) बारे ट्रम्पको टिप्पणीले अमेरिकाको कूटनीतिक प्रतिबद्धताको खोक्रोपन उजागर गरेको बताएका छन्। सामाजिक सञ्जाल एक्समा प्रतिक्रिया दिँदै बाघाईले अमेरिकाले आफ्ना प्रतिबद्धता अस्वीकार गर्ने र अन्तरराष्ट्रिय दायित्वलाई आफूअनुकूल व्याख्या गर्ने गरेको आरोप लगाएका छन्। उनले युरोपेली मुलुक तथा अन्य समर्थकले अमेरिकी व्यवहारलाई जवाफदेहिताबाट जोगाउन खोज्नुको औचित्य नभएको बताउँदै अन्तरराष्ट्रिय कानून छानेर लागू गर्न नमिल्ने उल्लेख गरेका छन्।

यसअघि बुधवार टेक्सासको लुब्बकमा आयोजित चुनावी सभामा ट्रम्पले अमेरिकाले इरानसँग युद्ध शुरु नगरेको, बरु इरानले सन् १९७९ देखि अमेरिकाविरुद्ध द्वन्द्व चलाएको आरोप लगाएका थिए। उनले अघिल्ला अमेरिकी नेताहरूले यो समस्या पहिले नै समाधान गर्नुपर्ने बताउँदै आफूले चाहेको बेला युद्ध अन्त्य गर्न सक्ने दाबी गरेका थिए। अक्टोबर २६ मा मिसिसिपीमा आयोजित सभामा उनले युद्धविरामलाई समयको बर्बादी ठानेको बताएका थिए। यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले राष्ट्रपति ट्रम्पसँगको साझेदारीमा इरानी शासनबाट उत्पन्न खतरा हटाउने ऐतिहासिक अवसर इजरायलसँग रहेको बताएका छन्। निर्वाचन परिणामको प्रतीक्षा भइरहेका बेला जेरूसेलमस्थित लिकुड पार्टीको निर्वाचन मुख्यालयमा उनले यस्तो अभिव्यक्ति दिएका हुन्। उता, इरानका सर्वोच्च नेता अयातुल्ला मोजताबा खमेनीले हर्मुज जलघाँटीमाथिको नियन्त्रणलाई राष्ट्रिय तथा क्षेत्रीय सुरक्षाका लागि महत्त्वपूर्ण बताएका छन्। सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मेजर जनरल मोहसेन रेजाईसँगको भेटपछि सार्वजनिक सन्देशमा उनले राष्ट्रिय सुरक्षा, क्षेत्रीय सहयोग र रणनीतिक हितबारे चर्चा गरेका थिए।

बाङ्ग्लादेशमा ट्रकले ठक्करबाट पाँचजनाको मृत्यु

ढाका, २८ अक्टोबर: बाङ्ग्लादेशको दक्षिणपूर्वी शहर चट्टोग्रामको बाहिरी क्षेत्रमा मङ्गलवार बिहान तीव्र गतिमा आएको ट्रकले बसबाट ओर्लिएर सड़क किनारमा बसिरहेका यात्रुलाई ठक्कर दिंदा पाँच जनाको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन्। स्थानीय पुलिसका वरिष्ठ अधिकारी इस्लामका अनुसार ढाका-चट्टोग्राम राजमार्गअन्तर्गत सिताकुन्डामा एउटा बसमा प्राविधिक खराबी आएपछि यात्रुहरू गाड़ीबाट ओर्लिएर सड़क किनारमा पर्खिरहेका थिए। सोही क्रममा मङ्गलवार बिहान करिब १:३० बजे दुर्घटना भएको हो। तीव्र गतिमा आएको ट्रकका चालकले नियन्त्रण गुमाउँदा यात्रुहरूको समूहलाई ठक्कर दिएको थियो। दुर्घटनामा तीन जनाको घटनास्थलमै मृत्यु भयो, उनले सिन्ह्वालाई बताए। उनका अनुसार अन्य दुई जनाको अस्पताल लैजाने क्रममा वा अस्पताल पुगेपछि मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका बसका अन्य चार यात्रुको अस्पतालमा उपचार भइरहेको पुलिसले जनाएको छ।

सोरेङमा जलवायु परिवर्तन र मानव स्वास्थ्यसम्बन्धी जिल्लास्तरीय कार्यदल समितिको बैठक आयोजित

सोरेङ, २८ अक्टोबर (आईपीआर): जलवायु परिवर्तन र मानव स्वास्थ्यसम्बन्धी राष्ट्रिय कार्यक्रम (एनपीसीसीएचएच) अन्तर्गत जिल्लास्तरीय कार्यदल समिति गठन गर्न हेतु बुधवार सोरेङस्थित जिल्लापालको कार्यालयमा एक बैठक सम्पन्न भएको छ। उक्त बैठक जिल्लापाल धीरज सुवेदीको अध्यक्षतामा डाकिएको थियो।

बैठकलाई सम्बोधन गर्दै जिल्लापाल सुवेदीले विभिन्न विभागबीच समन्वय सुदृढ़ गर्न समितिमा ग्रामीण विकास विभाग र जलस्रोत विभागलाई पनि समावेश गर्नुपर्ने प्रस्ताव राखे। उनले 'स्वच्छ पानी, स्वस्थ हामी' अभियानमार्फत जिल्लामा कीटजन्य रोगविरुद्ध रोकथामका उपाय शुरु गरिएको जानकारी दिए। यस अभियानले विशेष गरी खानेपानी ट्याङ्कीहरूको सरसफाइमा जोड़ दिन्छ।

जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असरहरूलाई सम्बोधन गर्न समन्वयात्मक र सक्रिय दृष्टिकोण अपनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिँदै जिल्लापाल तथा अध्यक्षले सम्बन्धित सबै विभागलाई जिल्लास्तरमा रोकथामका उपाय कार्यान्वयन गर्न एकजुट भएर काम गर्न निर्देशन दिए। उनले जलवायु परिवर्तन र मानव स्वास्थ्यबीचको सम्बन्धबारे सर्वसाधारणलाई सचेत गराउन सूचना, शिक्षा तथा सञ्चार' (आईईसी) गतिविधिहरूलाई अझ तीव्र पार्नुपर्ने विषयमा जोड़ दिए। उनले सरसफाइ, स्वच्छता, पर्यावरण संरक्षण र जलवायुअनुकूल अभ्यासहरूबारे जनचेतना जगाउन स्थानीय निकाय, स्वास्थ्यकर्मी, विद्यालय र सामुदायिक संस्थाहरूको सक्रिय सहभागिताका लागि प्रोत्साहित गरे। बैठकको शुरुआत जिल्ला नोडल अधिकारीत (एनपीसीसीएचएच) अविरल सुब्बाको प्रस्तुतिबाट भयो, जसमा उनले मानव स्वास्थ्य, पर्यावरण, समाज र अर्थतन्त्रमा जलवायु परिवर्तनले पार्ने प्रभावबारे प्रकाश पारे।

सदस्यहरूलाई एनपीसीसीएचएच अभियानबारे जानकारी दिँदै उनले यो कार्यक्रम फरवरी, २०१९ मा भारत सरकारको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयद्वारा स्वीकृत गरिएको अवगत गराए। उनले यसका मुख्य उद्देश्यहरू प्रस्तुत गरे, जसमा मानव स्वास्थ्यमा जलवायु परिवर्तनका असरहरूबारे चेतना जगाउने, स्वास्थ्य सेवा केन्द्रहरूको तयारी अवस्था सुदृढ़ गर्ने, जलवायुजन्य स्वास्थ्य जोखिम सम्बोधन गर्न स्वास्थ्यकर्मीहरूलाई तालिम दिने, जलवायु-संवेदनशील रोगहरूको निगरानी सुधार गर्ने र विभिन्न विभागबीच समन्वय प्रवर्द्धन गर्ने कार्यहरू समावेश छन्।

प्रस्तुतिमा जिल्लास्तरमा एनपीसीसीएचएचका गतिविधिहरूलाई समन्वय गर्न जिल्लास्तरीय कार्यदल समितिको भूमिकामाथि प्रकाश पारियो। यो समितिले स्थानीय स्वास्थ्य जोखिमहरूको पहिचान गर्न, कार्ययोजनाहरू तयार गर्न, जनचेतनामूलक गतिविधि सञ्चालन गर्न र कार्यक्रमको प्रगतिको अनुगमन गर्न सहयोग पुऱ्याउँछ। समितिका सदस्यहरूको भूमिका र जिम्मेवारीबारे पनि विस्तृत रूपमा व्याख्या गरियो।

हावाको गुणस्तरका सन्दर्भमा सिक्किम राज्य प्रदूषण नियन्त्रण बोर्डको तथ्याङ्कअनुसार जिल्लामा वायु गुणवत्ता सूचकाङ्क (एक्यूआई) 'राम्रो' श्रेणीमा रहेको र यसलाई हरियो रङले जनाइने कुरा बैठकमा जानकारी गराइयो साथै एनपीसीसीएचएचअन्तर्गत् आईईसी (सूचना, शिक्षा तथा सञ्चार) गतिविधिहरू जिल्लाभरि सञ्चालन भइरहेको जानकारी दिइयो। यस कार्यक्रमअन्तर्गत् हेल्थ एण्ड वेलनेस सेन्टर (एचडब्ल्यूसी)-हरूमा सौर्य ऊर्जा जड़ानको अवस्था मूल्याङ्कन गर्न स्थलगत अनुगमन पनि गरिएको छ।

बैठकमा जिल्लामा एनपीसीसीएचएचका गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्वास्थ्य विभाग, जिल्ला प्रशासन र अन्य सम्बन्धित विभागबीच सहकार्यको महत्त्वमाथि जोड़ दिइयो। बैठकमा अतिरिक्त निर्देशक (कृषि) प्रणय गुरुङ, अतिरिक्त निर्देशक (पशुपालन तथा पशु सेवा) डा. किशोर थापा, सीडीपीओ (सोरेङ) गौरी तामाङसहित अन्यको उपस्थिति रहेको थियो।

मन्त्रीमण्डलमा स्थान नपाएपछि मुबारक गुलका समर्थकहरूले श्रीनगरमा विरोध प्रदर्शन गरे

श्रीनगर, २८ अक्टोबर (हिस): नेशनल कन्फ्रेन्सका नेता मुबारक गुलका समर्थकहरूले बुधवार श्रीनगरको प्रेस कलोनीमा विरोध प्रदर्शन गरे। मन्त्रीमण्डलमा ईदगाहका विधायकलाई सामेल नगरेकोमा उनीहरू असन्तुष्ट थिए। उनीहरूले गुलको लागि मन्त्रीमण्डलमा स्थानको माग गरिरहेका थिए। सेतो कफन लगाएका प्रदर्शनकारीहरूले हातमा प्ले कार्ड बोकेका थिए जसमा माग गरिएको थियो, गुललाई मन्त्रीमण्डलमा स्थान दिइयोस् वा उनले पार्टीबाट राजीनामा दिउन्। प्रदर्शनकारीहरूले पार्टीको निर्णयको विरोध गर्दै नारा लगाए- ''ईदगाहलाई न्याय गर्नुहोस्, मुबारक गुललाई क्याबिनेट मन्त्री बनाउनुहोस्।'' प्रदर्शनकारीहरूले ''गुल साहब, राजीनामा दिनुहोस् पनि भने। एकजना प्रदर्शनकारीले भने, ''गुलले सातवटा चुनाव लड़ेका छन् र प्रत्येक पटक जितेका छन्। पार्टीले आफूले दिएको वाचा पूरा नगरेको उनीहरूले आरोप लगाए। प्रदर्शनकारीले भने, फारुख साहबले हामीलाई वाचा गरेका थिए। हिजोसम्म उनको नाम सूचीमा थियो, तर उनलाई मन्त्री बनाइएन।उल्लेखनीय छ, ईदगाहबाट छ पटक विधायक बनेका मुबारक गुलले मङ्गलवार मुख्यमन्त्री उमर अब्दुल्लाको मन्त्रीमण्डल विस्तारमा स्थान पाएनन्। गुललाई पछि राष्ट्रिय सम्मेलनको महासचिव नियुक्त गरियो, तर यो नियुक्तिले उनका सबै समर्थकहरूलाई सन्तुष्ट पार्न सकेन।

सिक्किम कला तथा साहित्य महोत्सवको...

बगाएका छन्। हामी सम्मानित र आभारी छौँ। म मुख्यमन्त्री गोलेलाई उनको दूरदृष्टि र एसएएलएफका लागि धन्यवाद दिन चाहन्छु।''

सञ्जय के रोयले राज्यको नवप्रवर्तन अर्थतन्त्रलाई आकार दिन एसएएलएफको महत्त्वबारे चर्चा गरे। उनले 'टिमवर्क्स आर्ट्स'-लाई महोत्सवमा साझेदारका रूपमा स्वागत गरेकोमा राज्य सरकारलाई धन्यवाद दिए।

उद्घाटनको दिन ईएमआरएस गाङ्ग्यापका विद्यार्थीहरूद्वारा गायन प्रस्तुति, संस्कृति विभागद्वारा 'एकाइ माटो अनेक रङ'-नामक ब्रोडवे-शैलीको साङ्गीतिक कार्यक्रम र विलियम डेलरिम्पल तथा टाशी छोपेलबीच 'अ लाइफ इन हिस्ट्री' शीर्षकमा संवाद प्रस्तुत गरियो। यसबाहेक कार्यक्रममा सञ्जय के रोयसँग 'इण्डियन ओसन अनप्लग्ड' विषयक संवाद र साँझमा 'आगाज' समूहद्वारा गजलका हस्तीहरूलाई सम्मान गर्दै साङ्गीतिक प्रस्तुति राखिएको थियो।

दर्शकलाई मनोरञ्जन दिन नेपथ्य...

आतिथ्य र पर्यटन उद्योगका लागि ठूलो अवसर सिर्जना गर्नेछ। आगन्तुकहरूले यहाँ बस्ने व्यवस्था, खानपान, यातायात, किनमेल र पर्यटकीय स्थलहरूको भ्रमणमा खर्च गर्ने अपेक्षा गरिएको छ।

'कन्सर्ट अर्थतन्त्र' को विकास

यो पहल मुख्यमन्त्री पीएस गोलेको एक बृहत् आकाङ्क्षासँग जोड़िएको छ। उनी मनोरञ्जन क्षेत्रलाई पर्यटन, उद्यमशीलता र रोजगारीसँग जोड़ेर राज्यमा 'कन्सर्ट अर्थतन्त्र' र 'सिर्जनात्मक अर्थतन्त्र'-को विकास गर्न चाहन्छन्। पर्यटनमा आधारित अर्थतन्त्र भएको हिमाली राज्यका लागि यसको तर्क एकदमै सरल छः एउटा ठूलो साङ्गीतिक कार्यक्रम (कन्सर्ट)-ले त्यस्ता अतिथिहरूलाई आकर्षित गर्न सक्छ, जो सायद अन्य अवस्थामा त्यो समयमा यहाँ आउने थिएनन्।

यस कार्यक्रमका मुख्य संरक्षक तथा विधायक सञ्जित खरेलले यस कन्सर्टको महत्त्व स्टेडियममा प्रवेश गर्ने मानिसहरूको सङ्ख्यामा मात्र सीमित नरहेको विषयमा जोड़। ''हामी चाहन्छौँ, मानिसहरू सङ्गीतका लागि आउन्, यहाँ केही लामो समयसम्म बसुन् र सिक्किम घुमुन्''-खरेलले यसै महिनाको शुरुमा दिएको मन्तव्यमा भनेका थिए।

एउटा स्टेडियम र भविष्यका लागि एक परीक्षण

पाल्जर स्टेडियममा अहिले यस स्थललाई ठूलो स्तरको साङ्गीतिक कार्यक्रम आयोजना गर्न मिल्ने माहोलमा रूपान्तरण गर्ने तयारी भइरहेको छ। यसका लागि मञ्च, साउण्ड सिस्टम, लाइटको व्यवस्था, एलईडी स्क्रिन र दर्शकहरूका लागि आवश्यक सुविधाहरूको प्रबन्ध मिलाइँदै छ।

आयोजकहरूका अनुसार दर्शकहरूको आवत-जावत, सुरक्षा, प्राविधिक पूर्वाधार र समग्रमा दर्शकहरूले पाउने अनुभवमा विशेष ध्यान दिइएको छ।

भारतभरि र छिमेकी देशहरूमा रहेका कार्यक्रम प्रवर्द्धकका लागि यो कन्सर्टले गान्तोकमा के-के सम्भव छ भन्ने कुराको व्यावहारिक उदाहरण प्रस्तुत गर्न सक्छ-प्राविधिक व्यवस्थापन र स्टेडियम सञ्चालनदेखि लिएर आतिथ्य क्षमता र स्थानीय प्रशासनसँगको समन्वयसम्म। एउटा सफल कार्यक्रमले मात्र सिक्किमलाई तुरुन्तै ठूलो साङ्गीतिक बजारका रूपमा स्थापित गरिहाल्ने त होइन, तर यसले महत्त्वपूर्ण अनुभव प्रदान गर्न सक्छ, उद्योगसँग सम्बन्धित सरोकारवालाहरूको आत्मविश्वास बढ़ाउन सक्छ र भविष्यमा हुने साङ्गीतिक भ्रमण (टुर)-को योजना बनाउँदा आयोजकहरूलाई सिक्किमबारे सोच्न प्रोत्साहित गर्न सक्छ।

यस अनुभवले स्टेडियम स्तरका कार्यक्रमहरू बारम्बार आयोजना गर्नका लागि आवश्यक पूर्वाधार, जनशक्ति र सञ्चालनगत सुधारहरू पहिचान गर्न पनि मद्दत पुऱ्याउन सक्छ। स्टेडियमस्तरको महत्त्वाकाङ्क्षा बोकेको नेपाली भाषाको सांगीतिक समूह

पीभीई नेटवर्कका संस्थापक निर्देशक तथा कार्यक्रम प्रमुख विकेश कायस्थअनुसार यो कन्सर्ट नेपाली भाषाको प्रत्यक्ष मनोरञ्जन (लाइभ इन्टरटेनमेन्ट)-को दायरा वा स्तरबारे रहेका परम्परागत धारणाहरूलाई चुनौती दिने एउटा सचेत प्रयास हो। कायस्थले बताएअनुसार यो पहल मुख्यमन्त्री गोलेले 'कन्सर्ट अर्थतन्त्र' र 'सिर्जनात्मक अर्थतन्त्र'-को क्षेत्रमा अवसरहरू सिर्जना गर्नमा दिएको निरन्तर जोड़बाट प्रेरित छ।

यही सोचबाट प्रोत्साहित भएर पीभीई नेटवर्कले २०२५ को नोभेम्बरमा गान्तोकमा सज्जन राज वैद्यको कन्सर्ट आयोजना गर्न लागेको हो। कम्पनीले यस कार्यक्रमलाई ठूलो स्तरका व्यावसायिक कन्सर्टहरू विकास गर्ने आफ्नो प्रयासमा एउटा महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा लिएको छ।

कायस्थ भारतका मुख्य धारका ठूला साङ्गीतिक भ्रमणहरू (कन्सर्ट टुर) मा पाइने अनुभव सिर्जना गर्न चाहन्छन्: खचाखच भरिएको स्टेडियम, दर्शकहरूको व्यापक सहभागिता, अन्तरराष्ट्रिय स्तरको साउण्ड र लाइट व्यवस्था तथा व्यावसायिक रूपमा व्यवस्थित कार्यक्रम व्यवस्थापन।

उनका अनुसार यसमा विशेष कुरा के हो भने यो महत्त्वाकाङ्क्षाको केन्द्रबिन्दुमा रहेको कलाकार एक नेपाली भाषी ब्याण्ड हो। कायस्थका लागि, यही कुराले यस अवसरलाई अर्थपूर्ण बनाउँछ। आयोजकहरूलाई यो कन्सर्टले क्षेत्रीय भाषाको सङ्गीतले आफ्नो सांस्कृतिक पहिचान नगुमाइकन स्टेडियम भरिने गरी दर्शकहरूलाई आकर्षित गर्न सक्छ भन्ने कुरा प्रमाणित गर्नेछ।

नाथाङ उपत्यकामा पहिलो...

व्यवसायलाई सहयोग पुऱ्याउन विभाग प्रतिबद्ध रहेको पुनः दोहोऱ्याए।

त्यस्तै, सामाजिक कल्याण, महिला, बालकबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको कल्याण विभागकी सल्लाहकार एवं विधायक पामिन लेप्चाले याकको सांस्कृतिक तथा पारिस्थितिक महत्त्वमाथि जोड़ दिँदै यसलाई यस क्षेत्रको परम्परागत जनावर र गौरवको स्रोतका रूपमा वर्णन गरिन्। उनले स्नो लायन (हिउँ चितुवा/सिंह) र याक नृत्य जस्ता सांस्कृतिक पक्षहरूको चर्चा गरिन्, जसले हिमाली समुदायहरूको समृद्ध सम्पदा र परम्परालाई झल्काउँछन्।

उच्च हिमाली क्षेत्रमा जीविकोपार्जनको दिगो स्रोतका रूपमा चौँरी (याक)-को सम्भावनालाई जोड़ दिँदै उनले चौँरीजन्य उत्पाद र तिनका उपउत्पादहरूसँग जोड़िएका आर्थिक अवसरहरूबारे चर्चा गरिन्। साथै, उनले पर्यटन प्रवर्द्धनको सम्भावना औँल्याउँदै पारिस्थितिक प्रणालीमा सन्तुलन कायम राख्न चौँरीको महत्त्वपूर्ण भूमिका रहेको कुरा उल्लेख गरिन्। विधायक पामिन लेप्चाले चौँरीपालन क्षेत्रलाई मजबुत बनाउन र स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन विभिन्न सुझाउ राखिन्। यसमा उन्नत प्रजनन अभ्यासको खोजी, कृषिजन्य अवसर, ज्ञान र अनुभव आदानप्रदान गर्न चौँरीपालकहरूका लागि अन्तरक्रियात्मक सत्रहरूको आयोजन तथा सीमा क्षेत्रसँग सम्बन्धित सरोकारहरूको सम्बोधन गर्ने जस्ता विषयहरू सामेल थिए।

त्यसपछि पशुपालन तथा पशु चिकित्सा सेवा विभागका प्रमुख निर्देशक तथा सचिव डा. सन्दीप गुरुङले कठिन उच्च हिमाली क्षेत्रमा कार्यरत चौँरीपालकहरूलाई प्रोत्साहन र सहयोग पुऱ्याउन यस महोत्सवको महत्त्वबारे प्रकाश पारे। उनले युवा पुस्तामाझ चौँरीपालन र संरक्षणसम्बन्धी चेतना जगाउनुपर्ने आवश्यकतामाथि जोड़ दिँदै बजार प्रवर्द्धनका अवसरहरू विस्तार गर्नुपर्ने र पर्यटनको सम्भावना खोजी गर्नुपर्ने कुरा औँल्याए।

सिक्किम याक एसोसिएशनका अध्यक्ष तथा याक फेडेरेशन अफ् इण्डियाका सचिव थुप्देन लाचुङ्पाले चौँरीपालक समुदायलाई सहयोग र उत्थान गर्न मुख्यमन्त्रीले गरेका प्रयासहरूको चर्चा गरे। उनले चौँरी संरक्षण तथा चौँरीजन्य उत्पादहरूको विकासमा विभिन्न संस्थाले पुऱ्याएको योगदानको पनि प्रशंसा गरे। उनले थप बताएअनुसार यस महोत्सवले संरक्षण प्रयासलाई बलियो बनाउन, चौँरीपालकहरूको योगदानलाई मान्यता दिन र उच्च हिमाली समुदायहरूमा दिगो जीविकोपार्जनलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउनेछ।

यसअघि, विशिष्ट अतिथिहरूले चौँरीजन्य उत्पाद, परम्परागत अभ्यास र चौँरीपालन सम्बन्धी विभिन्न पहल प्रदर्शन गरिएका स्टलहरूको अवलोकन गरे। प्रदर्शनीमा जीविकोपार्जनका अवसर, मूल्य अभिवृद्धि र स्थानीय रूपमा उत्पादित वस्तुहरूको प्रवर्द्धनसम्बन्धी पक्षहरू उजागर गरिएका थिए।

महोत्सवको एउटा मुख्य आकर्षण सिक्किमेली चौँरीलाई देशको आधिकारिक रूपमा दर्ता भएको नश्लको रूपमा घोषणा गरिनु थियो। यो राज्यको रैथाने चौँरी प्रजातिलाई मान्यता दिने र संरक्षण गर्ने दिशामा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा साबित भएको छ।

यस अवसरमा विभिन्न पहल र प्रकाशनहरू पनि सार्वजनिक गरिए। यसमा जीबी पन्त नेशनल इन्स्टिट्यूट अफ् हिमालयन इन्भायरोन्मेन्टद्वारा पारिस्थितिक प्रणाली व्यवस्थापनसम्बन्धी प्रकाशन र एउटा बाछो, नौ रूख कार्यक्रम सामेल थिए; जसले चौँरीपालनलाई पर्यावरणीय संरक्षणसँग जोड़्ने लक्ष्य राख्दछ। पशुपालन तथा पशु चिकित्सा सेवा विभागअन्तर्गतको सिक्किम लाइभस्टक डेभलपमेन्ट बोर्ड (एसएलडी)-ले ए२ दूधबाट बनेको सिरी घिउ र याक छुर्पीका नमुनाहरू सार्वजनिक गऱ्यो। यस पहलको उद्देश्य सिक्किमको रैथाने पशुधन सम्पदा र परम्परागत उत्पादहरूको प्रवर्द्धन गर्नु, स्थानीय स्रोतहरूमा मूल्य अभिवृद्धि गर्नु तथा किसान र याक पालन गर्ने समुदायहरूका लागि दिगो जीविकोपार्जनका अवसरहरू सिर्जना गर्नु हो।

महोत्सवमा याकलाई लोपोन्मुख पशु प्रजातिका रूपमा प्रस्तुत गर्ने एक वृत्तचित्र पनि सार्वजनिक गरियो, जसले याकको संरक्षण र तिनको वासस्थान जोगाउनुपर्ने तत्कालको आवश्यकताप्रति ध्यानाकर्षण गरायो। यस दिन विभिन्न परम्परागत प्रस्तुतिहरू पनि समावेश थिए; जसमा नाथाङ एमपीसीएसद्वारा प्रस्तुत गोर्शे नृत्य, उत्तर सिक्किमका रैथाने वाद्ययन्त्रसहितका लोकगीत, डीएलएसटी समूहद्वारा प्रस्तुत याक नृत्य, परम्परागत खेल र याकको विषयवस्तुमा आधारित फेशन शो सामेल थिए।

महोत्सवले विभिन्न जिल्ला र राज्यहरूका याक गोठालाहरूलाई एकै ठाउँमा भेला भई अन्तरक्रिया गर्ने र ज्ञान आदान-प्रदान गर्ने मञ्च प्रदान गऱ्यो। यसबाट उनीहरूलाई आफ्ना अनुभव, परम्परागत अभ्यास र दिगो याक पालनसम्बन्धी दृष्टिकोणहरू साटासाट गर्न मद्दत पुग्यो।

कार्यक्रमको अन्त्यमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो र सिक्किममा याक पालनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई सम्मान गरियो। कार्यक्रममा विभिन्न विभागका अध्यक्ष तथा सल्लाहकार, विभागीय प्रमुख, विशेष कर्तव्य अधिकारी (ओएसडी), जिल्ला पञ्चायतका सदस्य, याक गोठाला, शोधकर्ता, याक सम्बन्धी सङ्घ-संस्थाका प्रतिनिधि, अन्य सरोकारवाला तथा स्थानीय समुदायका सदस्यहरूको उपस्थिति थियो।

धनतेरस ६ नोभेम्बरमा, दिपावली ८ नोभेम्बरमा

धमतरी, २८ अक्टोबर (हिस): कार्तिक महिनामा दीपावली सहित विभिन्न धार्मिक पर्वहरूलाई लिएर तयारी शुरु भएको छ। विप्रा विद्वत परिषद धमतारी अनुसार यस वर्ष देव पञ्चाङ्गको आधारमा धनतेरसदेखि सूर्य षष्ठी पूजासम्म निर्धारित मितिमा विभिन्न चाड़पर्व मनाइनेछ।

पर्वहरूको शुरूआत आगामी ६ नोभेम्बर शुक्रवार धनतेरसबाट हुनेछ। त्यसपछि आइतवार, नोभेम्बर ८- मा दीपावली र महालक्ष्मी पूजन हुनेछ। गोवर्धन पूजा र अन्नकुट महोत्सव मङ्गलवार, १० नोभेम्बरमा मनाइनेछ। यम द्वितीय र भाइटीका बुधवार, ११ नोभेम्बरमा अनि सूर्य षष्ठी पूजा आइतवार, १५ नोभेम्बरमा मनाइनेछ। दीपावली प्रमुख हिन्दु चाड़हरूमध्ये एक हो जसको धार्मिक, सांस्कृतिक एवं सामाजिक सन्दर्भमा विशेष महत्त्व छ। यस दिन घर र प्रतिष्ठानहरूमा बत्ती जलाएर माँ महालक्ष्मीको पूजा गरिन्छ। यो विश्वास गरिन्छ कि अनुष्ठानको साथमा गरिएको पूजाले सुख, समृद्धि, धन र सुखको आशीर्वाद ल्याउँछ। दीपावलीको अवसरमा घर सफा गर्ने, सजावट गर्ने अनि बत्ती जलाउने परम्परा छ। एकै समयमा, गोवर्धन पूजा र अन्नकुट पर्व प्रकृति, गाईको सन्तान र भगवान कृष्णप्रति श्रद्धा तथा कृतज्ञता व्यक्त गर्ने चाड़हरू हुन्। यस दिन भगवान कृष्णको पूजनसँगसँगै अन्नकुटलाई भोग चढाउने परम्परा छ। भोलिपल्ट भाइटीकाको पर्वले भाइ-बहिनीको स्नेह, विश्वास अनि पारिवारिक सम्बन्धको मिठासलाई बलियो बनाउँछ। दिदी-बहिनीहरूले आफ्ना दाज्यु-भाइको सुखी र लामो जीवनको कामना गर्छन्। यस अवधि भगवान सूर्यको पूजा गरेर तथा परिवारको सुख, समृद्धि एवं कल्याणको कामना गर्दै सूर्य षष्ठी पूजा गरिन्छ। यस अवसरमा विप्रा विद्वत परिषद धमतरीका अध्यक्ष बालेन्द्र पाण्डे अनि विप्रा विद्वत परिषद धमतरीका मिडिया सल्लाहकार पण्डित राजकुमार तिवारीले दीपावली पर्व धन, महिमा तथा समृद्धिका अधिष्ठाता देवी माता महालक्ष्मीको पूजा गर्ने विशेष अवसर रहेको बताए।

दार्जीलिङ जिल्ला स्कूल बोर्डका नवनियुक्त अध्यक्ष नीरज थापाले सम्हाले पदभार

दार्जीलिङ, २८ अक्टोबरः जीटीएअन्तर्गत दार्जीलिङ जिल्ला स्कूल बोर्डका नवनियुक्त अध्यक्ष नीरज थापाले बुधवार औपचारिक रूपमा आफ्नो पदभार ग्रहण गरेका छन्। थापाले दार्जीलिङस्थित इम्प्लोयमेन्ट एक्सचेञ्ज भवनमा रहेको जिल्ला स्कूल बोर्डको कार्यालयमा पुगेर पदभार सम्हालेका हुन्।

पदभार ग्रहण गर्न कार्यालय पुगेका नवनियुक्त अध्यक्ष थापालाई कार्यालयका कर्मचारीका साथै विभिन्न शिक्षक सर्कलका प्रतिनिधिहरूले स्वागत जनाए। यस अवसरमा प्रिया दीक्षितको नेतृत्वमा रहेको दार्जीलिङ टिचर सर्कल समूहको पनि उपस्थिति रहेको थियो।

नवनियुक्त अध्यक्षको पदभार ग्रहणसँगै दार्जीलिङ जिल्लाको विद्यालय शिक्षा क्षेत्रसँग सम्बन्धित प्रशासनिक तथा शैक्षिक गतिविधिमा उनको भूमिका महत्त्वपूर्ण रहने अपेक्षा गरिएको छ।

नेपाल-भारत सीमा सुरक्षा समन्वय बैठक

काठमाडौँ, २८ अक्टोबर (हिस): नेपाल-भारतबीच सीमा सुरक्षासम्बन्धी समन्वय बैठकमा सहभागी हुन भारतको सशस्त्र सीमा बल (एसएसबी) का महानिर्देशक सञ्जय सिंघल काठमाडौँ आइपुगेका छन्। नेपाल सशस्त्र पुलिस बल (एपीएफ) र भारतको एसएसबीबीच सीमा सुरक्षा समन्वयसम्बन्धी बैठक बुधबारदेखि काठमाडौँमा शुरु हुँदैछ।

सीमा सुरक्षामा खटिएका दुवै देशका सुरक्षा निकायबीच यस्तो उच्चस्तरीय बैठक विगत एक दशकदेखि प्रत्येक वर्ष आयोजना हुँदै आएको छ। यसपटक दशौँ समन्वय बैठक हुन लागेको हो। बैठकमा गृह मन्त्रालय, सुरक्षा निकाय तथा परराष्ट्र मन्त्रालयका अधिकारीहरू सहभागी हुनेछन्। नेपाल र भारतबीचको खुला सीमाबाट दुवै देशले लाभ उठाउँदै आएका छन्। तर, खुल्ला सीमाको दुरुपयोग गरी विभिन्न आपराधिक गतिविधि हुने गरेका छन्। मानव बेचबिखन, लागुऔषध ओसारपसार, भन्सार छली, अवैध निर्यातह्रआयात तथा गैरकानुनी व्यापार दुवै देशका लागि चुनौती बनेका छन्। नेपालले भारतबाट हुने लागुऔषध तस्करी नियन्त्रण गर्न प्रभावकारी सहयोग र सूचनाको आदान-प्रदानको विषय उठाउने तयारी गरेको छ। सीमापारबाट हुने लागुऔषध तस्करी रोक्न नेपालले भारतीय पक्षबाट थप सहयोगको अपेक्षा गरेको छ। यसरी नै भारतले आतङ्कवाद, अवैध घुसपैठ, सीमावर्ती क्षेत्रमा अनधिकृत आवागमन तथा नेपालबाट हुने मदिराको अवैध कारोबारलाई प्रमुख कार्यसूचीमा समेट्ने तयारी गरेको छ। गम्भीर अपराधमा संलग्न व्यक्तिहरू दुवै देशमा प्रवेश गरी लुक्ने समस्याबारे पनि बैठकमा छलफल हुने सम्भावना छ। बैठकमा तेस्रो मुलुकका नागरिकको सीमापार आवागमनको निगरानीसम्बन्धी विषयसमेत उठाइनेछ। अघिल्लो बैठकमा दुवै देशले सीमावर्ती क्षेत्रमा तेस्रो मुलुकका नागरिकको आवागमनमाथि निगरानी बढाउने सहमति गरेका थिए। सीमावर्ती क्षेत्रमा बङ्गलादेशी र पाकिस्तानी नागरिकको आवागमनलाई भारतले विशेष चासोका साथ हेर्दै आएको छ। नेपालले भने म्यान्मार र बङ्गलादेशबाट आउने रोहिङ्ग्या समुदायका व्यक्तिलगायत अन्य नागरिकको आवागमन नियन्त्रण गर्नुपर्ने विषय उठाउँदै आएको छ।

संयुक्त गस्ती र सीमा व्यवस्थापनमा सहकार्य

यस बैठकमा सीमावर्ती क्षेत्रमा दुवै देशका सुरक्षा निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा छलफल हुने तयारी छ। संयुक्त सीमा गस्ती, सीमा स्तम्भको मर्मतसम्भार, सीमापार अपराध नियन्त्रण, सूचनाको प्रभावकारी आदानप्रदान तथा सुरक्षा निकायबीच आपसी समन्वय सुधार गर्ने विषयमा विचारविमर्श हुनेछ। सशस्त्र पुलिस बलको हलचोकस्थित मुख्यालयका अनुसार, बैठकमा सीमावर्ती क्षेत्रमा विपद्पूर्व तयारी तथा विपद् व्यवस्थापन, सुरक्षाकर्मीको क्षमता अभिवृद्धि, तालिममा सहकार्य र अवैध वस्तुको तस्करी नियन्त्रणका उपायबारे पनि छलफल हुनेछ।

अघिल्ला सहमतिको कार्यान्वयनबारे समीक्षा

नेपाल र भारतबीच २०१२ देखि वार्षिक समन्वय बैठक आयोजना हुँदै आएको छ। कोभिड-१९ महामारीलगायत केही कारणले प्रभावित अवधिबाहेक यो बैठक नियमित रूपमा हुँदै आएको छ। गत वर्ष नवौँ समन्वय बैठक भारतको राजधानी नयाँ दिल्लीमा आयोजना गरिएको थियो। उक्त बैठकमा सीमापार अपराध नियन्त्रण, लागुऔषध तस्करी रोकथाम, अवैध निर्यात-आयात नियन्त्रण, अनधिकृत आवागमन नियन्त्रण, सूचनाको आदानप्रदान, संयुक्त सीमा गस्ती तथा सुरक्षा तालिममा सहकार्यलगायत विषयमा छलफल भएको थियो।

४९औँ जुनियर राष्ट्रिय ब्याडमिन्टन...

विभिन्न विभागबाट आवश्यक पर्ने सहयोगमा केन्द्रित थियो, जसमा अन्तरविभागीय समन्वय, बाँकी रहेका व्यवस्थापन कार्यहरू समयमै सम्पन्न गर्ने र प्रभावकारी रसद सहयोग उपलब्ध गराउने विषयमा जोड़ दिइयो।

मुख्य सचिवले च्याम्पियनशिपलाई सुचारु र सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित सबै विभाग र आयोजक संस्थाबीच घनिष्ठ समन्वय हुनुपर्ने विषयमा रेखाङ्कित गरे। आवश्यक कार्यहरू समयमै र समन्वयात्मक ढङ्गले पूरा गर्न सकियोस् भनेर सहभागी विभागहरूलाई उनीहरूको भूमिका र जिम्मेवारीबारे जानकारी गराइयो।

तयारी अन्तिम चरणमा पुगेको सन्दर्भमा यस बैठकले राष्ट्रिय च्याम्पियनशिपलाई सफलतापूर्वक आयोजना गर्न तथा सहभागी युवा खेलाड़ी र प्राविधिक पदाधिकारीहरूका लागि अनुकूल वातावरण सिर्जना गर्न सरकार र आयोजक संस्थाको सामूहिक प्रतिबद्धतालाई उजागर गऱ्यो। यस च्याम्पियनशिपको आयोजनाले सिक्किमका युवाहरूमाझ ब्याडमिन्टन खेलको प्रवर्द्धन गर्न महत्त्वपूर्ण मञ्च प्रदान गर्ने अपेक्षा गरिएको छ भने यसले राष्ट्रियस्तरमा सिक्किमको खेलकुद सम्भावना र साङ्गठनिक क्षमतालाई पनि प्रदर्शन गर्नेछ।

सिक्किम कला, संस्कृति तथा धरोहर...

गरियो। बैठकमा कलाकार, सांस्कृतिक क्षेत्रका साधक तथा संस्थाहरूलाई सहयोग पुऱ्याउने र सिक्किमको समृद्ध सांस्कृतिक पहिचान तथा धरोहरलाई थप सुदृढ़ बनाउने विषयमा विशेष जोड़ दिइयो।

चर्चाका क्रममा बोर्डले सांस्कृतिक अभिव्यक्तिलाई प्रोत्साहन गर्ने, कलात्मक प्रतिभाको विकासमा सहयोग पुऱ्याउने तथा राज्यका विविध परम्परा र सांस्कृतिक धरोहरको संरक्षण एवं प्रवर्द्धनलाई निरन्तरता दिने प्रतिबद्धता पुनः व्यक्त गरिएको बोर्डका अध्यक्षको कार्यालयबाट जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

वरिष्ठ पत्रकार विजय बान्तवाको...

कक्षासम्मको अध्ययन पूरा गरेपछि उनले पोख्रेबुङ हाईस्कूलमा दशौँ कक्षासम्म पढ़े। त्यसपछि १९७६/७७ तिर उनी सिक्किम आए। यहीँ उनको अध्ययन, रोजगारी, साहित्यिक रुचि र पत्रकारिताको यात्रा क्रमशः अघि बढ्दै गएको हो। त्यसताका उनले सिक्किम सरकारी महाविद्यालय (हाल- नरबहादुर भण्डारी डिग्री कलेज)-मा नन-टिचिङ स्टाफका रूपमा काम शुरु गरेका थिए।

यही क्रममा पञ्जाब युनिभर्सिटीबाट करेस्पोन्डेन्स कोर्समार्फत अध्ययन अघि बढ़ाउँदै उनले बीए अनर्स पूरा गरे भने सिक्किममा ल कलेज खुलेपछि एलएलबी पनि पूरा गरेका हुन्। अङ्ग्रेजीमा स्नातकोत्तर अध्ययन भने कारणवश पूरा गरेनन्। तर, औपचारिक शिक्षाभन्दा पनि जीवनले उनलाई दिएको अर्को ठूलो शिक्षा थियो- सङ्घर्ष गर्दै अघि बढ्ने। स्व. बान्तवाले आफूपछि छोरी-ज्वाइँ परिवार र सम्पूर्ण बान्तवा परिवारलाई छोड़ेर गएका छन्।

एसडीएफद्वारा पत्रकार विजय बान्तवा र छात्रा पारुतेन्मा राईको निधनमा शोक प्रकट

गान्तोक, २८ अक्टोबरः सिक्किमको प्रजातन्त्रलाई मलजल गर्दै एउटा युग नै पत्रकारितामा समर्पित गरेका वरिष्ठ पत्रकार, कवि तथा लेखक विजय बान्तवाको निधनले एसडीएफ पार्टी स्तब्ध बनेको पार्टीले जनाएको छ। ''उनले आफ्ना व्यावसायिक जीवनमा सिक्किमे जनताका पक्षमा रहेर इमानदारीपूर्वक कार्य निष्पादन गरे। सिक्किमको शान्ति, उन्नति र समृद्धिका लागि आफ्नो गच्छेअनुसार योगदान दिए। पत्रकारिताको माध्यमबाट सिक्किमेली समाजलाई पुऱ्याउनुपर्ने सेवामा उनी कहिल्यै चुकेनन्। सत्ताको अघि उनी झुकेनन्। पत्रकारिताको महत्त्व र आदर्शलाई उच्चता प्रदान गर्दै उनले एउटा साँचो पत्रकारले समाजलाई दिनुपर्ने सेवा दिइरहे। उनले साहित्यमा कलम चलाउन पनि भ्याए''–एसडीएफ पार्टीका वरिष्ठ उपाध्यक्ष (प्रचार–प्रसार) अम्बर राईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

एकजना साँचो पत्रकारको निधन सिङ्गो समाजको निम्ति अपूरणीय क्षति रहेको एसडीएफको भनाइ छ। ''स्वर्गीय विजय बान्तवाको निधन सिक्किमे समाजको निम्ति कहिल्यै नभरिने क्षति हो। उनले आफ्ना जीवनका सारा उर्वरक समयलाई सिक्किमको निम्ति समर्पित गरेका छन्। उनको सो योगदानको उच्च मूल्याङ्कन गर्दै एडीएफ पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। उनको चिरआत्माले शान्ति प्राप्त गरोस् भनी प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक शोक समवेदना प्रकट गर्दछ। शोकाकुल परिवारजनमा यो दुःखद घड़ी सामना गर्ने क्षमता ईश्वरले प्रदान गरुन् भनी प्रार्थना गर्दछ''–विज्ञप्तिमा उल्लेख छ।

अर्कोतिर, नाम्ची जिल्लाअन्तर्गत चिया डाँड़ा, खोलाधारी निवासी बीबी राई र मिना राईकी छोरी पारुतेन्मा राईको असामयिक निधनले एसडीएफ परिवारलाई शोकाकुल बनाएको छ।

स्वर्गीय पारुतेन्मा राई तादोङ ६ माइलस्थित होलीक्रस स्कूलमा कक्षा एघारौँकी विद्यार्थी रहेकी थिइन्। उनी स्कूलमा सबैसँग मिलेर पढ्थिन्। उनी अनुशासित र मृदुभाषी थिइन्। आज उनको त्यो सुमधुर वाणी र व्यावहार सम्झना मात्र बनेको छ। छोटो जीवनमा लामो सम्झना छोड़ेर गएकी पारुतेन्माको चिरआत्माले शान्ति प्राप्त गरोस् भनी एसडीएफ पार्टीले ईश्वरप्रति प्रार्थना गरेको छ। एसडीएफ पार्टी शोकाकुल परिवारलाई यो पीड़ादायी परिस्थितिको सामना गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक शोक समवेदना व्यक्त गर्दछ। एसडीएफ पार्टी यस दुःखद घड़ीमा शोकाकुल परिवारको साथमा रहेको एसडीएफका वरिष्ठ उपाध्यक्ष (प्रचार–प्रसार) अम्बर राईले विज्ञप्तिमार्फत जनाएका छन्।

बान्तवाको निधन प्रेस क्लब अफ् सिक्किमको लागि संस्थागत क्षति: पीसीएस

गान्तोक, २८ अक्टोबर (हिस): सिक्किमेली पत्रकारिता तथा साहित्य जगतका वरिष्ठ व्यक्तित्व, 'हिमगिरी' नेपाली समाचारपत्रका सम्पादक एवं लेखक–कवि विजय बान्तवाको निधनप्रति प्रेस क्लब अफ् सिक्किम (पीसीएस) गहिरो शोक व्यक्त गरेको छ।

लामो समयदेइख उपचारकओ क्रममा रहेका बान्तवाको आज बिहान ८:३० बजी आफ्नो पैतृक थलो पोख्रेबुङनजिकै सेलेम्बुङ (दार्जीलिङ)–मा निधन भएको हो। उनको निधनले सिक्किमेली पत्रकारिता तथा साहित्य क्षेत्रमा अपूरणीय क्षति पुगेको प्रेस क्लब अफ् सिक्किमले प्रेस विज्ञप्तिमा बताएको छ।

प्रेस क्लब अफ् सिक्किमका संस्थापक महासचिव समेत रहेका बान्तवाले सिक्किममा पत्रकारिताको विकास, संस्थागत सुदृढ़ीकरण तथा नेपाली भाषा–साहित्यको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको विज्ञप्तिमा उल्लेख छ। उनको सक्रियता र योगदान प्रेस क्लबको स्थापना तथा विकाससँग अभिन्न रूपमा जोडिएको छ।

प्रेस क्लबले भनेको छ, ''पत्रकारितासँगै लेखन र कविताका क्षेत्रमा समेत विशिष्ट पहिचान बनाएका बान्तवा विभिन्न पुरस्कार तथा सम्मानबाट सम्मानित भएका थिए। उनलाई सिक्किमेली पत्रकारिता र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै प्रेस क्लब अफ् सिक्किमद्वारा २०११ मा कञ्चनजङ्घा कलम पुरस्कारद्वारा अलङ्कृत गरिएको थियो।''

उनको निधन प्रेस क्लब अफ् सिक्किमको लागि संस्थागत क्षति हो भन्दै पत्रकारिता र साहित्यका क्षेत्रमा उनले पुर्याएका योगदान तथा प्रेस क्लबको संस्थागत विकासमा निर्वाह गरेका भूमिका सदैव स्मरणीय रहने प्रेस क्लबले बताएको छ। प्रेस क्लब अफ् सिक्किमले स्वर्गीय बान्तवाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन, आफन्त तथा शुभचिन्तकहरूप्रति गहिरो समवेदना व्यक्त गरेको छ।

पारिवारिक सूत्रबाट प्राप्त जानकारीअनुसार, स्वर्गीय बान्तवाको पार्थिव शरीरको अन्त्येष्टि भोलि २९ अक्टोबरमा दिउँसो १२ बजीपछि उनकै गाउँ सेलेम्बुङमा गरिने थाहा लागेको छ।

जर्नलिस्ट युनियनद्वारा शोक व्यक्त

जर्नलिस्ट युनियन अफ् सिक्किमले वरिष्ठ पत्रकार विजय बान्तवाको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ। लामो समयदेखि क्यान्सर रोगसँग सङ्घर्ष गरिरहेका बान्तवाको बुधवार बिहान आफ्नै निवासमा निधन भएको हो।

आज जारी शोक वक्तव्यमा युनियनले उनको निधनले सिक्किमेली पत्रकारिता जगतमा अपूरणीय क्षति पुगेको जनाएको छ। सिक्किममा पत्रकारिताको विकास र प्रगतिमा उनले पुऱ्याएको महत्त्वपूर्ण योगदान सधैँ स्मरणीय रहने पनि वक्तव्यमा उल्लेख गरिएको छ।

दिवङ्गत पत्रकार बान्तवाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै युनियनले शोक सन्तप्त परिवार, आफन्त, सहकर्मी तथा शुभेच्छुकहरूप्रति हार्दिक समवेदना प्रकट गरेको छ। उनले पत्रकारिताको क्षेत्रमा छाड़ेका पदचिह्न इतिहासमा सधैँ जीवित रहने र उनका असल कार्यबाट नयाँ पुस्ताका पत्रकारहरू निरन्तर प्रेरित भइरहने युनियनले विश्वास व्यक्त गरेको छ।

राज्य स्तरीय ब्याङ्कर्स समिति, सिक्किमद्वारा गान्तोकमा बृहत् वित्तीय समावेशन परिपूर्णता शिविर शुरु

गान्तोक, २८ अक्टोबरः प्रत्येक नागरिकलाई बुनियादी ब्याङ्किङ, पेन्शन तथा बीमा सेवासँग जोड्ने भारत सरकारको निर्देश अनुरूप राष्ट्रव्यापी अभियानअन्तर्गत राज्य स्तरीय ब्याङ्कर्स समिति (एसएलबीसी), सिक्किमद्वारा गान्तोकको चिन्तन भवनमा बृहत् वित्तीय समावेशन परिपूर्णता शिविर शुरु गरिएको छ।

उद्घाटन समारोहमा राज्यका स्वास्थ्य एवं परिवार कल्याण मन्त्री जीटी ढुङ्गेल मुख्य अतिथिका रूपमा उपस्थित थिए। अन्य गणमान्य व्यक्तिहरूमा डीआईजी, सीआईडी तेन्जिङ लोदेन लेप्चा, नाबार्डका महाप्रबन्धक मनोहर लाल, आरबीआईका उप–महाप्रबन्धक सुधीर कनेकर र एसबीआईका उप–महाप्रबन्धक प्रशान्तकुमार सिंह पनि उपस्थित थिए।

कार्यक्रमको मुख्य विशेषता विशेषज्ञहरूद्वारा विषयगत सत्र रहेको थियो। सामाजिक सुरक्षा योजना विषयमाथि एसएलबीसीका सहायक महाप्रबन्धक गोपाल लामाले उपस्थित भेलालाई पीएमजेडीवाई, पीएमजेजेबीवाई, पीएमएसबीवाई र एपीआई आदि जस्ता विभिन्न योजनाको फाइदाका साथै नाम दर्ता गर्ने प्रक्रियाबारे जानकारी दिए। साइबर सुरक्षा र धोकाधड़ी रोकथाम विषयमा तेन्जिङ लोदेन लेप्चाले नागरिकहरूलाई डिजिटल तथा अनलाइन धोकाधड़ीबारे जागरूक गराउँदै साइबर अपराधको रोकथामबारे आवश्यक सुझाउ साझा गरे।

सुरक्षित ब्याङ्किङ प्रचलनको विषयमा एसबीआईका मुख्य प्रबन्धक फुर्बा शेर्पाले ब्याङ्क खातासँग आधार कार्ड जोड्ने, केवाईसी विवरण अद्यतन गर्ने र दाबी नगरिएको धन वा सम्पत्ति मार्गनको महत्त्वबारे प्रकाश पारे। कृषकहरूलाई सहयोगको विषयमा बोल्दै मनोहर लालले किसान कार्ड योजनाको (केसीसी) माध्यमद्वारा कृषकहरूले सजिलै प्राप्त गर्नसकिने साथै प्रधानमन्त्री फसल बीमा योजना (पीएमएफबीवाई) उपयोग गरी फसलको सुरक्षा गर्नसकिने जानकारी दिए। धोकाधड़ी रोकथाम तथा केवाईसी अनुपालन विषयमा सुधीर कनेकरले नागरिकहरूलाई समयमा पुनः केवाईसीका साथै सी–केवाईसी अद्यतनको महत्त्वबारे अवगत गराउँदै वित्तीय धोकाधड़ीबारो सूचित गर्ने आधिकारिक उजुरी तन्त्रको विस्तृत जानकारी दिए।

आफ्नो समापन सम्बोधनमा मुख्य अतिथि जीटी ढुङ्गेलले कार्यक्रम अति नै जानकारीमूलक रहेको उल्लेख गर्दै नागरिकहरूलाई यी सरकारी योजनाहरूमा नाम दर्ता गरी भविष्य सुरक्षित बनाउन आग्र गरे। यो अभियान ३१ दिसम्बरसम्म जारी रहनुका साथै सिक्किमको सबै १९७ जीपीयू र यूएलबी समेटिने जानकारी एसएलबीसीका एजीएमले दिए।

कार्यक्रमको समापन एसबीआईका क्षेत्रीय प्रबन्धक आलोककुमार दासको औपचारिक धन्यवाद ज्ञापनका साथ भयो। (पीआईबी)

दार्जीलिङमा सारस मेला शुरु

दार्जीलिङ, २८ सेप्टेम्बरः दार्जीलिङस्थित चौरस्तामा १० दिने सरस मेला शुरु भएको छ, जसलाई लिएर विभिन्न पक्षबाट कड़ा आलोचना गरिएको छ। धेरैले यो मेला आयोजन गर्नाका लागि छनोट गरिएको स्थानप्रति असन्तुष्टि जनाएका छन्।

पश्चिम बङ्गाल राज्य ग्रामीण जीविकोपार्जन मिशन (जुन बङ्गाल सरकारको पञ्चायत तथा ग्रामीण विकास विभागअन्तर्गत पर्दछ) र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सहकार्यमा आयोजित 'स्वयं सहायता समूह' हस्तकला मेलाको उद्घाटनमा बङ्गाल राज्यका केही मन्त्रीको उपस्थिति भए तापनि यस स्थान छनोटको विषयलाई लिएर आज तीव्र आलोचना भएको छ।

मर्निङ हेल्थ क्लबले चौरस्ता यस्ता कार्यक्रमहरू आयोजन गर्ने उपयुक्त ठाउँ नभएको अड़ान लिएको छ भने गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो)–का नेताहरूले मेला अवधिभरि चौरस्ताको 'ओपन थिएटर'–मा बनाउन लागिएको अस्थायी भीआईपी शौचालयको विरोध गरेका छन्। उनीहरूको विरोधपछि उक्त अस्थायी शौचालय बन्द गरिएको छ।

एमएचसी अध्यक्ष छिरिङ दोर्जी भोटियाले भने, ''यो मेला कुनै नयाँ कुरा होइन। गत वर्ष पनि यो आयोजन गरिएको थियो। त्यति बेला पनि मैले स्थान छनोटको विरोध गरेको थिएँ र यस विषयमा बङ्गालकी तत्कालीन मुख्यमन्त्री ममता ब्यानर्जीसँग कुरा पनि गरेको थिएँ। म सरकारलाई यो कार्यक्रम यहाँ आयोजना नगर्न आग्रह गर्दछु किनभने यो कार्यक्रम गर्नका लागि अन्य ठाउँहरू पनि उपलब्ध छन्।''

तृणमूल सरकारकै नीतिलाई भाजपा सरकारले पनि निरन्तरता दिइरहेको दाबी गर्दै भोटियाले भने, ''यो मेला करिब आधा महिनासम्म चल्छ र थप आधा महिना यसको तयारीमै बित्छ। यो एक महिनाको अवधिमा यहाँका स्थानीय बासिन्दाहरू खेल मैदानबाट वञ्चित हुन्छन्। चौरस्ता हाम्रो लागि यस्तो ठाउँ हो, जहाँ हामी शान्तपूर्वक बस्न सक्छौँ र अन्य धेरै अर्थ बोकेको छ, तर मेलाका कारण हामी यी सबै कुराबाट वञ्चित हुन्छौँ।''

उनले अझ भने, ''दार्जीलिङ आउने पर्यटकहरूका लागि पनि चौरस्ता उत्तिकै महत्त्वपूर्ण छ। उद्घाटन समारोहका बेला उनीहरूले गान्धीजीको तस्वीर अङ्कित प्लेकार्ड बोकेर चौरस्तामा शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने योजना बनाएका थिए। तर, प्रशासनको आग्रह र मन्त्रीहरूलाई ज्ञापनपत्र बुझाएर आफ्ना मागहरू राख्न सकिने आश्वासन पाएपछि उनीहरूले उक्त विरोध कार्यक्रम स्थगित गरे।''

अर्कोतर्फ, गोरामुमो नेतृ मञ्जिला तामाङले भनिन्, ''यहाँ भीआईपीका लागि बनाइँदै गरेको शौचालयबारे धेरैलाई थाहा थिएन। हामीलाई त हिजो साँझ मात्र यसको जानकारी भयो। नजिकै सार्वजनिक शौचालय हुँदाहुँदै फेरि अर्को शौचालय बनाउनुको आवश्यकता किन पऱ्यो, हामीले बुझ्न सकेनौँ।''

उनले अझ भनिन्, ''अन्य समयमा यहाँ मानिसहरू बस्छन् र बालकबालिकाहरू खेल्छन्, यस्तो ठाउँलाई उनीहरूले कसरी फोहोर बनाउन सक्छन्? यसबाहेक, यसको ठीक माथि महाकाल मन्दिर पनि छ। हामीले प्रशासनसँग कुरा गऱ्यौँ; उनीहरूले यसको प्रयोग नगर्ने आश्वासन दिए, तर हामीले उनीहरूलाई हाम्रो अगाड़ि नै यसलाई बन्द गर्न आग्रह गऱ्यौँ, जसमा उनीहरू सहमत भए। यसका लागि हामी उनीहरूप्रति आभारी छौँ। उनले स्थानीय बासिन्दाहरूलाई पनि यस्ता विषयमा सचेत रहन र यस्तै कुनै घटना भएमा त्यसको विरोध गर्न आग्रह गरिन्।''

कार्यक्रममा पञ्चायत तथा ग्रामीण विकास मन्त्री (जो कृषि तथा बजार मन्त्री पनि हुन्) दिलीप घोष उपस्थित थिए। उनीसँग राज्यमन्त्री सान्तनु प्रमाणिक र अन्य विशिष्ट व्यक्तिहरूको पनि उपस्थिति रहेको थियो।

चौरास्तालाई कार्यक्रम स्थल बनाइएकोमा भइरहेको आलोचनाबारे प्रतिक्रिया दिँदै घोषले भने, ''यस मेलाबाट सर्वसाधारण लाभान्वित हुनेछन् र यो यस्तो ठाउँमा आयोजना गरिएको छ, जहाँ पर्यटकहरू आउने गर्छन्। कोलकातामा जस्तै, जहाँ विभिन्न ठाउँमा यस्ता मेलाहरू आयोजना गरिन्छन्, यहाँ पनि यस्ता कार्यक्रम हुँदा मानिसहरू खुशी हुन्छन्।'' उनले अझ भने, ''केही राजनीतिक नेताले मात्र यस्ता विषयहरू उछाल्ने काम गर्छन्।''

सिक्किमकी प्रिस्का अधिकारी बनिन् 'जुनियर: द पोएट आइडल'-की विजेता

गान्तोक, २८ अक्टोबर (हिस): सिक्किमको सिङ्ताम–खाम्दोङकी प्रिस्का अधिकारीले काठमाडौँमा आयोजित कविता रियालिटी शो 'जुनियर: द पोएट आइडल' को उपाधि जितेकी छिन्। उनले २७ अक्टोबरमा सम्पन्न ग्राण्ड फिनालेमा उपाधि आफ्नो नाम गरेकी हुन्।

मुख्यमन्त्री पीएस गोलेले सामाजिक सञ्जालमार्फत सिङ्ताम–खाम्दोङ निवासी लक्ष्मुमण अधिकारीकी छोरी प्रिस्काले हासिल गरेको यस सफलताले उनको परिवारसँगै सम्पूर्ण सिक्किमवासीलाई गौरवान्वित तुल्याएको बताएका छन्। मुख्यमन्त्रीले प्रिस्काको प्रतिभा र समर्पण प्रशंसनीय रहेको उल्लेख गर्दै आगामी दिनमा पनि उनले आत्मविश्वासका साथ आफ्ना आकाङ्क्षा पूरा गर्दै थप सफलता हासिल गर्न सकुन् भन्ने कामना गरेका छन्। मुख्यमन्त्रीले प्रिस्काको भविष्य उज्ज्वल र सफल रहोस् भन्दै उनको आगामी यात्राका लागि शुभकामना व्यक्त गरेका छन्।



योकसममा पूर्वोत्तर राज्यका युवाहरूका लागि साहसिक शिविर तथा पदयात्रा कार्यक्रम आयोजित

गेजिङ, २८ अक्टोबर (आईपीआर): भारतका आठ पूर्वोत्तर राज्यका युवाहरूका लागि १२ दिने साहसिक शिविर तथा पदयात्रा कार्यक्रम २७ अक्टोबरदेखि गेजिङ जिल्लाको योकसममा शुरु भएको छ। भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयको तत्त्वावधानमा सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभाग र सिक्किम पर्वतारोहण तथा साहसिक संस्थानको सहकार्यमा आयोजित यस कार्यक्रममा आठ पूर्वोत्तर राज्यबाट कुल १७६ जना सहभागीले भाग लिएका छन्।

यस कार्यक्रमको उद्देश्य युवाहरूमा साहसिक खेलकुद, नेतृत्व क्षमता, शारीरिक तन्दुरुस्ती, अनुशासन र सामूहिक कार्य (टिमवर्क)–लाई प्रवर्द्धन गर्नुका साथै राष्ट्रिय एकता, अन्तरराज्य सहयोग र सांस्कृतिक आदान–प्रदानलाई बढ़ावा दिनु हो।

मङ्गलवार योकसममा आयोजित उद्घाटन समारोहमा गेजिङ जिल्लाका जिल्ला अध्यक्ष डीएस लिम्बू मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा राज्य युवा विकास बोर्डका अध्यक्ष वसन्त योञ्जन, खेलकुद तथा युवा मामिला विभागकी सचिव याङ्चेन डी. तामाङ, प्रधान मुख्य अभियन्ता मिलनकुमार प्रधान, विभागका अभियन्ता तथा अधिकारीगण, ग्राम पञ्चायत सदस्य, सिक्किम पर्वतारोहण सङ्घ तथा सिक्किम पर्वतारोहण तथा साहसिक संस्थानका प्रतिनिधि र आठ पूर्वोत्तर राज्यबाट आएका अधिकारीगण, सहयोगी तथा सहभागीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको एक हिस्साका रूपमा युनेस्को विश्व सम्पदा सूचीमा समावेश कञ्चनजङ्घा राष्ट्रिय निकुञ्जभित्र पर्ने जोङ्रीसम्मको पदयात्रा अभियानलाई बुधवार औपचारिक रूपमा झण्डा देखाएर शुरु गरियो। यस शुभारम्भ समारोहमा खेलकुद तथा युवा मामिला विभागका संयुक्त निर्देशक (मुख्यालय) सोनाम पाल्जर लेप्चा, सोही विभागको साहसिक शाखाका नोडल अधिकारी कुञ्जाङ ग्याछो भोटिया, कञ्चनजङ्घा राष्ट्रिय निकुञ्जका रेञ्ज अधिकारी तेञ्जिङ डब्ल्यू भोटिया तथा अन्य अधिकारीहरूको उपस्थिति रहेको थियो।

सहभागीहरूले जोङ्ग्रीसम्म चारदिने पदयात्रा गर्नेछन्। यस क्रममा उनीहरूले कञ्चनजङ्घा राष्ट्रिय निकुञ्जको प्राकृतिक र पारिस्थितिकीय समृद्धिबीच पदयात्रा तथा साहसिक गतिविधिहरूको प्रत्यक्ष अनुभव प्राप्त गर्नेछन्।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्सः 231265। ईमेलः himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386